# हाम्रो बुढानीलकण्ठ

## स्थानीय पाठ्यक्रम
## कक्षा १-८

# २०७६

## बुढानीलकण्ठ नगरपालिका
## काठमाडौं

## १. परिचय

नेपाल एउटा विविधताले भरिपूर्ण मुलुक हो । भौगोलिक, धार्मिक एवम् साँस्कृतिक, जातीय, भाषिक विविधता नै यस देशका प्रमुख विशेषता हुन् । यसैले विद्यालय तहमा केन्द्रबाट तयार गरी वितरित  पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई आवश्यक  ज्ञान,  सीप र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न सक्तैन भन्ने यथार्थता अनुरूप स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो । यसलाई प्राथमिक शिक्षा पाठ्यक्रम २०६२/२०६५, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३, स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन निर्देशिका २०६४ ले समेत पुष्ट्याइँ गरेको पाइन्छ । यसै सन्दर्भमा स्थानीय पाठ्यक्रम प्रारूप, २०७१ समेत प्रकाशन भई कार्यान्वयनमा आइसकेको परिप्रेक्ष्यमा यसको औचित्य प्रमाणित भएको छ। त्यसैगरी नेपालको हालको संविधानले समेत माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनमा स्थानीय तहमा अधिकार प्रत्यायोजन गरिसकेकाले पनि स्थानीय तहको अगुवाईमा स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयन गर्नु आजको आवश्यकता समेत हो ।

साधारण अर्थमा स्थानीयस्तरका विषयवस्तुहरू समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने अभिप्रायले तयार गरिएको शैक्षणिक सामग्री नै स्थानीय पाठ्यक्रम हो । यसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुहरूलाई समेट्छ र तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रम अनुरूप कक्षाकोठामा पुर्‍याउँछ । यसमा विशेष गरी स्थानीय स्तरका प्राकृतिक, साँस्कृतिक, भाषिक एवम् ऐतिहासिक विषयवस्तुका साथै पेसा, व्यवसाय र विपद् व्यवस्थापन आदि विषयहरू समावेश गर्न सकिन्छ। जसलाई स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन निर्देशिका, २०६४ ले निर्दिष्ट गरेको छ ।

हाम्रो देशमा परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ (कक्षा १-३)/२०६५(कक्षा ४-५) का अनुसार कक्षा १-५ मा सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयको ८०% पाठ्यक्रम केन्द्रले र २० % पाठ्यक्रम स्थानीय तहबाट निर्माण गर्ने प्रावधान छ र सोही अनुरूप धेरैजसो विद्यालयमा कार्यान्वयन हुँदै आएको छ। त्यसैगरी साप्ताहिक ४ पाठ्यभारको स्थानीय विषय/मातृभाषाको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने दायित्व पनि स्थानीय तह (विद्यालय, स्रोतकेन्द्र र जिल्ला) लाई दिईएको छ। यसरी हाम्रो देशको सन्दर्भमा स्थानीय तहबाट निर्माण भई कार्यान्वयन हुने उल्लेखित तिन विषयको २०% अंशको पाठ्यक्रम तथा

साप्ताहिक चार पाठ्यभार (वार्षिक १२८ घण्टी) रहेको १०० पूर्णाङ्कको स्थानीय विषय वा मातृभाषाको पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भन्ने गरिएको छ।

आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०६९ का अनुसार कक्षा ६-८ मा समेत जम्मा ८०० पूर्णाङ्क मध्ये स्थानीय विषय वा संस्कृत वा अन्य विषयको ५ पाठ्यभार र १०० पूर्णाङ्क कायम गरी १७५ बार्षिक घण्टी दिईएको छ। यस आधारमा पनि कक्षा ६-८ को पनि स्थानीय आवश्यकता अनुसार स्थानीय पाठ्यक्रम बनाउने प्रावधान रहेको छ।

नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा तयार भई २०६३ सालदेखि देशभरका विद्यालयहरूमा कार्यान्वयन हुँदै आएको प्राथमिक तहको पाठ्यक्रममा व्यवस्था भएअनुरूप कक्षा १ देखि ५ सम्मको कुल ६०० पूर्णाङ्क मध्ये १०० पूर्णाङ्क एवम् १२८ घण्टी वार्षिक पाठ्यभार रहेको स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी अध्यापन गर्नुपर्दछ । त्यसैगरी आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०६९ मा समेत जम्मा ८०० पूर्णाङ्क मध्ये स्थानीय विषय वा संस्कृत वा अन्य विषयको ५ पाठ्यभार र १०० पूर्णाङ्क कायम गरी १७५ घण्टी वार्षिक पाठ्यभारको पाठ्यक्रम निर्माण गरी अध्यापन गर्न सकिन्छ। यसै आधारमा स्थानीय विद्यालय वा स्रोत केन्द्रद्वारा सो सम्बन्धी पाठ्यक्रम निर्माण गर्नुपर्ने व्यहोरा स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६४ र वर्तमान स्थानीय त्यसैगरी पाठ्यक्रम प्रारूप २०७१ ले समेत यसलाई थप पुष्टयाइँ गरेको छ । यस शिलशिलामा काठमाडौं जिल्ला बुढानीलकण्ठ नगरपालिका अन्तर्गतका विद्यालयहरुका लागि स्थानीय पाठ्यक्रम निर्माण गर्नको लागि नगरपालिकाका प्रमुख सहित नगरकार्यपालिकाका सदस्यहरु, विद्यालयका शिक्षक शिक्षिकाहरु, स्थानीय बुद्धिजीवी तथा संघसंस्थाहरुको उपस्तिथितिमा मिति २०७५, जेठ १३ गते (२७ मे २०१८) मा आयोजना गरिएको कार्यशालामा विद्यालयहरूमा कक्षा १ देखि ८ सम्मको स्थानीय विषयका लागि यसै क्षेत्रको प्राकृतिक, ऐतिहासिक तथा साँस्कृतिक, आर्थिक र सामाजिक मूल्य मान्यता तथा योग व्यायामको बारेमा आधारभूत तहका बालबालिकाहरूलाई परिचित गराउन वाञ्छनीय रहेको निष्कर्ष निकालिएको थियो । त्यसै अनुरूप स्थानीय विषय विज्ञहरु तथा मुख्य सरोकारवालाहरूको चरणवद्धरुपमा लेखन, छलफल र अन्तरक्रियाबाट यो पाठ्यक्रमको निर्माण गरिएको हो । यो पाठ्यक्रम शैक्षिक सत्र २०७६ देखि कक्षा १-८ सम्म लागू हुनेछ ।

## २. विषय क्षेत्र

प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (परिमार्जित २०६५), आधारभूत तह (कक्षा ६-८) पाठ्यक्रम २०६९ तथा स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६४ र स्थानीय पाठ्यक्रम प्रारूप २०७१ मा रहेको प्रावधान अनुरूप यो पाठ्यक्रम निर्माण गरिएको हो । यस पाठ्यक्रमले मुलभूत रूपमा बुढानीलकण्ठ नगरपालिका क्षेत्रको सेरोफेरोलाई समेट्ने प्रयास गरेको छ । स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई आफ्नो सामाजिक तथा वातावरणीय परिवेशबारे ज्ञान सीप प्रदान गर्ने यसको मुख्य अभिप्राय रहेको छ । पाठ्यक्रमले यस क्षेत्रको प्राकृतिक, सामाजिक, ऐतिहासिक, साँस्कृतिक तथा आर्थिक पक्षलाई प्रविष्ट गरेको छ र यहाँको प्राकृतिक तथा साँस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धनलाई महत्व दिएको छ ।

## ३. पाठ्यक्रमको औचित्य

मानव सभ्यता र विकासका लागि स्थानीय तहबाट नै जागरुकता आउनुपर्दछ । संसारमा सबै प्रकारका विकास र सुधारका कार्यहरू मानवबाट नै सम्भव भएका छन् । मानिसले सर्वप्रथम आफ्नो गाँउ, समुदायको पहिचान गर्नुपर्दछ । त्यहाँ भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकार हुनुपर्दछ । आफू र आफ्नो क्षेत्रबाट सुधारको पहल गरेर मात्र व्यापक क्षेत्रमा पुग्न सकिन्छ ।

यस पाठ्यक्रमले यस क्षेत्रको विशिष्ट पहिचान दिन्छ । आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाँउ, समाज र जिल्लाको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नेछन् र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्वका स्थलहरू, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संवर्द्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक बिपत्तीहरूका बारेमा समेत पहिचान गर्नेछन् । स्थानीय क्षेत्रमा प्रचलित पेसा व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्नेछन् । यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्दछ । यसबाट बालबालिकाहरूले सामाजिक मूल्यमान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुशरण गर्नेछन् । यो पाठ्यक्रमको कार्यान्वयनले भावी सामाजिक तथा वातावरणीय विकासका धरोहर आजका

बालबालिकाहरूलाई स्थानीय परिवेशको सर्वाङ्गिण पक्षको पहिचान गराई सोको संरक्षण तथा सुधारमा सहयोग र सक्रिय सहभागिता बढाउनका साथै स्वावलम्बनको धारणा समेत प्रदान गर्नेछ । भविष्यमा स्थानीय क्षेत्रको विकासका निम्ति नयाँ सम्भावनाहरू पहिल्याउने अवसर दिनेछ । सामाजिक सहिष्णुता र मेलमिलापको वातावरण विकास गरी दिगो विकासका लागि सामाजिक ऐक्यबद्धताको सन्देश प्रवाह गर्दै पेसा व्यवसायको लागि गाँउ छोड्ने प्रवृत्तिलाई निरुत्साहित गर्नेछ ।

## ४. तहगत सक्षमता

### कक्षा १-५

क) स्थानीय स्तरमा पाइने वनस्पति तथा पशुपंक्षीको (जैबिक विविधता) पहिचान

ख) यस क्षेत्रमा रहेका नदीनाला, तालकुण्ड, हिमाल, खनिज पदार्थ आदिको परिचय

ग) स्थानीय क्षेत्रका प्राकृतिक तथा मानवजन्य बिपत्तीहरूको पहिचान र सोबाट होसीयारी

घ) यस क्षेत्रका प्रचलित चाडपर्व र संस्कृतिको पहिचान

ङ) स्थानीय ऐतिहासिक स्थलहरूको परिचय

च) असल सामाजिक मूल्यमान्यताको अनुशरण

छ) स्थानीय पेसा, व्यवसाय र आर्थिक क्रियाकलापहरूको पहिचान

ज) योग व्यायाम र खेलकुद सम्बन्धी परिचय

### कक्षा ६-८

क) स्थानीय स्तरमा पाइने वनस्पति तथा पशुपंक्षीको (जैबिक विविधता) पहिचान र संरक्षण

ख) यस क्षेत्रमा रहेका नदीनाला, तालकुण्ड, हिमाल, खनिज पदार्थ आदिको परिचय, महत्व र संरक्षण

ग) स्थानीय क्षेत्रका प्राकृतिक तथा मानवजन्य बिपत्तीहरूको पहिचान र सोबाट बच्न

घ) यस क्षेत्रका प्रचलित चाडपर्व र संस्कृतिको पहिचान

ङ) स्थानीय ऐतिहासिक स्थलहरूको परिचय, महत्व र संरक्षण

च) असल सामाजिक मूल्यमान्यताको अनुशरण र सकरात्मक व्यवहार

छ) स्थानीय पेसा, व्यवसाय र आर्थिक क्रियाकलापहरूको परिचय, फाईदा र चुनौती

ज) योग व्यायाम र खेलकुद सम्बन्धी परिचय र अभ्यास

## ५. विषयवस्तुको छनौट

क) स्थानीय वातावरणमा पाइने वनस्पति, जडीबुटी र पशुपंक्षीहरू, प्रदुषण, फोहोरमैला व्यवस्थापन, उर्जा, जलवायु परिवर्तन

ख) यस क्षेत्रको सेरोफेरोमा रहेका नदीनाला, तालकुण्ड, हिमाल र खनीज पदार्थ

ग) भूकम्प, बाढी, पहिरो, आगजनी, चट्याङ, हुरी, बतास र सडक दुर्घटना

घ) स्थानीय स्तरमा प्रचलित भाषा, चाडपर्व, धर्मसंस्कृति, रीतिरिवाज र भेषभुषा

ङ) यस क्षेत्रमा रहेका मठ, मन्दिर, गुम्बा, चर्च र अन्य धार्मिक सम्पदाहरू

च) सामाजिक मूल्यमान्यता र सकरात्मक व्यवहार

छ) स्थानीय क्षेत्रमा प्रचलित पेसा, व्यवसाय, उद्योगधन्दा तथा आयआर्जनका क्रियाकलापहरू (पशुपालन, खेतीपाती, जडीबुटी खेती, हस्तकला, होटल व्यवसाय, पर्यटन आदि)

ज) स्थानीय क्षेत्रमा परमपरागत रुपमा खेलिने खेलहरु र योग व्यायामहरु

## ६. विषय क्षेत्र र क्रम

### कक्षा १-५

| विषय क्षेत्र | विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| **स्थानीय वातावरण र जैविक विविधता** | **वातावरणको परिचय** | • आफ्नो वरिपरी भएका सजीव र निर्जीव वस्तुहरु | • वातावरणको परिचय<br>• वातावरणबाट हुने फाईदाहरु | • स्वच्छ वातावरणको परिचय र फाईदाहरु | • वातावरणका तत्वहरु -जैविक, अजैविक, सामाजिक र आर्थिक) | • मानव निर्मित र प्राकृतिक वातावरणको परिचय |
| | **भौगोलिक अवस्था** | • आफू बसेको ठाउँको नाम र ठेगाना<br>• आफ्नो वरपरको सडक र बाटोको नाम | • आफू बसेको ठाउँको भौगोलिक अवस्था<br>• आफ्नो ठाउँमा आउने बाटाहरुको पहिचान | • आफू बसेको ठाउँको नक्सा<br>• आफ्नो ठाउँको भौगोलिक अवस्थाको जानकारी | • आफ्नो ठाउँको भू बनोट | • आफ्नो वडाको जानकारी<br>• नगरपालिकाको जानकारी |
| | **जैविक विविधता** | • घरपालुवा जनावरहरुको नाम<br>• वन्यजन्तुहरुको नाम | • स्थानीय क्षेत्रमा पाईने घरपालुवा तथा वन्यजन्तुहरुको जानकारी | • स्थानीय बोटविरुवाहरुको जानकारी | • स्थानीय बोटविरुवाहरुको महत्व | • स्थानीय क्षेत्रमा पाईने चराहरुको सूची |
| | **जलस्रोत** | • पानीका स्रोतहरु | • स्थानीय क्षेत्रमा उपलब्ध पानीका स्रोतहरु र पानीको उपयोग | • पानीका स्रोतहरु फोहोर हुने कारणहरु | • पानीको स्रोत संरक्षणका उपायहरु | • पानी शुद्धिकरणका उपायहरु |
| | **वातावरण प्रदुषण** | | | | • स्थानीय वातावरण प्रदुषणको परिचय | • स्थानीय वातावरण प्रदुषणका प्रकारहरु -जल, वायु, ध्वनि, जमीन) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **फोहोरमैला व्यवस्थापन** | ● फोहोरमैलाको परिचय | ● व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपारिको वातावरणको सरसफाई | ● फोहोरमैलाको प्रकार ( कुहिने नकुहिने) | ● फोहोरमैलाको वर्गिकरण(ठोस तरल) | ● फोहोरमैलाको असर |
| **प्रकोप तथा विपद् व्यवस्थापन** | **प्रकोप तथा विपद्को परिचय, वर्गीकरण र बच्ने उपायहरु** | ● विभिन्न प्रकोप र विपत्तहरुको नाम | ● स्थानीय क्षेत्रमा भएका तथा हुनसक्ने प्रकोप/विपद्को पहिचान | ● प्राकृति तथा मानवीय कारण हुने विपत्तिहरु<br>● सवारी दुर्घटनाका कारणहरु | ● चट्याङ, हावाहुरी, आगलागी,घर आगलागीको परिचय<br>● सवारी दुर्घटनाका असरहरु | ● भूक्षय, पहिरो, बाढी तथा डुबानको परिचय तथा कारणहरुको पहिचान<br>● सवारी दुर्घटनाबाट बच्ने उपायहरु |
| **धार्मिक, सांस्कृतिक, ऐतिहासिक र भाषिक सम्पदा** | **स्थानीय साँस्कृतिक सम्पदा, भाषा, धर्म, रितीरिवाजको पहिचान स्थानीय परम्परागत बाजाको पहिचान र महत्व** | ● स्थानीय जातजातीको नाम<br>● स्थानीय साँस्कृतिक, धार्मिक ठाउँको नाम | ● स्थानीय जातजातीको आदिम पेशा र व्यवसाय पहिचान<br>● स्थानीय साँस्कृतिक धार्मिक ठाउँहरुको सूची र सामान्य परिचय<br>● परम्परागत बाजाको समान्य परिचय | ● स्थानीय क्षेत्रमा बोलिने भाषा<br>● स्थानीय साँस्कृतिक, धार्मिक ठाउँहरु<br>● पर्व तथा अवसर विशेषमा बजाइने परम्परागत बाजाहरु | ● स्थानीय क्षेत्रमा बोलिने भाषाको परिचय<br>● स्थानीय ऐतिहासिक स्थलको परिचय<br>● स्थानीय क्षेत्रका परम्परागत बाजाको महत्व | ● स्थानीय भाषा र ऐतिहासिक स्थलको महत्व<br>● परम्परागत बाजा बजाउने अभ्यास |
| **सामाजिक मुल्य मान्यता र सकारात्मक व्यवहार** | **साथी, घरपरिवार, शिक्षक, छिमेकी पहिचान र आदर सत्कार समाजको अवधारणा र सामाजिक कुरितीहरु** | ● साथी र गुरुहरुसँग घुलमिल | ● साथी, गुरुहरु, परिवारका सदस्यहरु र छिमेकी बालबालिकासँग घुलमिल र आदर सत्कार | ● साथी, गुरुहरु, परिवारका सदस्यहरु र छरछिमेकीसँग मित्रवत व्यवहार र आदर सत्कार | ● स्थानीय समुदाय र समाजको परिचय<br>● टोल, वडाको परिचय | ● स्थानीय समुदाय र समाज बनोटको परिचय<br>● टोल, वडा, संघ संस्था आदिको आवश्यकता र महत्व |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | ● सामाजिक कुरितीहरुको पहिचान |
| **स्थानीय पेशा, व्यवसाय र आर्थिक क्रियाकलाप** | **कृषि** | ● कृषि र बालीनालीको नाम | ● कृषि पेशामा बालीनालीको प्रकारको सूची | ● कृषि उत्पादनको परिचय | ● कृषि उत्पादनको सामान्य फाइदाहरु | ● कृषि उत्पादनका सामान्य बिधिहरु |
| | **ब्यापार** | ● बिभिन्न व्यवसायको नाम | ● आफ्नो वरीपरी भएका बिभिन्न पेशा व्यवसायको पहिचान | ● स्थानीय समाजमा गरिने पेशा र ब्यवसायको सूची | ● पेशा र ब्यवसायको परिचय | ● ब्यापार, पेशा र ब्यवसायको फाइदाहरु |
| | **उद्योग** | ● घर परिवारका सदस्यहरुले गर्ने काम | ● स्थानीय क्षेत्रमा भएका उद्योगहरुको नाम | ● स्थानीय उद्योग र उत्पादित बस्तुहरु | ● उद्योगको परिचय र बर्गीकरण | ● उद्योगका फाइदाहरु |
| | **पर्यटन** | ● पर्यटकीय ठाउँहरुको नाम | ● पर्यटकिय क्षेत्रहरुको सूची | ● पर्यटकिय क्षेत्रहरुको परिचय | ● पर्यटकिय क्षेत्रहरुको बर्गिकरण | ● पर्यटकीय क्षेत्रहरुको विस्तृत परिचय |
| **खेलकुद र शारिरीक सुस्वास्थ्य** | **योग, ध्यान र स्थानीय स्तरमा खेलिने खेलहरुको परिचय** | ● योग ध्यानको प्रारम्भिक अभ्यास | ● योग ध्यानको प्रारम्भिक अभ्यास | ● स्थानीय क्षेत्रमा खेलिने खेलहरुको सूची<br>● योग ध्यानको प्रारम्भिक अभ्यास | ● स्थानीय क्षेत्रमा चाडपर्व, मेलाजात्रामा खेलिने खेलहरु<br>● योग ध्यानको परिचय, (श्वास प्रश्वास) | ● स्थानीय क्षेत्रमा चाडपर्व, मेलाजात्रामा खेलिने खेलको महत्व<br>● योग ध्यानका फाइदा |

**कक्षा ६-८**

| **विषय क्षेत्र** | **विषयवस्तु** | **कक्षा ६** | **कक्षा ७** | **कक्षा ८** |
|---|---|---|---|---|
| **स्थानीय वातावरण र जैविक विविधता** | **वातावरणको परिचय** | • वातावरण र मानव बिचको अन्तरसम्बन्ध | • वातावरण र मानव बिचको सम्बन्ध राख्न आवश्यक प्रक्रियाहरु<br>• बुढानीलकण्ठ नगरपालिकामा वातावरण विनासका कारणहरु | • बुढानीलकण्ठ नगरपालिका क्षेत्रमा वातावरण विनासका कारणहरु<br>• बुडानिलकण्ठ नगरपालिका क्षेत्रमा वातावरण बिनास न्यूनीकरणका उपायहरु |
| | **भौगोलिक अवस्था** | • बुढानीलकण्ठ नगरपालिकाको नक्सा | • बुढानीलकण्ठ नगरपालिकाको नक्सामा महत्वपूर्ण ठाउँहरु | • बुढानीलकण्ठ नगरपालिकाको भौगोलिक अवस्थिती (Longitude and latitude)<br>• संकेत सहितको नक्सा र ठाउँहरु (legend) सहित |
| | **जैविक विविधता** | • स्थानीय क्षेत्रमा पाईने चराहरुको संरक्षणको अवस्था<br>• वनका प्रकार, परिचय र महत्व -निजी वन, कबुलियती, धार्मिक, सामुदायिक, राष्ट्रिय वन–राष्ट्रिय निकुञ्ज) | • स्थानीय क्षेत्रमा पाईने वन्यजन्तुको संरक्षणको अवस्था<br>• सामुदायिक वनको परिचय, फाईदा र स्थानीय क्षेत्रमा रहेका सामुदायिक वनका नाम र परिचय | • आफ्नो क्षेत्रमा पाईने महत्वपूर्ण वन्यजन्तुहरुको जानकारी<br>• शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको परिचय<br>• निकुञ्जको जैविक बिविधता<br>• राष्ट्रिय निकुञ्जबाट हुने फाइदाहरु<br>• राष्ट्रिय निकुञ्जको संरक्षणमा विद्यार्थी तथा स्थानीयको भूमिका |
| | **जलस्रोत** | • जलस्रोत संरक्षण तथा व्यवस्थापनको परिचय र महत्व | • जलस्रोत संरक्षण तथा व्यवस्थापनका उपायहरु | • जलस्रोत संरक्षण तथा व्यवस्थापनका प्रक्रिया (खानेपानी) |

| | | | | |
|---|---|---|---|---|
| | **खनिज** | • खनिजको परिचय र स्थानीय क्षेत्रमा पाईने खनिजहरुको नाम | • स्थानीय खनिजको महत्व | • खनिज ह्रास हुनका कारण र संरक्षणका उपायहरु तथा संरक्षणमा स्थानीयको भूमिका |
| | **वातावरण प्रदुषण** | • स्थानीय वातावरण प्रदुषणका कारण र असरहरु -जल, वायु, ध्वनि, जमीन) | • स्थानीय वातावरणमा प्रदुषण न्यूनीकरणका उपायहरु-जल, वायु, ध्वनि, जमीन<br>• स्थानीय वातावरण प्रदुषणको न्यूनीकरणमा स्थानीय समुदाय, व्यक्ति तथा संघसंस्थाहरु | • स्थानीय वातावरण प्रदुषण र जलवायु परिवर्तन<br>• जलवायु परिवर्तनले स्थानीय क्षेत्रमा पारेको असरहरु र तिनको प्रभाव न्यूनिकरण र अनुकुलताका लागि स्थानीय स्तरमा उपायहरु |
| | **फोहोरमैला व्यवस्थापन** | • फोहोरमैला व्यवस्थापनको परिचय घटाउने, पुन प्रयोग, प्रसोधन (3R+) | • कम्पोष्टिङ (गड्यौले मल बनाउने, बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रिया | • फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, व्यक्ति तथा संघसस्थाको भूमिका तथा प्रक्रिया |
| **प्रकोप तथा विपद् व्यवस्थापन** | **प्रकोप तथा विपद्को परिचय, वर्गीकरण, बच्ने उपायहरु र व्यवस्थापन** | • विभिन्न प्रकृतिक विपद्हरुका रोकथाम तथा क्षति न्यूनिकरण गर्ने उपायहरु<br>• सवारी दुर्घटनाबारे जानकारी | • विभिन्न मानवीय क्रियाकलापद्वारा हुने विपद्हरुको रोकथाम, क्षति न्यूनीकरण गर्ने उपायहरु<br>• सहरी सुरक्षा व्यवस्थापनको बारेमा परिचय । | • प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनको योजना निर्माण<br>• सहरी सुरक्षाको व्यवस्थापनमा योजना निर्माण |
| **धार्मिक, सांस्कृतिक, ऐतिहासिक र भाषिक सम्पदा** | **स्थानीय साँस्कृतिक सम्पदाको पहिचान**<br>**स्थानीय परम्परागत बाजाको पहिचान र महत्व** | • स्थानीय साँस्कृतिक ऐतिहासिक, पुरातात्विक तथा धार्मिक मठ मन्दिर, गुम्बा,चर्च, मस्जिदको परिचय<br>• काठमाण्डौ उपत्यकाको विश्व सम्पदाको सूचि<br>• परम्परागत बाजाको उपयोगिता | • स्थानीय साँस्कृतिक ऐतिहासिक, पुरातात्विक तथा धार्मिक मठ मन्दिर, गुम्बा,चर्च, मस्जिदको संरक्षण<br>• काठमाण्डौ उपत्यकाको विश्व सम्पदाको परिचय<br>• परम्परागत बाजाको संरक्षण | • सम्पदाहरुको संरक्षण र प्रवर्धन<br>• विभिन्न बाजाहरुको संरक्षण र प्रवर्द्धन |

| | | | | |
|---|---|---|---|---|
| **सामाजिक मुल्य मान्यता र सकारात्मक व्यवहार** | **समाजको अवधारणा र सामाजिक कुरितीहरु** | • बाल विवाह, बहु विवाह<br>• आर्थिक विभेद - धनी गरीबको भिन्नता), लैङ्गीक विभेद, जातिय विभेद, सामाजिक विभेद<br>• सामाजिक कुरिती, विभेद विरुद्ध स्थानीय क्षेत्रमा गर्न सकिने कार्यहरु<br>• स्थानीय क्षेत्रमा हुने धुम्रपान, मद्यपान, लागु औषध जस्ता दूर्व्यसनीको नियन्त्रणका उपाय | • बाल विवाह तथा बहु विवाहको असर<br>• आर्थिक विभेद - धनी गरीबको विभेद<br>• लैङ्गीक विभेद, जातिय विभेद सामाजिक विभेदको असर<br>• स्थानीय क्षेत्रमा हुने धुम्रपान, मद्यपान, लागु औषध जस्ता दूर्व्यसनीको नियन्त्रणबाट हुने उपलब्धि | • सामाजिक विभेद र कुरीति सम्बन्धि कानूनी प्रावधान<br>• सामाजिक कुरितीहरु विरुद्ध स्थानीय क्षेत्रमा गर्न सकिने कार्यक्रमहरु ( घरदैलो, सचेतना, पोष्टरिङ्ग, -याली, सडक नाटक आदि)<br>• टोल, वडा, संघ संस्था आदिबारे जनचेतना फैलाउन तथा वातावरण संरक्षणमा व्यक्ति र समाजको भूमिका |
| **स्थानीय पेशा, व्यवसाय र आर्थिक क्रियाकलाप** | **कृषि** | • कृषिको पेशाको व्यवसायिक परिचय | • कृषि व्यवसायका चुनौतीहरु | • कृषिको महत्व र योगदान |
| | **ब्यापार** | • ब्यापार, पेशा र व्यवसायको महत्व | • ब्यापार, पेशा र व्यवसायको बजार व्यवस्थापन | • ब्यापारको महत्व र योगदान |
| | **उद्योग** | • उद्योगको महत्व | • उद्योगका चुनौतिहरु | • स्थानीय क्षेत्रमा उद्योगको आर्थिक योगदान |
| | **पर्यटन** | • पर्यटकिय क्षेत्रहरुको महत्व | • पर्यटकिय क्षेत्रहरुको संरक्षणमा हाम्रो भूमिका | • पर्यटकीय क्षेत्रको संरक्षण र प्रबर्द्धन |
| **खेलकुद र शारिरीक सुस्वास्थ्य** | **योग, ध्यानको परिचय र अभ्यास** | • विभिन्न प्रकारका योग तथा अभ्यास विधिहरु | • स्थानीय क्षेत्रमा भएका योग ध्यान केन्द्रको परिचय | • योग ध्यानलाई दैनिक जीवनमा प्रयोग<br>• योग ध्यानबाट स्वास्थ्यमा पर्ने सकरात्मक प्रभाव |

# ७. विषयवस्तुको विस्तृतीकरण

यस विषयमा कक्षागत रूपमा बालबालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धीहरूलाई प्रस्तुत गरिएको छ । क्षेत्रगत विषयवस्तुको विस्तृतीकरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**कक्षा १**

| क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|
| **स्थानीय वातावरण र जैविक विविधता** | **वातावरणको परिचय** | ● आफ्नो वरिपरी भएका सजीव र निर्जीव वस्तुहरु चिन्न | ● आफ्नो घर तथा विद्यालय वरपर पाईने सजीव वस्तुहरुको नाम<br>● आफ्नो घर तथा विद्यालय वरपर पाईने निर्जीव वस्तुहरुको नाम | ● विद्यालयबाट वरपर देखिने विभिन्न सजीव वस्तुहरु जस्तैः मान्छे, पशुपंक्षी, बोटविरुवा आदि प्रतक्ष्य देखाई वा फोटो देखाई तिनीहरुको नाम बताईदिने ।<br>● विद्यालयबाट वरपर देखिने विभिन्न सजीव वस्तुहरु जस्तैः ढुंगा, माटो, घर, गाडी आदि प्रतक्ष्य देखाई वा फोटो देखाई तिनीहरुको नाम बताईदिने ।<br>● सास फेर्ने र नफेर्ने वस्तुहरु चिनाउने । | ● आफ्नो घरमा भएका वा पालेका सजीव वस्तुहरुको नाम सोध्ने ।<br>● आफ्नो घरमा भएका निर्जीव वस्तुहरुको नाम सोध्ने ।<br>● विभिन्न फोटो देखाई सजिव र निर्जीव वस्तु चिन्न लगाउने<br>● बहु बैकल्पिक प्रश्न गर्ने | ७ |
| | **भौगोलिक अवस्था** | ● आफू बसेको ठाउँको नाम र ठेगाना बताउन<br>● आफ्नो वरपरको सडक र बाटोको नाम बताउन | ● आफू बस्ने ठाउँको नाम र ठेगाना<br>● आफ्नो घर विद्यालय नजिकको बाटोको परिचय | ● विद्यार्थीहरुलाई आफ्नो विद्यालय भएको ठाउँको नाम र ठेगाना बताईदिने र भन्न सिकाउने ।<br>● विद्यार्थीहरुलाई आफ्नो घर भएको ठाउँको नाम र ठेगाना बताईदिने र भन्न सिकाउने ।<br>● विद्यालय नजिकको सडक, गोरेटो चिनाउने । | ● आफ्नो घर भएको ठाउँको नाम र ठेगाना सोध्ने ।<br>● विद्यालयको नाम र ठेगाना सोध्ने ।<br>● विद्यालय नजिकको बाटोको सोध्ने ।<br>● चित्र देखाई बाटो छ छैन् पत्ता लगाउन लगाउने । | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **जैविक विविधता** | ● घरपालुवा जनावरहरुको नाम बताउन<br>● वन्यजन्तुहरुको नाम बताउन | ● स्थानीय क्षेत्रमा पालिने घरपालुवा जिवजन्तुको नाम<br>● स्थानीय ठाउँमा वा वनमा पाईने जिवजन्तुको नाम | ● विद्यालय नजिकैको कुनै घर वा कृषि फर्ममा लगेर त्यहाँ भएका जीवजनावर तथा चराचुरुङ्गीहरुको नाम बताईदिने ।<br>● स्थानीय क्षेत्रमा पालिने विभिन्न जनावरहरुको फोटो देखाई नाम बताईदिने ।<br>● स्थानीय क्षेत्रमा पाईने विभिन्न जनावरहरुको फोटो देखाई नाम बताईदिने । जस्तैः स्याल, बँदेल, चितुवा, काग, गिद्ध, रुपी आदि । | ● आफ्नो घर वा नजिकको घरमा पालिएका जीव जनावरहरुको नाम सोध्ने ।<br>● विभिन्न वन्यजन्तुहरुको फोटो देखाई चिन्न लगाउने ।<br>● फोटोहरु मार्फत बहुबैकल्पिक प्रश्नहरु गर्ने । | **८** |
| | **जलस्रोत** | ● पानीका स्रोतहरुको नाम बताउन | ● स्थानीय क्षेत्रमा भएका पानीका विभिन्न स्रोतहरुको नाम | ● स्थानीय क्षेत्रमा भएका विभिन्न पानीका स्रोतहरुको जस्तैः धारा, कुवा, इनार, खोला, खोल्सा आदि । फोटो देखाई तिनीहरुको नाम बताईदिने र चिनाईदिने ।<br>● विद्यार्थीहरुलाई नजिकको पानीको स्रोतमा अवलोकन भ्रमण गराई त्यसबारे बताईदिने । | ● पानीका स्रोतहरुको नाम सोध्ने ।<br>● चित्र/फोटो देखाई स्रोतको नाम चिन्न र भन्न लगाउने ।<br>● पानीका स्रोतहरुको चित्र बनाउन लगाउने । | **६** |
| | **फोहोरमैला व्यवस्थापन** | ● फोहोरमैलाको परिचय दिन | ● फोहर कसीङ्गरको परिचय<br>● सरसफाई | ● फोहर र सफा वातावरणको चित्र देखाइ सरसफाईको बारेमा वताइदिने ।<br>● कक्षाकोठामा राखिएका डस्टवीनहरुमा कागजका टुक्राहरु राख्न लगाउने ।<br>● खाना खानुअगाडी र खाईसकेपछी हात धुन सिकाउने । | ● चित्रहरु देखाई सफा र फोहोर वातावरण छुट्याउन लगाउने ।<br>● विद्यार्थीहरुको दैनिक क्रियाकलाप अवलोकन गर्ने ।<br>● पालैपालो हात धुन लगाउने । | **७** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **प्रकोप तथा विपद् व्यवस्थापन** | **प्रकोप तथा विपद्को परिचय** | • विभिन्न प्रकोप र विपद्हरुको नाम बताउन | • आगलागी, सडक दुर्घटना, वाढी, पहिरो, भुकम्प लगायतको नाम | • विभिन्न पत्रपत्रीकाहरु तथा पोष्टहरुमा प्रकाशित भएका आगलागी, सडक दुर्घटना, वाढी, पहिरो, भुकम्प सम्बन्धीका चित्रहरु प्रर्दशन गर्ने र चिनाउने ।<br>• विद्यार्थीहरुलाई विद्यालय नजिकैको पहिरोको अवलोकन गराउने ।<br>• प्रकोप सम्बन्धी भिडियो देखाउने । | • फोटोहरु देखाई प्रकोपका नामहरु भन्न लगाउने ।<br>• विपत्तिका नाम सम्बन्धित फोटोहरु सित जोडा मिलाउन लगाउने । | **१०** |
| **धार्मिक, साँस्कृतिक, ऐतिहासिक र भाषिक सम्पदा** | **स्थानीय साँस्कृतिक सम्पदाको पहिचान** | • स्थानीय जातजातीको नाम बताउन<br>• स्थानीय साँस्कृतिक, धार्मिक ठाउँको नाम बताउन | • स्थानीय जातजाती र भाषाबारे जानकारी(भाषाहरु : नेवारी, तामाङ, गुरुङ अन्य)<br>• स्थानीय साँस्कृतिक ऐतिहासिक, पुरातात्विक तथा धार्मिक मठ मन्दिर, गुम्बा,चर्च, मस्जिदको पहिचान | • विद्यार्थीहरुलाई कक्षामा भएका साथीहरुको र आफ्नै नाम थर सहित पालैपालो भन्न लगाउने ।<br>• स्थानीय मठमन्दिर, गुम्बा, चर्च, मस्जिदको फोटो देखाई नाम बताईदिने ।<br>• विद्यालय नजिकको मठमन्दिर, गुम्बा, चर्च, मस्जिदको अवलोकन भ्रमण गराई त्यसको परिचय दिने । जस्तैः मन्दिर : ब'ढानीलकण्ठ, भद्रकाली, लक्ष्मी देवता, कृष्ण मन्दिर, राम मन्दिर, बालकुमारी, पञ्चकुमारी स्तुपा, शिव मन्दिर, गणेश मन्दिर, बंगलामुखी,नैनीस्थान<br>• गुम्बा : फलारी, स्याल्पा, कपन, मुक्ति, आनी, नागी, पुलहरि,दोर्जे | • आफ्नो साथीहरुको नाम थर बताउन लगाउने ।<br>• आफ्नो घरवरपर रहेको मन्दिर तथा धार्मिक स्थलको नाम बताउन लगाउने ।<br>• फोटो देखाइ विभिन्न बाजाहरु चिन्न लगाउने ।<br>• साँस्कृतिक सम्पदा र ठाउँहरुको जोडा मिलाउन लगाउने । | **२८** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● स्थानीय बाजाहरुको नक्सा वा फोटो देखाइ चिन्न लगाउने । जस्तैः धिमे, मादल, बाँसुरी आदि । | | |
| **सामाजिक मुल्य मान्यता र सकारात्मक व्यवहार** | **आदर सत्कार** | ● साथी र गुरुहरुसँग घुलमिल हुन | ● चिनजान गर्न, नमस्कार गर्न समूहमा मिलेर बस्न | ● विद्यार्थीहरु बिच नमस्कार गर्न सिकाइ एक आपसमा परिचय गर्न लगाउने ।<br>● समूहमा बस्न लगाउने ।<br>● आफूभन्दा ठूला मानिस र साथीहरुसँग बोल्दा तपाई, हजुर जस्ता आदरार्थी शब्दहरु प्रयोग गर्न सिकाउने । | ● दैनिक क्रियाकलापको अवलोकन गर्ने ।<br>● आदरार्थी शब्दहरु प्रयोग गरी आफ्नो साथीको, गुरुको नाम भन्न लगाउने ।<br>● घरका सदस्यहरुको नाम भन्न लगाउने । | २० |
| **स्थानीय पेशा, व्यवसाय र आर्थिक क्रियाकलाप** | **कृषि** | ● विभन्न कृषि सम्बन्धि बालीनालीको नाम बताउन | ● तरकारीबाली, अन्नबाली, पशुपालन कौसी खेति | ● स्थानीय स्तरमा उत्पादित कृषिजन्य वस्तुहरु ल्याइ प्रदर्शन गर्ने वा फोटोहरु देखाउने । जस्तैः सागसब्जी, धान, मकै, गाईभैंसीको दुध आदि ।<br>● विद्यालय परिसर वा नजिकको तरकारी खेती वा अन्य कुनै खेती भएको क्षेत्रमा अवलोकन भ्रमण गराई त्यहाँ उत्पादन हुने वस्तुहरुको बारेमा बताईदिने । | ● वरीपरी रहेका बालीनालीको चित्र देखाई के हो भनि सोध्ने ।<br>● स्थानीय स्तरमा उपलब्ध हुने बस्तुहरु सोध्ने तरकारीहरुको नाम सोध्ने ।<br>● आफ्नो घरको बारी वा नजिकको बारीमा कुन कुन तरकारीहरु उतपादन हुन्छन् सोध्ने । | ७ |
| | **ब्यापार** | ● बिभिन्न व्यवसायको नाम बताउन | ● किराना पसल, होटल, कपडा, स्टेसनरी, औषधि व्यवसाय, इ व्यवसाय लगायत अन्य व्यवसाय | ● स्थानीय क्षेत्रमा भएका विभिन्न ब्यापारीक क्षेत्रहरुको चित्र संकलन गरि प्रदर्शन गर्ने र चित्र हेरेर पसलको प्रकार चिन्न सिकाउने । | ● विद्यालय नजिक भएका विभिन्न पसल, व्यवसायहरुको नाम सोध्ने । | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● नजिकको बजार भ्रमण गराई त्यहाँ भएका विभिन्न पसलहरु देखाईदिने । जस्तैः कपडा, किराना, औषधि, होटल, रेष्टुरेन्ट, साइवर आदि । | ● आफ्नो घर वरिपरी वा आफ्नो घरमा भएको पसल के सम्बन्धी हो सोध्ने ।<br>● विभिन्न चित्रहरु देखाई पसलको प्रकार चिन्न लगाउने । | |
| | **उद्योग** | ● घरपरीवारका सदस्यहरुले गर्ने काम  बताउन | ● घर परिवारका सदस्यहरुले दैनिक रुपमा गर्ने कार्य, पेशा, जागीर, व्यवसायको नाम | ● विद्‌यार्थीहरुकको परिवारमा आ-आफ्ना अभिभावहरुले गर्ने पेशा वा काम सोधि छलफल गर्ने । जस्तैः शिक्षक, प्रहरी, भाँडा पसले, उद्योगमा काम गर्ने, मजदुरी गर्ने, खेतीपाती गर्ने आदि ।<br>● मानिसहरुले विभिन्न ठाउँमा काम गरिरहेको फोटोहरु देखाई कुन ठाउँमा काम गर्ने मानिसलाई के भनिनछ भन्ने बारेमा सिकाउने । जस्तैः विद्यालयमा पढाउने शिक्षक, होटल वा रेस्टुरेन्टमा खाना पकाउने कुक, पसल गर्ने पसल, खेतपाती गर्ने कृषक आदि । | ● आफ्नो घर परीवारका सदस्यहरुले के के काम गर्छन सोध्ने ।<br>●  फोटो र शब्दको जोडा मिलाउन लगाउने । | ६ |
| | **पर्यटन** | ● पर्यटकिय ठाउँहरुको नाम बताउन | ● पर्यटकिय क्षेत्रको नाम (मन्दिर, गुम्बा, निकुन्ज, झरना, पार्क आदि) | ● स्थानीय पर्यटकिय क्षेत्रहरुको चित्र संकलन गरि  प्रदर्शन गर्ने र ठाउँ चिनाईदिने । जस्तैः ब’ढानीलकण्ठ मन्दिर, कपन गुम्बा आदि ।<br>● विद्यालय नजिकको पर्यटकीय ठाउँको अवलोकन भ्रमण गराउने । | ● चित्र देखाइ कुन पर्यटकिय क्षेत्रको  नाम हो भनि सोध्ने ।<br>● आफ्नो घर नजिकको पर्यटकीय ठाउँको नाम सोध्ने ।<br>● बहुबैकल्पकि प्रश्नोत्तर गर्ने । | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **खेलकुद र शारिरीक सुस्वास्थ्य** | **योग, ध्यानको प्रारम्भिक परिचय** | • योग ध्यानको प्रारम्भिक अभ्यास गर्न | • योग तथा ध्यानको परिचय-बसाई सम्बन्धी जानकारी | • मेरुदण्ड सोझो बस्न बस्न सिकाउने ।<br>• ताली बजाउन सिकाउने ।<br>• ज्ञान मुद्रा (आँखा चिम्लेर बुढी र चोर औलाको टुप्पा जोडेर बाकी तीन औला सोझो गरेर घुडा माथि राखी शान्त बस्न लगाउने । | • क्रियाकलाप अनुसारको बसाइ तथा व्यवहार परिवर्तन अवलोकन गर्ने ।<br>• एकरुपमा ताली बजाउन लगाउने ।<br>• ज्ञान मुद्रामा बस्न लगाउने । | **१०** |

## कक्षा २

| क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
| --- | --- | --- | --- | --- | --- | --- |
| **स्थानीय वातावरण र जैविक विविधता** | **वातावरणको परिचय** | ● वातावरणको परिचय दिन<br>● वातावरणबाट हुने फाईदाहरु बताउन | ● वातावरणको परिचय (आफ्नो वरिपरी रहेका सजीव तथा निर्जीव वस्तुहरु)<br>● वातावरणबाट हामीलाई हुने फाईदाहरु - सजीव र निर्जीव वस्तुको आपसी सम्बन्ध | ● आफ्नो विद्यालय वरिपरी रहेका वस्तुहरु देखाई तिनीहरु मध्ये सजीव र निर्जीव छुट्याउन लगाउने ।<br>● सजीव र निर्जीव सबै वस्तुहरुको एककृत रुप नै वातावरण हो भन्ने कुरा बुझाउन निर्जीवले सजीवलाई बाँच्न सहयोग गर्ने कुराहरुबारे बताईदिने । जस्तैः हावा, पानी बिना हामी बाँच्न सक्दैनौं ।<br>● सजीव र निर्जीव वस्तुहरुबिचको अन्तर सम्बन्धबारे छलफल गर्ने । जस्तैः शुद्ध हावा हामी सबैलाई चाहिन्छ र हरीया रुख विरुवाले हावा शुद्धिकरणमा सहयोग गर्छन् । | ● विद्यालय वरिपरी रहेका सजीव र निर्जीव वस्तुहरु छुट्याउन लगाउने ।<br>● विभिन्न सजीव र निर्जीव वस्तुहरुबिचको सम्बन्धका बारेमा सोध्ने ।<br>● वातावरणको परिभाषा सोध्ने ।<br>● विभिन्न सजीव, निर्जीव वस्तुहरुको चित्र बनाउन लगाउने । | ७ |
| | **भौगोलिक अवस्था** | ● आफू बसेको ठाउँको भौगोलिक अवस्था पहिचान गर्न<br>● आफ्नो ठाउँमा आउने बाटाहरुको पहिचान गर्न | ● स्थानीय ठाउँको भौगोलिक स्थिती -भिरालो, समथर, पहाड, बेंसी)<br>● आफ्नो घर तथा विद्यालय नजिकका बाटोहरु (सडक, गोरेटो, पक्की, कच्ची) | ● विद्यालय रहेको ठाउँ र त्यहाँबाट देखिने वरिपरीको क्षेत्र देखाई उक्त ठाउँ समथर, भिरालो, हिमाल, खोंच कस्तो छ बताईदिने ।<br>● भौगोलिक अवस्थिती झल्कने विभिन्न फोटोहरु देखाई हिमाल, पहाड, समथर क्षेत्रको पहिचान गर्न सिकाउने ।<br>● विद्यालय नजिक भएका बाटाहरु देखाई तिनीहरु कस्तो स्वरुपमा छन् ( सडक, गोरेटो, पक्की, कच्ची) बताई | ● फोटो देखाई समथर, भिरालो, हिमाल, खोंच चिन्न लगाउने ।<br>● आफू बसेको ठाउँको वरिपरीको भौगोलिक स्वरुप कस्तो छ सोध्ने ।<br>● घर तथा विद्यालय नजिकको बाटाहरुको नाम र तिनीहरुले कहाँ जोड्छन् सोध्ने ।<br>● विद्यालय तथा घरको नक्सा बनाउन लगाउने । | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | तिनीहरु नजिकको कुन मुख्य सडकसँग जोडिएका छन् बर्तादिने । | | |
| | **जैविक विविधता** | ● स्थानीय क्षेत्रमा पाईने घरपालुवा तथा वन्यजन्तुहरु छुट्याई नाम बताउन | ● स्थानीय क्षेत्रमा पाईने घरपालुवा तथा वन्यजन्तुहरु | ● विद्यालय वरिपरी देखिने विभिन्न घरपालुवा जीवजनावरहरु तथा चराचुरुङ्गीहरु देखाई चिनाउने ।<br>● नजिकको बनमा पाईने विभिन्न जनावरहरुको चित्र देखाई चिनीहरुको नाम बताईदिने ।<br>● चिडियाघरको अवलोकन भ्रमण गराई त्यहाँ भएका जिवजन्तुहरु चिनाउने ।<br>● घरपालुवा जनावर र वन्यजन्तुबाट हामीलाई हुने फाईदाहरुबारे बताईदिने । | ● फोटोमार्फत घरपालुवा र वन्यजन्तु चिन्न लगाउने ।<br>● स्थानीय क्षेत्रमा पाईने वन्यजन्तु र घरपालुवा जीवजन्तुको नाम सोध्ने ।<br>● घरमा पालिने जिवजन्तुहरबाट हामीले के के पाउछौं सोध्ने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने ।<br>● चित्र बनाउन लगाउने । | **८** |
| | **जलस्रोत** | ● स्थानीय क्षेत्रमा उपलब्ध पानीका स्रोतहरुको सूची बनाउन र पानीको उपयोग गर्न | ● स्थानीय क्षेत्रमा उपलब्ध पानीका स्रोतहरुको सूची<br>● पानीको उपयोग | ● विद्यालय तथा वरिपरीको क्षेत्रमा भएका बिभिन्न पानीका स्रोतहरुको अवलोकन भ्रमण गराई तिनीहरुको सूची बनाई प्रस्तुत गर्ने । जस्तैः धारा, कुवा, खोल्सा, पोखरी आदि ।<br>● पानीका अन्य स्रोतहरुको फोटो देखाई प्रस्तुत गर्ने । जस्तैः हिमाल, ताल, खोला, नदी आदि ।<br>● हाम्रो दैनिक जिवनमा पानीको उपयोग र महत्वबारेमा स”ची बनाई प्रस्तुत गर्ने । | ● स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको सूची बनाउन लगाउने ।<br>● पानीको उपयोगबारे सोध्ने ।<br>● पानीका स्रोतहरुको चित्र बनाउन लगाउने<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | **६** |
| | **फोहोरमैला व्यवस्थापन** | ● व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपारिको वातावरण | ● व्यक्तिगत सरसफाई<br>● आफ्नो वरिपरीको सरसफाइ | ● व्यत्तिगत सरसफाई गरिरहेका भिन्नि फोटोहरु प्रस्तुत गर्ने । जस्तैः नुहाईरहेको, नङ काटिरहेको आदि । | ● प्रत्येक विद्यार्थीले नङ. काटे नकाटेको/कपाल कोरे नकोरेको ,दाँत माझे | **७** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सरसफाईको पहिचान गर्न | • फोहर व्यवस्थापन, शौचालयको प्रयोग | • आफ्नो विद्यालय वरिपरीको वातावरणको अवलोकन गराई सफा वा फोहोर कस्तो छ छुट्याउन लगाउने ।<br>• फोहर कसीङ्गर व्यवस्थापनको चित्र भिडियो प्रदर्शन, छलफल आदि गराउने ।<br>• फोहर वातापरणवाट विभिन्न रोग लाग्ने कुरा वताइदिने ।<br>• सहभागीमूलक सरसफाइ अभ्यास गराउने ।<br>• डस्टविनको सही प्रयोग गर्ने तरिका अभ्यास गराउने, शौचालयको उचित प्रयोग गर्ने तरिका छलफल गराउने । | नमाभ्केको हेर्ने र प्रश्न गर्ने ।<br>• कक्षाकोठाको अवलोकन गर्ने ।<br>• कक्षाकोठा, घर आँगन र वरपरको वातावरण कसरी फोहर हुन्छ भन्ने प्रश्न गर्ने ।<br>• फोटो मार्फत सफा ठाउँ र फाहोरी ठाउँहरु चिन्न लगाउने ।<br>• हात धुने अभ्यास गर्न लगाउने । | |
| **प्रकोप तथा विपद् व्यवस्थापन** | **प्रकोप तथा विपद्को पहिचान र सूची** | • स्थानीय क्षेत्रमा घटेका वा घट्न सक्ने प्रकोपको पहिचान गर्न । | • स्थानीय सडक, पहिरो जाने स्थानहरु, डाँडापाखा, खोलाहरु जस्तै विष्णुमती, रुद्रमती लगायतमा हुनसक्ने प्रकोपहरुहरुबारे जानकारी | • स्थानीय खोला तथा सडकहरुको भ्रमण गराई त्यहाँ देखिएका प्रकोपहरुको सूची बनाउन लगाई प्रस्तुत गर्ने । जस्तैः खोला किनारमा बाढी, पहिरो, सडक छेउमा पहिरो, वनका आगलागी, भूकम्पले भत्काएका संरचना आदि ।<br>• विभिन्न प्रकारका प्रकोपजन्य फोटोहरु देखाई त्यसको असर र कारणबारे बताईदिने । | • आफ्नो घर टोलको वरीपरी भएका प्रकोपहरुको सूची बनाउन लगाउने ।<br>• फोटो मार्फत प्रकोपहरुको पहिचान गर्न लगाउने ।<br>• पहिरो जान सक्ने कारणहरुबारे सोध्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **धार्मिक, सांस्कृतिक, ऐतिहासिक र भाषिक सम्पदा** | **स्थानीय साँस्कृतिक सम्पदाको पहिचान** | ● स्थानीय जातजातीको आदिम पेशा र व्यवसाय पहिचान गर्न<br>● स्थानीय साँस्कृतिक धार्मिक ठाउँहरुको सूची बनाई सामान्य परिचय दिन<br>● परम्परागत बाजाको समान्य परिचय दिन | ● स्थानीय आदिम पेशा व्यवसाय को सूची<br>● विद्यालय वरपरका साँस्कृतिक ऐतिहासिक, पुरातात्विक तथा धार्मिक स्थलहरुको सूची निर्माण र परिचय - बुढानीलकण्ठ, धर्मपुर, डठुगाउँ, टनगाउँ, धनगाउँ,लोकेश्वर, नारायणथान जात्रा, वसिकु जात्रा, थापाली जात्रा, बाघद्धार मेला, सपन तिर्थ मेला, भद्रकाली जात्रा, गणेश पर्व, गठैँ मंगल, योमरी पुर्णिमा, गाई जात्रा, तौलिङ्गेश्वरी जात्रा, ठूलो एकादशी जात्रा - हरिबोधनी एकादशी मेला जात्रा)<br>● स्थानीय क्षेत्रमा परम्परागत रुपमा प्रयोग हुने बाजाहरुको सूची र पहिचान (बाजागाजाहरु : धिमे, बाँसुरी, पुवाँ,मुर्चुङ्गा नायबाजा, खिङ, पश्चिमा आदि) | ● विद्यालय वरपरको अवलोकन भ्रमण गराइ वा फोटोहरु देखाई स्थानीय मानिसहरुले परम्परागत रुपमा चलाउने सामग्री र कामको बारेमा बताईदिने । जस्तैः ढिकी, जातो, कोल, घट्ट, ओखल आदि चिनाउने ।<br>● विद्यालय वरिपरि रहेका साँस्कृतिक ऐतिहासिक, पुरातात्विक तथा धार्मिक स्थलहरुका स्थलगत अध्ययन गराइ तिनीहरुको बारेमा बताइ दिने ।<br>● स्थानीय क्षेत्रमा भएका रहेका साँस्कृतिक ऐतिहासिक, पुरातात्विक तथा धार्मिक स्थलहरुका फोटो देखाई तिनीहरुको परिचय दिने । जस्तैः बुढानीलकण्ठ, धर्मपुर, डठुगाउँ, टनगाउँ, धनगाउँ,लोकेश्वर, नारायणथान जात्रा, वसिकु जात्रा, थापाली जात्रा, बाघद्धार मेला, सपन तिर्थ मेला, भद्रकाली जात्रा, गणेश पर्व, गठैँ मंगल, योमरी पुर्णिमा, गाई जात्रा, तौलिङ्गेश्वरी जात्रा, ठूलो एकादशी जात्रा - | ● विभिन्न परम्परागत सामग्रीहरुको फोटो वा चित्र देखाइ नाम र काम भन्न लगाउने ।<br>● विद्यालय वरिपरि रहेका साँस्कृतिक ऐतिहासिक, पुरातात्विक तथा धार्मिक स्थलहरुको सूची बनाइ बताउन लगाउने ।<br>● बाजा हेरेर अर्थात बजाइ आवाजबाट नाम भन्न लगाउने ।<br>● फोटो हेरेर बाजा चिन्न लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | २८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | हरिबोधनी एकादशी मेला जात्रा आदि ।<br>● स्थानीय क्षेत्रमा पाइने परम्परागत वाजाहरुको फोटो वा प्रतक्ष्य देखाइ चिनाउने र बजाइ तिनीहरुको आवाज सुनाइ बजाउन पनि लगाउने । जस्तैः धिमे, बाँसुरी, पुवाँ,मुर्चुङ्गा नायबाजा, खिङ, पश्चिमा आदि । | | |
| **सामाजिक मुल्य मान्यता र सकारात्मक व्यवहार** | **आदर सत्कार** | ● साथी, गुरुहरु र परिवारका सदस्यहरु र छिमेकी बालबालिकासँग घुलमिल हुन र आदर गर्न | ● साथीहरुसँग चिनजान गर्न, नमस्कार गर्न, समूहमा मिलेर बस्ने बानीको बिकास<br>● आफू भन्दा ठूलो कक्षाका विद्यार्थीहरुलाई आदर गर्न र सानालाई माया गर्न | ● विद्यार्थीहरुबिच नमस्कार गर्न सिकाइ एक आपसमा परिचय गर्न लगाउने ।<br>● समूहमा बस्न लगाउने ।<br>● आफू भन्दा ठूलो कक्षाका विद्यार्थीहरुलाई दाजुदिदि भन्न सिकाउने, नमस्कार गर्न लगाउने ।<br>● आफूभन्दा सानो कक्षाका विद्यार्थीहरुलाई पनि तिमी तपाइँ जस्ता आदरार्थी शब्दहरु प्रयोग गर्न सिकाउने ।<br>● साथीहरु र शिक्षकहरुबिच नम्र र शिष्ट व्यवहार देखाउन अभिनय गरेर देखाउने र त्यस सम्बन्धी विभिन्न चित्रहरु देखाउने । | ● नमस्कार गरी आफ्नो परिचय दिन लगाउने ।<br>● आफ्नो घरमा भएका सदस्यहरुको नाता सहित वाक्य बनाउन लगाउने ।<br>● चित्रहरु र शब्दहरुबिच जोडा मिलाउन लगाउने ।<br>● दैनिक क्रियाकलापको अवलोकन गर्ने । | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **स्थानीय पेशा, व्यवसाय र आर्थिक क्रियाकलाप** | **कृषि** | ● कृषि उत्पादनको पहिचान गरी बालीनालीको नामको सूची बनाउन | ● तरकारीबाली, पशुपालन, कौशी खेति, पुष्प व्यवसायबाट उत्पादीत बस्तुको सुची | ● स्थानीय स्तरमा उत्पादित कृषिजन्य वस्तुहरुको फोटो संकलन सूची बनाइ फोटो सहित सूची प्रस्तुत गर्ने । जस्तैः साग, बन्दा, मुला, गाजर, धान, मकै, दुध, फूलहरु आदि ।<br>● विद्यालय नजिकको तरकारी बजार वा कृषि उत्पादन केन्द्रको अवलोकन भ्रमण गराई त्यहाँ उत्पादित वस्तुहरुको सूची बनाई प्रस्तुत गर्ने । | ● कृषि उत्पादन भनेको के हो र के के पर्छन् सोध्ने र सुची बनाउन लगाउने ।<br>● आफ्नो घर वरिपरी फल्ने बालीनालीहरुको सूची बनाउन लगाउने ।<br>● विभिन्न फलफूलका नामहरुको सूची बनाउन लगाउने ।<br>● फोटो देखाई विभिन्न फलफूल चिन्न लगाउने । | **७** |
| | **ब्यापार** | ● घर छिमेकमा गरिने पेशा र व्यवसायको जानकारी दिन | ● व्यापार, पसल व्यवसाय, होटल व्यवसाय र अन्य व्यवसाय को जानकारी | ● विद्यालय नजिकैको बजारको अवलोकन गराई त्यहाँ भएका विभिन्न प्रकारका व्यवसायहरुको वर्गीकरण गरी सूची तयार पार्ने र प्रस्तुती गर्ने । जस्तैः पसल अन्तर्गत मिठाई, खाद्यान्न, कपडा, होटल अन्तर्गत रेस्टुरेन्ट, चिया कफी, क्याटरिङ आदि ।<br>● स्थानीय स्तरमा मानिसले काम गरिरहेका फोटो वा चित्र प्रर्दशन गरी त्यसबारे बताईदिने । | ● चित्र देखाइ कुन कुन ब्यवशाय, पेशा हो ? चिन्न लगाउने ।<br>● आफ्नो घरका सदस्यहरुले गर्ने कामको सूची बनाउन लगाउने । | **६** |
| | **उद्योग** | ● स्थानीय क्षेत्रमा उद्योगको पहिचान गरी नाम बताउन | ● स्थानीय क्षेत्रमा भएका उद्योग र व्यवसायको नामावली | ● स्थानीय क्षेत्रमा भएका उद्योगहरु जस्तैः पानी, कुटानीपिसानी, | ● आफ्नो घर नजिककमा भएका विभिन्न | **६** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | गलैंचा, इटा आदि उद्योगहरुको सूची बनाई प्रस्तुत गर्ने ।<br>● विद्यालय नजिकको कुनै एक उद्योगको अवलोकन गराई उक्त उद्योगमा के उत्पादन हुन्छ भन्ने बारेमा बताई कुन उद्योगमा के उत्पादन हुन्छ भन्ने बारेमा बताईदिने ।<br>● विभिन्न उद्योगहरु र उत्पादनहरुको फोटो चित्र प्रदर्शन गरी उद्योग र उत्पादनका बारेमा सूची तयार पार्ने । जस्तैः कुटानी पिसानीमा चामल, पिठो आदि । | उद्योगहरुको सूची तयार पार्न लगाउने ।<br>● उद्योग र उत्पादनबिच जोडा मिलाउन लगाउने ।<br>● उद्योगको फोटो देखाई त्यहाँ हुने उत्पादनबारे सोध्ने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |
| | **पर्यटन** | ● स्थानीय पर्यटकिय क्षेत्र रहेको स्थान बताउन | ● स्थानीय क्षेत्रका पर्यटकीय ठाउँहरुको नाम | ● विद्यालय नजिककैको पर्यटकीय क्षेत्रको अवलोकन गराई उक्त ठाउँको परिचय दिने ।<br>● स्थानीय पर्यटकिय क्षेत्रहरु मन्दिर, गुम्बा, निकुन्ज, झरना, भ्रमण क्षेत्र रहेको ठाउँको फोटो सहितको सूची तयार पारी बताईदिने । | ● आफ्नो विद्यालय वा घर नजिक रहेका पर्यटकीय क्षेत्रहरुको सूची बनाउन लगाउने ।<br>● फोटो हेरेर ठाउँको पहिचान गर्न लगाउने ।<br>● स्थानीय पर्यटकीय ठाउँको नक्सा बनाउन लगाउने । | ६ |
| **खेलकुद र शारिरीक सुस्वास्थ्य** | **योग, ध्यानको प्रारम्भिक परिचय** | ● योग ध्यानको प्रारम्भिक अभ्यास गर्न | ● सामान्य योग तथा ध्यानको अभ्यास | ● मेरुदण्ड सोझो बस्न बस्न लगाउने ।<br>● सबैजनाले मिलाएर एकसाथ ताली बजाउन लगाउने । | ● क्रियाकलाप अनुसारको बसाइ तथा व्यवहार परिवर्तन अवलोकन गर्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • ज्ञान मुद्रा (आँखा चिम्लेर बुढी र चोर औलाको टुप्पा जोडेर बाकी तीन औला सोझो गरेर घुँडा माथि राखी शान्त बस्न लगाउने ।<br>• हात, खुट्टा, दायाँबाँया, तलमाथी गर्न र सामान्य मार्चपास जस्तो सिकाउने । | • पालैपालो ताली बजाउन लगाउने ।<br>• हातखुट्टाको चाल मिलाएर चलाउन लगाउने । | |

कक्षा ३

| क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|
| **स्थानीय वातावरण र जैविक विविधता** | **वातावरणको परिचय** | ● स्वच्छ वातावरणको परिचय र फाईदाहरु बताउन | ● स्वच्छ वातावरणको परिचय<br>● स्वच्छ वातावरणका फाईदाहरुको बारेमा जानकारी | ● विद्यालय नजिकैको पार्क, उद्यान, वनको अवलोकन भ्रमण गराई त्यहाँको वातावरणबारे बताईदिने ।<br>● फोहोरमैला जतासुकै फ्याकेको र सफा हरीयालीयुक्त ठाउँको फोटो देखाई उक्त फोटोहरुबिचको भिन्नता र परिचयबारे बताईदिने र विद्यार्थीहरुलाई पनि भिन्नता र अनुभव भन्न लगाउने ।<br>● यदि हाम्रो वरिपरीको वातावरण फोहोरी भएमा हामीलाई पर्न सक्ने असरहरुकाबारेमा बताईदिने ।<br>● नजिकको ड्म्पिङ साइटको अवलोकन गराई पार्कमा जाँदा र ड्म्पिङ साइटमा जाँदाको विद्यार्थीहरुको अनुभव बताउन लगाउने ।<br>● स्वच्छ वातावरणबाट हामीलाई हुने फाईदाहरुको सूची बनाई प्रस्तुत गर्ने । | ● स्वच्छ वातावरणको परिचय दिन लगाउने ।<br>● अवलोकन भ्रमणमा जाँदा आफूले अनुभव गरेका कुराहरु टिपोट गरी प्रस्तुत गर्न लगाउने ।<br>● फोहोर वातावरणबाट हामीलाई पर्न सक्ने असरहरको सूची बनाउन लगाउने ।<br>● स्वच्छ वातावरणको फाईदाहरुको बारेमा सूची बनाउन लगाउने ।<br>● फोटो मार्फत जोडा मिलाउन लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने ।<br>● नजिकको पार्कको वा बगैंचाको चित्र बनाउन लगाउने । | ७ |
| | **भौगोलिक अवस्था** | ● आफू बसेको ठाउँको नक्सा बनाउन<br>● आफ्नो ठाउँको भौगोलिक | ● आफ्नो विद्यालय, घरगाउँ र वरिपरीका वस्तुहरु झल्किने आफ्नो विद्यालय वा ठाउँको नक्सा<br>● आफ्नो र वरिपरीको ठाउँको भौगोलिक अवस्थाबारे जानकारी | ● आफ्नो विद्यालय वरिपरीको अवलोकन गराई त्यस ठाउँको बारेमा जानकारी दिने । जस्तैः भवन, सडक, रुखविरुवा, खोलाखोल्सा, पोखरी, कुवा आदि भएमा तिनीहरु कहाँ कहाँ छन् याद गर्न लगाउने । | ● आफ्नो विद्यालय भएको क्षेत्रको नक्सा बनाई चार दिशा समेत छुट्याई प्रस्तुत गर्न लगाउने ।<br>● आफू बसोबास गर्ने क्षेत्रको नक्सा बनाई चार दिशा समेत छुट्याई प्रस्तुत गर्न लगाउने । | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अवस्थाको जानकारी दिन | भिरालो, समथर, खोंच, पहाड आदि । | ● उक्त क्षेत्रको भौगोलिक स्वरुप कस्तो छ बताईदिने । जस्तैः समथर, भिरालो, पहाडको फेद, हिमालको नजिक आदि ।<br>● आफ्नो विद्यालय र वरिपरीको ठाउँ समेत झल्किने किसिमको चित्र बनाई चित्रमा पूर्व पश्चिम उत्तर, दक्षिण छुट्याईदिने ।<br>● विद्यार्थीहरुलाई पनि आफ्नो वरिपरीको क्षेत्र झल्कने किसिमको चित्र बनाउन लगाई त्यसमा विद्यालय भएको क्षेत्रमा चिन्ह लगाउन लगाउने र नक्सामा पूर्व, पश्चिम, उत्तर, दक्षिण, छुट्याउन लगाउने ।<br>● चित्रहरु देखाई भिरालो, समथर, खोंच जस्ता ठाउँहरु चिनाउने । | ● शब्द र चित्र मार्फत स्थानीय क्षेत्रको भौगोलिक अवस्था छुट्याउन लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |
| | **जैविक विविधता** | ● स्थानीय बोटविरुवाहरुको जानकारी दिन | ● स्थानीय क्षेत्रमा पाईने वोटविरुवाहरुबारे जानकारी | ● आफ्नो विद्यालय वरिपरी भएका बोटविरुवाहरु देखाई तिनीहरुको नाम बताईदिने ।<br>● नजिकको पार्क वा वन वा बगैंचाको अवलोकन भ्रमण गराई त्यहाँ भएका बोटविरुवाहरुको सूची बनाई बताईदिने र विरुवाका भागहरु चिनाईदिने । जस्तैः पात, फल, फूल, हाँगा, काण्ठ, जरा ।<br>● बोटविरुवाका फाईदाहरुबारे बताईदिने र कक्षामा छलफल गर्ने । | ● आफ्नो घर परिपरी भएका वा देखिने बोटविरुवाहरुको सूची बनाउन लगाउने ।<br>● विद्यालय वरपरि देखिने विरुवाहरुको सूची बनाउन लगाउने ।<br>● कुनै एक विरुवाको चित्र बनाउन लगाई त्यसका भागहरु छुट्याउन लगाउने ।<br>● बोटविरुवाका फाईदाहरुको बारेमा सूची बनाउन लगाउने । | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **जलस्रोत** | ● पानीका स्रोतहरु फोहोर हुने कारणहरु बताउन | ● पानीका स्रोतहरु फोहोर हुने कारणहरु -स्रोतमा फोहोर मिसाउनु, स्रोत वरिपरी दिशापिसाव गर्नु, खोला खेल्सामा ढल मिसाउनु, पानीको मुहान वरिपरी गाईवस्तु छाडा छोड्नु आदि । | ● नजिकको खोला, खोल्सा, कुवा आदिको अवलोकन भ्रमण गराई त्यस क्षेत्रमा पानीको परिपरी के कस्ता फोहोरहरु देखिएका छन् टिपोट गर्न लगाई उक्त फोहोरहरु कहाँबाट कसरी आएका हुन सक्छन् भन्ने बारेमा बताईदिने ।<br>● पानीका स्रोतहरु फोहोर हुने वा हुन सक्ने कारणहरुको सूची बनाई फोटो सहित प्रस्तुत गर्ने ।<br>● पानीको स्रोत फोहोर हुँदा त्यसले गर्ने असरहरुको सूची बनाई प्रस्तुत गर्ने । | ● पानीका स्रोतहरु फोहोर हुने कारणहरुको सूची बनाउन लगाउने ।<br>● विभिन्न फोटोहरु देखाई पानीको स्रोत परिपरी के भईरहेको चिन्न, भन्न, लेख्न लगाउने ।<br>● पानीको स्रोत फोहोर हुँदा त्यसबाट हामीलाई पर्न सक्ने असरहरुको सूची बनाउन लगाउने ।<br>● आफ्नो घर वा विद्यालय वरिपरी भएका पानीका स्रोतहरुमा फोहोर मिसिएको छ छैन् बताउन लगाउने । | ६ |
| | **फोहोरमैला व्यवस्थापन** | ● फोहोरमैलाको प्रकार (कुहिने नकुहिने) छुटयाउन | ● विभिन्न स्थानबाट निस्किने फोहर मैलाको परिचय (घर, विद्यालय, होटेल र अस्पतालबाट निस्किने फोहरको पहिचान)<br>● सड्ने र नसड्ने फोहर मैलाको परिचय<br>● फोहोर मैलाको असर (घाउ खटिरा, झाडापखाला, जुका, आँखा पाक्ने, वातावरण प्रदुषण) | ● विद्यालयको क्यान्टिन र कक्षाकोठाहरुको अवलोकन भ्रमण गराई त्यहाँ के के र कस्ता प्रकारका फोहोरहरु निस्कदाँ रहेछन् देखाई सूची बनाई प्रस्तुत गर्ने ।<br>● कुहिने र नकुहिने फोहोरको परिचय दिई माथी संकलित फोहोरहरुलाई कुहिने र नकुहिने फोहोरमा छुट्याउन सिकाउने ।<br>● नजिकको कुनै होटेल वा व्यापारिक केन्द्रको अवलोकन गराई त्यहाँबाट निस्कने फोहोरहरुको बारेमा उक्त होटेल वा केन्द्रको आधिकारिक | ● फोहोरको परिचय दिई प्रकारहरु छुट्याउन लगाउने ।<br>● विद्यालयको क्यानटिनमा निस्कने फोहोरहरुको सूची बनाई वर्गीकरण गर्न लगाउने ।<br>● फोटो मार्फत कुहिने र नकुहिने फोहोरहरु छुट्याउन लगाउने ।<br>● आफ्नो घरबाट निस्कने फोहोरहरु के गर्ने गरिएको छ लेख्न लगाउने । | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | व्यक्तिलाई सोधेर सूची बनाई कुहिने र नकुहिने फोहोरको सूची बनाउन लगाई प्रस्तुत गर्ने र त्यसका व्यवस्थापनका तरिकाहरुबारे चर्चा गर्ने ।<br>● विद्यालयमा वेग्लावेग्लै भाँडो राखी सड्ने नसड्ने फोहोर संकलन गर्न लगाई सड्ने फोहरवाट प्रडगारिक मल बनाउन सिकाउने ।<br>● फोहोरमैलाबाट हुने असरहरबारे सूची बनाई प्रस्तुत गर्ने । | ● फोहोमैलाका असरहरबारे सूची बनाउन लगाउने ।<br>● हाम्रो वरिपरीको वातावरण फोहोर हुने कारणहरुबारे बताउन लगाउने । | |
| **प्रकोप तथा विपद् व्यवस्थापन** | **प्रकोप तथा विपद्को पहिचान र सूची** | ● प्राकृतिक तथा मानवीय क्रियाकलापका कारण हुनसक्ने प्रकोप/विपद्हरुको पहिचान गर्न ।<br>● सवारी दुर्घटनाको परिचय दिन । | ● प्राकृतिक प्रकोपहरु जस्तै वाढी, पहिरो, हावाहुरी, चट्याङ आदि तथा मानवीय क्रियाकलापबाट सृजीत प्रकोपहरु जस्तै घर आगलागी, करेन्ट लाग्ने, सवरी दुर्घटना संरचना भत्कने आदिबाट हुने प्रकोपहरुको पहिचान र सूची<br>● सडक, चालक तथा पैदल यात्रुका कारण हुने विभिन्न दुर्घटनाहरु पहिचान । | ● विद्यालय नजिक आफ्नो क्षेत्रको प्रकोपग्रस्त क्षेत्रको अवलोकन गराउने तथा भिडियोहरु माफर्त वाढी, पहिरो, हावाहुरी, चट्याङ आदिबारे प्रदर्शन गर्ने ।<br>● मानवीय कारणबाट हुन सक्ने प्रकोप तथा दुर्घटनाहरुबारे भिडियो प्र्दशन गर्ने र त्यसबाट बच्न सक्ने उपायहरुका बारेमा छलफल गर्ने ।<br>● नजिकको सडकको अवलोकन गराई वा फोटोहरुमार्फत जेब्रा क्रसिङ तथा सडक सुरक्षाबारे बताउने । | ● प्राकृतिक तथा मानविय कारणले हुने प्रकोपहरु उदाहरण सहित फरक छुट्याउन लगाउने ।<br>● सवारी दुर्घटनाबारे बताउन लगाउने ।<br>● प्राकृतिक प्रकोपले हामीलाई पार्न सक्ने असरहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● विभन्न फोटोहरु मार्फत प्रकोपहरु चिन्न लगाउने ।<br>● आफ्नो घर वा विद्यालय नजिकको पहिरोको बारेमा | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | चित्र बनाई प्रस्तुत गर्न लगाउने । | |
| **धार्मिक, साँस्कृतिक, ऐतिहासिक र भाषिक सम्पदा** | **स्थानीय साँस्कृतिक सम्पदाको पहिचान** | • स्थानीय क्षेत्रमा बोलिने भाषाहरुको सूची बनाउन<br>• स्थानीय साँस्कृतिक, धार्मिक ठाउँहरुको महत्व बताउन<br>• पर्व तथा अवसर विशेषमा बजाइने परम्परागत बाजाहरु चिन्न र त्यसको नाम बताउन | • स्थानीय जातजाती र भाषाको सूचि तयार जस्तैः नेवारी, तामाङ, गुरुङ अन्य)<br>• स्थानीय साँस्कृतिक ऐतिहासिक, पुरातात्विक तथा धार्मिक मठ मन्दिर, गुम्बा,चर्च, मेला पर्व मस्जिदको महत्व जस्तैः बुढानीलकण्ठ, भद्रकाली, लक्ष्मी देवता, कृष्ण मन्दिर, राम मन्दिर, बालकुमारी, पञ्चकुमारी स्तुपा, शिव मन्दिर, गणेश मन्दिर, बंगलामुखी,नैनीस्थान नारायणथान जात्रा, वसिकु जात्रा, थापाली जात्रा, बाघद्धार मेला, सपन तिर्थ मेला, भद्रकाली जात्रा, गणेश पर्व, गठेँ मंगल, योमरी पुर्णिमा, गाई जात्रा, तौलिङ्गेश्वरी जात्रा, ठूलो एकादशी जात्रा-हरिबोधनी एकादशी मेला जात्रा फलारी, | • स्थानीय विभिन्न भाषा र जातजाति सम्बन्धी जानकार व्यक्तिसँग भेट गराई स्थानीय क्षेत्रमा बसोबास गर्ने जातिजातकिो भाषाबारे बताउन लगाउने ।<br>• स्थानीय क्षेत्रमा बोलिने भाषाहरुको सूची बनाई प्रस्तुत गर्ने ।<br>• स्थानीय धार्मिक, साँस्कृतिक, ऐतिहासिक ठाउँ र मेला पर्व आदिको बारेमा जानकारी लिन कुनै विशेष पर्व तथा अवसरमा उक्त क्षेत्रहरुको स्थलगत अध्ययन भ्रमण गराई त्यसको महत्वबारे बताइदिने ।<br>• स्थानीय क्षेत्रमा उपलब्ध हुन सक्ने विभिन्न बाजाहरु ल्याइ प्रदर्शन गर्ने तथा प्रयोग गर्ने तरिका र कुन अवसर वा कार्यमा कुन बाजा बजाइन्छ भन्ने बारेमा बताईदिने । जस्तैः धिमे, बाँसुरी, झ्याम्टा, शंख, डमरु, सारङगी आदि । | • आफ्नो घर परिवारका सदस्यहहरुले घरमा बोल्ने भाषको सूची बनाउन लगाउने ।<br>• स्थानीय क्षेत्रमा बोलिने भाषको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>• आफ्नो विद्यालय वा घर नजिकको कुनै एक धार्मिक वा साँस्कृतिक ठाउँको परिचय दिन लगाउने ।<br>• स्थानीय क्षेत्रमा भएका धार्मिक, साँस्कृतिक, ऐतिहासिक ठाउँ र मेला पर्वको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>• फोटो देखाई बाजाहरु चिन्न लगाउने ।<br>• आवाज सुनाई बाजा चिन्न लगाउने ।<br>• आफ्नो घरमा भएको बाजाको चित्र बनाई प्रस्तुत गर्न लगाउने । | **२८** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | स्याल्पा, कपन, मुक्ति, आनी, नागी, पुलहरि,दोर्जे<br>● विभिन्न अवसर तथा पर्वहरुमा बजाइने बाजाहरुको सूची | | | |
| **सामाजिक मुल्य मान्यता र सकारात्मक व्यवहार** | **आदर सत्कार** | ● साथी, गुरु, परिवारका सदस्यहरु र छरछिमेकीसँग घुलमिल हुन र आदर गर्न | ● चिनजान गर्न, नमस्कार गर्न, समूहमा मिलेर बस्न<br>● सामाजिक क्रियाकलापमा परिवारसँग गइ सहभागिता जस्तैः पाठपूजा, बिहे भोज भतेरमा सहभागी हुने, चिनजानका मानिसहरले गरेको प्रश्नको विनमैता पूर्वक उत्तर दिने आदि<br>● आफू ठूलालाई आदर र सानालाई माया जस्तैः तपाई हजुर जस्ता शब्दहरुको प्रयोग, साना भाईबिहिनीहरुलाई तिमी तपाई जस्ता शब्दको प्रयोग र माया | ● कक्षामा विद्यार्थीहरुबिच नमूना समाज बनाइ अभिनय विधिद्वारा एक अर्काबिचमा अभिवादन गर्न सिकाउने ।<br>● कुनै सामुहिक रुपमा खेल्नुपर्ने खेल एक्ला एक्लै र समुहमा खेलाउने र उक्तखेल समुहमा खेल्दा हुने सजिलाबारे बताईदिने ।<br>● स्थानीय समाजसेवीले गरेका राम्रा कामहरु बताई राम्रा कार्यहरुमात्र गर्न प्रेरणा दिने ।<br>● अभिवादन तथा सम्बन्ध दर्शाउने चित्र तथा कथाहरु प्रस्तुत गर्ने । | ● आदरार्थी शब्दहरको प्रयोग गरी वाक्य बनाउन लगाउने ।<br>● सबैलाई नमस्कार गरी आफ्नो नाम र घर परिवारमा को को हुनुहुन्छ बताउन लगाउने ।<br>● समुहकार्यका फाइदाहरुबारे बताउन लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | **२०** |
| **स्थानीय पेशा, व्यवसाय र आर्थिक क्रियाकलाप** | **कृषि** | ● कृषि उत्पादनको परिचय दिन | ● तरकारीबाली, पशुपालन, पुष्प व्यवसायको परिचय | ● कृषिजन्य व्यवसाय र गतिविधि को सचित्र छलफल गराउने ।<br>● स्थानीय हाटबजारको अवलोकन भ्रमण गराई त्यहाँ उपलब्ध समानहरु कुन कुन कृषिसँग सम्बन्धीत छन् बताई सूची बनाएर प्रस्तुत गर्ने । जस्तैः साग | ● चित्रद्धारा उत्पादन र व्यवसाय चिन्न लगाउने ।<br>● कृषि उत्पादन भन्नाले के बुझिन्छ परिचय दिन लगाउने ।<br>● आफ्नो गाउँघरमा उत्पादन हुने विभिन्न | **७** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | भएमा तरकारी खेती सँग सम्बन्धीत, फूल भएमा पुष्प व्यवसाय सँग सम्बन्धीत, दुध, दहि भएमा पशुपालन सँग सम्बन्धीत आदि । | वस्तुहरुको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |
| | **ब्यापार** | ● समाजमा गरिने पेशा र व्यवसायको सुचि बनाउन | ● विभिन्न व्यापार सँग सम्बन्धित व्यवसायहरुको सूची जस्तैः किराना पसल व्यवसाय, होटल व्यवसाय, इ व्यवसाय, औषधि पसल आदि । | ● नजिकको बजार क्षेत्रको अवलोकन भ्रमण गराई त्यहा गरिएका व्यापारहरु टिपोट गर्न लगाई कुन व्यापार के सँग सम्बन्धीत छ भन्ने बारेमा बताइदिने । जस्तैः चामल पसल खाद्यान्न, साइबर इ व्यवसाय, रड सिमेन्ट हार्डवेयर आदि ।<br>● मानिसहरुले घर छिमेकमा पेशा गरिरहेका फोटोहरु प्रर्दशन गरी सूची बनाउन लगाउने र व्यापार सम्बन्धी छलफल गर्ने । | ● स्थानीय क्षेत्रमा गरिने विभिन्न व्यापारका पसलहरुको सूची बनाउन लगाउने ।<br>● विभन्न सामन र त्यससँग सम्बन्धीत व्यवपारहरुको जोडा मिलाउन लगाउने ।<br>● फोटोहरु देखाई व्यापारको किसिम चिन्न लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | ६ |
| | **उद्योग** | ● स्थानीय उद्योग र उत्पादीत बस्तुको पहिचान गर्न | ● स्थानीय साना तथा घरेलु मझौला र ठूला उद्योग, बित्तिय सस्थाहरुको सूची<br>● स्थानीय उद्योगहरुमा उत्पादन हुने वस्तुहरुको सूची | ● स्थानीय उद्योगको भ्रमण गराइ उत्पादीत वस्तुहरुको सुची तयार पारी प्रस्तुत गर्ने ।<br>● उद्योग अनुसार फरक फरक उत्पादन हुन्छ भन्ने कुरा बुझाउन उद्योग र उत्पादित वस्तुहरुको सूची तयार पारी प्रस्तुत गर्ने । जस्तैः पानी उद्योगबाट पानी, मिलबाट चामल, तेल आदि । | ● स्थानीय क्षेत्रमा भएका उद्योगहरुको सूची बनाउन लगाउने ।<br>● स्थानीय उद्योगको र उत्पादीत बस्तुको नाम लेख्न लगाउने ।<br>● स्थानीय क्षेत्रमा भएका वित्तीय संस्थाहरुको सूची बनाउन लगाउने । | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● उत्पादन गर्ने संस्था र सेवा दिने संस्थाहरुबिच भिन्नता बताईदिने । जस्तैः चिनी उद्योगमा चिनी बन्छ भने वित्तीय संस्थाहरुले बैंकिंग सम्बन्धी सेबा दिन्छन् वा पैसा सम्बन्धी कारोबार गर्दछन् । | ● उद्योग र उत्पादन चिन्न बहुबैकल्पिक प्रशनहरु गर्ने । | |
| | **पर्यटन** | ● स्थानीय पर्यटकीय क्षेत्रहरुको सामान्य परिचय | ● स्थानीय मन्दिर, गुम्बा, निकुन्ज, झरना, भ्रमण क्षेत्रको सामान्य परिचय | ● स्थानीय मन्दिर, गुम्बा, निकुन्ज, झरना, भ्रमण क्षेत्र आदिको अवलोकन भ्रमण गराई त्यहाँ के कस्ता पर्यटकहरु आउाद्या रहेछन् र किन आउँदा रहेछन भन्ने बारेमा उक्त क्षेत्रको जानकार व्यक्तिलाई सोधी सूची तयार पारेर बताईदिने ।<br>● घर वा विद्यालय नजिकको पर्यटकीय क्षेत्रको अवलोकन भ्रमण वा फोटो प्रर्दशन गरी त्यसको परिचय, महत्व, त्यसक्षेत्रमा पर्यटकहरु आउने कारणबारे बताईदिने । | ● स्थानीय पर्यटकिय क्षेत्रहरुका चित्र देखाइ परिचय दिन लगाउने ।<br>● आफ्नो घर वा विद्यालय नजिक पर्यटक आउनुका कारणहरुबारे सूची बनाउन लगाउने ।<br>● स्थानीय पर्यटकीय क्षेत्रहरुको सूची बनाउन लगाउने ।<br>● घर नजिकको पर्यटकीय स्थलको फोटो सहितको परिचय दिन लगाउने । | ६ |
| **खेलकुद र शारिरीक सुस्वास्थ्य** | **योग, ध्यानको प्रारम्भिक परिचय** | ● स्थानीय क्षेत्रमा खेलिने खेलहरुको सूची बनाउन<br>● योग ध्यानको प्रारम्भिक अभ्यास गर्न | ● स्थानीय क्षेत्रमा खेलिने खेलहरुको डण्डिबियो, कपर्दी, भलिवल, फूटबल आदिको नामको सूची<br>● योग तथा ध्यानको सामान्य अभ्यास | ● स्थानीय क्षेत्रमा खेलिने विभिन्न खेलहरुको सूची बनाई प्रस्तुत गर्ने र ठाउँ विशेष अनुसार कुनै मेला जात्रा वा पर्वमा कुनै खेल खेलिन्छ भने त्यसबारेमा बताइदिने । | ● क्रियाकलाप अनुसारको बसाइ तथा व्यवहार परिवर्तन अवलोकन गर्ने ।<br>● कुनै एक स्थानीय खेलको परिचय दिन लगाउने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • नजिकको खेलमैदानमा लगेर कुनै स्थानीय खेल खेलाउने ।<br>• मेरुदण्ड सोझो बस्न बस्न लगाउने ।<br>• ज्ञान मुद्रा( आँखा चिम्लेर बुढी र चोर औलाको टुप्पा जोडेर बाकी तीन औला सोझो गरेर घुडा माथि राखी शान्त बस्न लगाउने । | • स्थानीय क्षेत्रमा खेलिने खेलहरुको सूची बनाउन लगाउने ।<br>• ज्ञान मुद्राको अभ्यास गर्न लगाउने । | |

**कक्षा ४**

| क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|
| **स्थानीय वातावरण र जैविक विविधता** | **वातावरणको परिचय** | ● वातावरणका तत्वहरु -जैविक, अजैविक, छुट्याउन | ● वातावरणको अजैविक तत्वहरुको छोटकरीमा वर्णन<br>● वातावरणको जैविक तत्वहरुको छोटकरीमा वर्णन | ● वातावरणका जैविक र अजैविक तत्वहरुको बारेमा बताउने । त्यसका लागि कुनै चित्र वा पोष्टरद्धारा चिनाउने ।<br>● विद्यार्थीहरुलाई कक्षाकोठा बाहिर लगी अजैविक र जैविक तत्वहरुको सूची तयार पार्न लगाई प्रस्तुत गर्न लगाउने । | ● आफ्नो घर वरिपरी भएका वतावरणका जैविक र अजैविक तत्वहरुको नाम संकलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>● जैविक र अजैविक तत्वबिचको फरक छुट्याउन लगाउने । | ५ |
| | **भौगोलिक अवस्था** | ● आफ्नो ठाउँको भौगोलिक अवस्थाको पहिचान गर्न<br>● नक्सामा आफू बसेको ठाउँको पहिचान गर्न | ● नक्साको बारेमा आधारभूत जानकारी<br>● भौगोलिक अवस्थाबारे नक्साद्धारा वर्णन<br>● आफ्नो ठाउँको बारेमा छोटकरीमा जानकारी | ● आफ्नो विद्यालय भएको ठाउँको नक्सा बनाई कक्षामा प्रस्तुत गर्ने र विद्यार्थीहरुलाई नक्सा हेर्न, दिशा पत्ता लगाउन सिकाउने ।<br>● नक्सामा आफू बसेको ठाउँको पहिचान गरी नक्सामा उर्तान लगाउने । | ● आफ्नो घर भएको ठाउँको नक्सा बनाई दिशा छुट्याएर कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>● विद्यार्थीहरुलाई विदालय र घर पुग्न भएका बाटाहरु पहिचान गर्न लगाउने । | ५ |
| | **जैविक विविधता** | ● स्थानीय बोटविरुवाहरुको महत्व बताउन | ● स्थानीय बोटविरुवाहरुको महत्वको बारेमा बर्णन | ● बोटविरुवाहरुको महत्व झल्काउने भिडीयो वा बृत्तचित्र देखाउने ।<br>● स्थानीय क्षेत्रमा पाईने बोटविरुवाहरुको महत्वको सूची तयार पारी कक्षाकोठामा प्रस्तुत गर्ने ।<br>● स्थानीय स्तरमा पाईने फलफूलहरुको चित्र देखाई वा अवलोकन भ्रमण गराई सूची तयार पार्न लगाउने । | ● आफ्नो विद्यालय तथा घर वरपर पाईने बोटविरुवाहरुको महत्व लेखी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>● आफ्नो विद्यालय तथा घर वरपर पाईने फलफूलको सूची चार्टपेपरमा बनाई कक्षामा प्रस्तुत गर्न लगाउने र कक्षाकोठामा टाँस्न लगाउने ।<br>● स्थानीय प्रजातिका विरुवाहरुको बगैंचा बनाउन लगाउने । | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **जलस्रोत** | ● पानीको स्रोत संरक्षणका उपायहरु बताउन | ● पानीका प्रमुख स्रोतहरुको बारेमा छोटकरीमा जानकारी<br>● पानीको स्रोत संरक्षणका उपायहरुको सूची | ● पानीका स्रोतहरुको महत्वको बारेमा वर्णन गर्ने ।<br>● स्थानीय ठाउँमा भएमा पानीका प्रमुख स्रोतहरुको सूची बनाई अवलोकन/भ्रमण गराउने ।<br>● पानीको स्रोत संरक्षणका उपायहरुबारे कक्षामा छलफल गरी बुँदागत रुपमा सूची तयार गर्ने । | ● स्थानीय ठाउँमा भएमा पानीका प्रमुख स्रोतहरुको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● स्थानीय स्तरमा भएका पानीका स्रोतहरुको समस्या पहिचान गरी कक्षाकोठामा प्रस्तुत गर्ने ।<br>● पानी संरक्षणका लागि विद्यार्थीहरुले गर्न सक्ने प्रयासहरुको वर्णन गर्न लगाउने । | ५ |
| | **वतावरण प्रदुषण** | ● स्थानीय वातावरण प्रदुषणको परिचय दिन | ● प्रदूषणको परिचय<br>● स्थानीय स्थानीय वातावरणमा हुनसक्ने प्रदूषणहरु (वायु, जल, जमीन र ध्वनी प्रदूषण)को परिचय | ● प्रदूषणको उदाहरण सहित परिभाषा दिने ।<br>● विभिन्न प्रकारका प्रदुषण सम्बन्धी फोटोहरु वा भिडीयो प्रस्तुत गर्ने ।<br>● नजिकैको खोलानाला, वजार कलकारखानाको अवलोकन भ्रमण गराई त्यसक्षेत्रमा देखिएका प्रदूषण वारे टिपोट गर्न लगाउने र समूहगत छलफल गर्न लगाउने । | ● प्रदूषणको परिचय र प्रकारबारे सोध्ने ।<br>● आफ्नो घर वरिपरि देखिने प्रदूषण झल्किने किसिमको चित्र बनाउन लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | ६ |
| | **फोहोरमैला व्यवस्थापन** | फोहोरमैलाको वर्गिकरण गर्न | ● फोहर मैला -<br>ठोस र तरल फोहरमैलाको वर्गीकरण<br>ठोस फोहोरको वर्गीकरण :<br>कुहिने वस्तुहरू: कागज, तरकारीका टुक्राहरु, फलफुलका वोक्रा, धान, मकै, | ● विद्यालय कम्पाउण्ड, क्यान्टीन वा विद्यालय वरपरको अवलोकन भ्रमण गराई त्यहाँ के कस्ता फोहोरहरु देखिएका छन् टिपोट गर्न लगाउने वा क्यान्टीनमा के फोहोरहरुको रुपमा निस्कन्छ भन्ने बारेमा बताई उक्त फोहोरहरुलाई | ● आफ्नो घरको भान्सामा निस्कने फोहोरलाई वर्गीकरण गर्न लगाई त्यसको व्यवस्थापनबारे सोध्ने ।<br>● कक्षाकोठाको फोहोर वर्गीकरण र व्यवस्थापनका | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | तोरीका वोट विरुवा नकुहिनेः प्लाष्टिक, सीसा, धातुका टुक्राहरू | ठोस र तरलमा छुट्याउन लगाउने ।<br>● फोहोरहरुलाई ठोस र तरलमा छुट्याईसकेपछी ठोस फोहोरहरुलाई पुन कुहिने र नकुहिने मा छुट्याउन लगाउने ।<br>● फोहरमैलाको सूची चार्ट प्रदर्शन गरी छलफल गर्ने/ गराउने ।<br>● कक्षाकोठा वाट निस्कने फोहरलाई वर्गीकरण गरी त्यसको व्यवस्थापन बारे बताउने र विद्यार्थीहरुलाई व्यवस्थापन गर्न लगाउने । | उपायहरुबारे लेखी प्रस्तुत गर्न लगाउने ।<br>● बहु-बैकल्पीक प्रश्नहरु गर्ने । | |
| **प्रकोप तथा विपद् व्यवस्थापन** | **प्रकोप तथा विपद्को पहिचान र बच्ने उपाय** | ● चट्याङ्, हावाहुरी आगलागी, घर आगलागी बारेमा जानकारी दिन<br>● सवारी दुर्घटनाका असरहरुबारे बताउन | ● चट्याङ, हावाहुरी, आगलागी, घर आगलागीको परिचय र प्रमुख कारणहरु<br>● सवारी दुर्घटनाबाट हुने शारीरिक तथा भौतिक क्षति | ● विभिन्न प्रकोपहरु प्राकृतिक र मानवीय कारणले हुने चट्याङ, हावाहुरी, आगलागी, घर आगलागीको परिचय र प्रमुख कारणहरुबारेमा प्रकाशित लेखहरु पढ्ने, फोटोहरु देखाउने, भिडियोहरु देखाउने ।<br>● चट्याङ, हावाहुरी, आगलागी, घर आगलागीको कारणहरुको सूची बनाई प्रस्तुत गर्ने । जस्तैः जस्तैः विजुली सर्ट हुने, बालबालीकाले पटेका पड्काउँदा तथा झिरझिरे खेल्दा, ग्यास सिलिण्डर विस्फोटन | ● आगलागी/घर आगलागी विच फरक छुट्याउन लगाउने ।<br>● प्राकृतिक प्रकोप र मानवीय कारणले हुने प्रकोप वा दुर्घटनाहरुको सूची बनाउन लगाउने ।<br>● स्थानीय स्तरमा सवारी दुर्घटनाका असरहरु के के सोध्ने ।<br>● मानवीय कारणले हुने प्रकोप/दुर्घटना कम गर्नका लागि अपनाउनुपर्ने उपायहरुको बारेमा सूची | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | हुँदा तथा सवारी साधनहरुबाट हुने आगलागीहरु आदि ।<br>● सवारी दुर्घटनाको परिचय दिई सवारी दुर्घटनाले स्थानीय क्षेत्रमा हुनसक्ने क्षतिकोबारेमा समूहगत छलफल गरी प्रस्तुत गर्ने ।<br>● सवारी दुर्घटना कम गर्नका लागि अपनाउन सकिने उपायहरुका बारेमा भिडीयो प्रस्तुत गर्ने र सूची बनाई प्रस्तुत गर्ने । | बनाई प्रस्तुत गर्न लगाउने ।<br>● परियोजना कार्य दिने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |
| **धार्मिक, साँस्कृतिक, ऐतिहासिक र भाषिक सम्पदा** | **स्थानीय साँस्कृतिक सम्पदाको पहिचान र परम्परागत बाजाको महत्व** | ● स्थानीय भाषाबारे परिचय दिन<br>● स्थानीय धार्मिक, ऐतिहासिक स्थलको परिचय दिन<br>● स्थानीय परम्परागत बाजाको महत्व बताउन | ● स्थानीय भाषाहरु जस्तैः नेवारी, तामाङ, गुरुङ, अन्य)को परिचय<br>● स्थानीय साँस्कृतिक ऐतिहासिक, पुरातात्विक तथा धार्मिक मठ मन्दिर, गुम्बा, चर्च, मस्जिद आदिको पहिचान र परिचय जस्तैः बुढानीलकण्ठ, भद्रकाली, लक्ष्मी देवता, कृष्ण मन्दिर, राम मन्दिर, बालकुमारी, पञ्चकुमारी स्तुपा, शिव मन्दिर, गणेश मन्दिर, बंगलामुखी, नैनीस्थान, बुढानीलकण्ठ, धर्मपुर, डठुगाउँ, टनगाउँ, धनगाउँ, | ● स्थानीय भाषाहरु सम्बन्धीका उलब्ध विज्ञहरु विद्यालयमा बोलाई स्थानीय भाषाको परिचय, उत्पति, लिपी जस्ता कुराहरुको बारेमा अन्तरक्रिया गराउने ।<br>● विभिन्न भाषाका अक्षरहरु देखाउने ।<br>● स्थानीय ऐतिहासिक स्थलको स्थलगत अध्ययन भ्रमण गराई त्यस सम्बन्धी जानकार व्यक्तिको सहयोगमा त्यसको परिचय र त्यसले हाम्रो पहिचानमा पुऱ्याएको योगदानबारे छलफल गर्ने ।<br>● स्थानीय साँस्कृतिक ऐतिहासिक, पुरातात्विक तथा धार्मिक मठ | ● स्थानीय भाषा बोलन सक्ने विद्यार्थीलाई कक्षामा प्रस्तुत गराउने ।<br>● स्थानीय साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक स्थानको सचित्र अनुच्छेद तयार पार्न लगाउने ।<br>● स्थानीय रुपमा बोलिने विभिन्न भाषामा वाक्यहरु बनाउन लगाउने ।<br>● विभिन्न बाजाहरुको धुन चिन्न लगाउने ।<br>● बाजाहरु बजाउन लगाउने । | २८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | लोकेश्वर, नारायणथान जात्रा, वसिकु जात्रा, थापाली जात्रा, बाघद्धार मेला, सपन तिर्थ मेला, भद्रकाली जात्रा, गणेश पर्व, गठैं मंगल, योमरी पुर्णिमा, गाई जात्रा, तौलिङ्गेश्वरी जात्रा, ठूलो एकादशी जात्रा हरिबोधनी फलारी, स्याल्पा, कपन, मुक्ति, आनी, नागी, पुलहरि, दोर्जे आदि ।<br>● परम्परागत बाजाहरुको परिचय  जस्तै धिमे, बाँसुरी, पुवाँ, नायबाजा, खिङ, पश्चिमा आदि | मन्दिर, गुम्बा,चर्च, मस्जिद आदिको फोटो देखाई चिनाउने ।<br>● स्थानीय क्षेत्रमा उपलब्ध बाजाहरुको फोटो देखाई वा प्रतक्ष्य रुपमा देखाई तिनीहरुको परिचय र प्रयोगबारे बताईदने । जस्तैः धिमे, बाँसुरी, पुवाँ, नायबाजा, खिङ, पश्चिमा आदि ।<br>● उपलब्ध बाजा पालैपालो बजाउन सिकाउने ।<br>● विभिन्न बाजाको धून सुनाउन भिडीयोहरु प्रर्दशन गर्ने । | ● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |
| **सामाजिक मुल्य मान्यता र सकारात्मक व्यवहार** | **समाज र समुदाय** | ● स्थानीय समुदाय र समाजको परिचय दिन<br>● टोल, वडाको परिचय दिन | ● स्थानीय समाज र समुदायको परिचय<br>● स्थानीय टोल र वडाको परिचय | ● विद्यालय नजिकको कुनै एक गाउँ वा ठाउँको अवलोकन भ्रमण गराई त्यहाँ बसोबास गर्ने कुन कुन जात र धर्म मान्ने मानिसहरु बस्छन् भन्ने बारेमा बताई टिपोट गर्न लगाउने र  तिनी व्यक्तिहरुबाट नै समुदाय वा समाजको निर्माण हुन्छ भन्ने कुरा बताउने । जस्तैः समुदाय सामान्यतया जाति र धर्मसँग जोडिएको हुन्छ भने समाज भन्नलाले सबै समुदायका | ● समाजको परिचय दिन लगाउने ।<br>● आफू बसोबास गर्ने टोल र वडाको परिचय दिन लगाउने ।<br>● वडा कार्यालयले दिने सुविधाहरुको बारेमा सूची बनाउन लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | मानिसहरुको बसोबास भएको क्षेत्र भन्ने बुझिन्छ । समाज बहुजाति र बहु धार्मिक हुन्छ ।<br>● आफ्नो विद्यालय रहेको र आफू बसोबास गर्ने ठाउँको टोल र वडाको परिचय दिने ।<br>● स्थानीय वडा कार्यालयमा भ्रमण गराई वडाको काम, कर्तव्यबारे छलफल गर्ने । | | |
| **स्थानीय पेशा, व्यवसाय र आर्थिक क्रियाकलाप** | **कृषि** | ● कृषि उत्पादनको सामान्य फाइदाहरु बताउन | ● तरकारीबाली, पशुपालन, फलफूल, अन्नबाली, पुष्प व्यवसाय आदिका फाइदाहरु | ● कृषि उत्पादनबाट हामीलाई पुग्ने फाईदाहरुको सूची तयार पारी प्रस्तुत गर्ने ।<br>● चित्र देखाइ कृषि उत्पादनको सामान्य फाइदाहरुको बारेमा समुहगत छलफल गराइ प्रस्तुत गर्न लगाउने । | ● कृषि उत्पादनका फाइदाहरु के के हुन् सोध्ने ।<br>● स्थानीय क्षेत्रमा उत्पादन हुने तरकारीहरुको सूची बनाउन लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | ७ |
| | **ब्यापार** | ● समाजमा गरिने पेशा र व्यवसायको परिचय दिन | ● विभिन्न व्यवसायहरुको परिचय जस्तैः पसल व्यवसाय, होटल व्यवसाय, इ व्यवसायको परिचय | ● स्थानीय बजारको अवलोकन भ्रमण गराई त्यहाँ भएका विभिन्न पसलहरुको वर्गीकरण गर्न लगाउने र तिनीहरुको छोटो परिचय दिने । जस्तैः होटेल मानिसहरुलाई खानकुराहरु बेच्ने ठाउँ हो । जहाँ मानिसहरु गएर त्यहाँ उपलब्ध खानेकुराहरु अर्डर गरी खाने गर्दछन् । | ● पेशा, व्यवसायको परिचय दिन लगाउने ।<br>● आफ्नो घरका सदस्यहरु कुन कुन पेशामा संलग्न छन् सूची बनाउन लगाउने ।<br>● आफू बसोबास गर्ने टोलमा भएका व्यवसायहरुको सूची बनाउन लगाउने । | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● विभिन्न व्यवसायमा संलग्न मानिसहरुले गर्ने कार्यले मानिसहरुको पेशा जनाउँदछ भन्ने कुरा बताईदिने । जस्तैः होटेलमा काम गर्ने कुक वा वेटर पेशा । | ● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |
| | **उद्योग** | ● उद्योगको परिचय दिन र बर्गीकरण गर्न | ● विभिन्न वस्तुहरु उत्पादन गर्ने उद्योग र बित्तिय सँस्थाहरुको बर्गिकरण | ● उद्योगको परिचय दिने वा के लाई उद्योग भनिन्छ भन्नेबारेमा बताउने ।<br>● स्थानीय क्षेत्रमा भएका उद्योहरुको सूची बनाई त्यहाँ उत्पादन हुने बस्तुहरुको नाम र फोटो सहित प्रस्तुत गर्ने ।<br>● स्थानीय उद्योगहरुको उत्पादन र सेवाका आधारमा वर्गीकरण गरी प्रस्तुत गर्ने । जस्तैः उत्पादनका आधारमा पानी उद्योग, पाउरोटी उद्योग आदि । सेवाका आधारमा सहकारी, फाइनान्स, बैंक आदि । | ● स्थानीय क्षेत्रमा के कस्ता उद्योग छन् सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● उत्पादनका आधारमा उद्योगहरुको वर्गीकरण गर्न लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने ।<br>● परियोजना कार्य गराउने । | ६ |
| | **पर्यटन** | ● पर्यटकिय क्षेत्रहरुको परिचय दिन र बर्गिकरण गर्न | ● स्थानीय मन्दिर, गुम्बा, निकुन्ज, झरना, भ्रमण क्षेत्रको सामान्य परिचय र बर्गिकरण | ● स्थानीय पर्यटकीय क्षेत्रको अवलोकन गराई उक्त क्षेत्रको परिचय दिने र त्यो ठाउँ कुन प्रकारको पर्यटकिय क्षेत्र हो भन्ने बारेमा बताईदिने । जस्तैः मन्दिर भए धार्मिक, वन भए पर्या पर्यटकीय क्षेत्र आदि । | ● पर्यटकिय क्षेत्रको बर्गिकरण गर्न लगाउने/ परिचय दिन लगाउने ।<br>● आफ्नो घर नजिक रहेको पर्यटकीय क्षेत्रको परिचय चित्र सहित प्रस्तुत गर्न लगाउने । | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • स्थानीय क्षेत्रमा भएका पर्यटकीय क्षेत्रहरुको नक्सा/फोटो सहित सूची बनाई तिनीहरुको वर्गीकरण समेत गरी प्रस्तुत गर्ने र विद्यार्थीहरुमाझ छलफल गर्ने । | • बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |
| **खेलकुद र शारिरीक सुस्वास्थ्य** | **योग, ध्यानको प्रारम्भिक परिचय** | • स्थानीय क्षेत्रमा खेलिने खेलहरुको परिचय दिन<br>• योग ध्यानको परिचय दिन (स्वास प्रस्वास) | • स्थानीय क्षेत्रमा खेलिने खेलहरुको परिचय -भाले जुधाई, कवर्दी, हाँडी फुटाउने आदि ।<br>• योग तथा ध्यानको लागि प्रारम्भिक शारीरिक कसरतको परिचय | • स्थानीय क्षेत्रमा खेलिने परम्परागत तथा प्रचलित खेलहरुको सूची तयार पारी तिनीहरुको परिचय सहित प्रस्तुत गर्ने ।<br>• कुनै प्रचलित खेल विद्यार्थीहरुलाई खेलाउने ।<br>• योग ध्यान भनेको के हो परिचय वा परिभाषा दिने त्यस सम्बन्धीको कुनै भिडीयो प्रस्तुत गर्ने ।<br>• सूक्ष्म व्यायाम (हात खुट्टा औला चलाउने आदि) को भिडियो देखाउने, शिक्षकले गरेर देखाउने र विद्यार्थीहरुलाई अभ्यास गराउने । | • स्थानीय क्षेत्रमा खेलिने खेलहरुको सूची बनाउन लगाउने ।<br>• कुनै खेललाई प्रतियोगीताको रुपमा खेलाउने ।<br>• हात खुट्टा चलाउने अभ्यास गर्न लगाउने ।<br>• खेल, योग ध्यानको परिचय दिन लगाउने । | १० |

**कक्षा ५**

| क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|
| **स्थानीय वातावरण र जैविक विविधता** | **वातावरणको परिचय** | ● प्राकृतिक र मानव निर्मित वातावरणको परिचय दिन | ● प्राकृतिक र मानव निर्मित वातावरण बिचको भिन्नता<br>● वातावरणका सामाजिक तथा आर्थिक तत्वहरुको छोटकरीमा वर्णन | ● विद्यार्थीहरुलाई कक्षाकोठा बाहिर लगेर त्यहाँको वातावरणका प्राकृतिक र मानव निर्मित तत्वहरुको सूची तयार गर्ने र कक्षामा छलफल गरी सबै विद्यार्थीहरुबाट आएका महत्वपूर्ण बुँदाहरु टिपोट गरी चार्टपेपरमा उतारी कक्षाकोठामा टाँस्ने ।<br>● वातावरणका सामाजिक पक्ष र आर्थिक पक्षहरुको सूची तयार गरी उदाहरण सहित वर्णन गर्ने । | ● विद्यार्थीहरुलाई दुइ समुहमा बाँड्ने र एउटा समूहलाई वातावरण पाईने प्राकृतिक तत्वहरुको बारेमा वर्णन गर्न लगाउने र अर्को समूहलाई मानव निर्मित तत्वहरुको बारेमा वर्णन गर्न लगाई समूहगत रुपमा प्रस्तुत गर्न लगाउने ।<br>● आफ्लो विद्यालय र घर वरिपरी भएका वातावरणका सामाजिक पक्ष र आर्थिक पक्षहरुको सूची तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने । | ५ |
| | **भौगोलिक अवस्था** | ● आफ्नो वडाको र नगरपालिकाको भौगोलिक अवस्थिती बताउन | ● आफ्नो विद्यालय भएको ठाउँ नगरपालिकाको भौगोलिक अवस्थाको परिचय | ● विद्यालय भएको स्थान र त्यस वरपरको भौगोलिक अवस्थाको जानकारी गराउने । जस्तैः समथर क्षेत्र, भिरालो क्षेत्र, खाली ठाउँ, नदीनाला, बाटो, खेती योग्य जमीन, घरहरु भएको क्षेत्र आदि ।<br>● बुढानीलकण्ठ नगरपालिकाभित्रका ठाउँहरुको भौगोलिक अवस्था बर्णन गर्ने । | ● आफ्नो घर वरपरको फोटो खिची उक्त ठाउँको भौगोलिक अवस्थाको बारेमा वर्णन गर्न लगाउने । विद्यार्थीहरुले मोबाइल ल्याउन नपाउने अवस्थामा कुनै अन्य स्रोतबाट वा फोटो प्रिन्ट गरी प्रस्तुत गर्न सक्नेछन् ।<br>● आफू बसेको वडाको भौगोलिक अवस्थाको छोटो परिचय दिन लगाउने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **जैविक विविधता** | ● स्थानीय क्षेत्रमा पाईने चराहरुको सूची बनाउन | ● स्थानीय क्षेत्रमा पाईने चराहरुको सूची | ● नजिकको वन क्षेत्रको अवलोकन भ्रमण गराई त्यहाँ देखिएका चराहरुको सूची बनाउन लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>● स्थानीय क्षेत्रमा पाईने चराहरुको सूची विभिन्न स्रोतहरुबाट खोजी विद्यार्थीहरुमाझ प्रस्तुत गर्ने । यसका लागि सम्भव भएसम्म चराहरुको चित्र/फोटो समेत प्रर्दशनी गर्ने । | ● विद्यार्थीहरुलाई आफ्नो घर वरिपरी र नजिकको वनमा पाईने चराहरुको सूची बनाउन लगाउने ।<br>● विद्यार्थीहरुलाई आफ्नो घर वरिपरी र नजिकको वनमा पाईने चराहरुका बारेमा छाटो वर्णन गर्न लगाउने । | ६ |
| | **जलस्रोत** | ● पानी शुद्धिकरणका उपायहरु अभ्यास गर्न | ● खानेपानी दुषित हुने कारणहरबारे जानकारी<br>● पानी शुद्धिकरणका उपायहरु | ● पानी दुषित हुने कारणहरु विद्यार्थीहरुसँग छलफल गरी बुँदागत रुपमा चार्टपेपरमा लेख्ने र कक्षाकोठाको सुचनापाटीमा टाँस्ने ।<br>● पानी शुद्धिकरणका उपायहरुको बारेमा वर्णन गर्ने । जस्तैः उमाल्ने, फिल्टर गर्ने, बजारमा पाईने पानी शुद्धिकरण गर्ने विभिन्न औषधिहरुको प्रयोग गर्ने विधिबारे जानकारी गराउने । | ● आफ्नो घरमा खानेपानीको शुद्धिकरणका लागि अपनाईएका विधिहरुको बारेमा वर्णन गर्न लगाउने ।<br>● पानी शुद्धिकरणका विधिहरुमध्ये कुनै एक बिधिको सचित्र वर्णन गर्न लगाउने । | ५ |
| | **वतावरण प्रदुषण** | ● स्थानीय वातावरण प्रदुषणका प्रकारहरु -जल, वायु, ध्वनि, जमीन) छुट्याउन | ● स्थानीय प्रदूषणका प्रकारहरु (वायु, जल, जमीन र ध्वनी प्रदूषण)<br>● वायु प्रदूषणको असर, कारण र रोकथामका उपायहरु<br>● जल प्रदूषणको असर, कारण र रोकथामका उपायहरु | ● प्रदूषणको परिभाषा दिने<br>● नजिकैको खोलानाला, वजार कलकारखानाको अवलोकन भ्रमण गराई त्यसक्षेत्रमा देखिएका प्रदूषण वारे टिपोट गर्न लगाउने र समूहगत छलफल गर्न लगाउने ।<br>● प्रदूषणको प्रकारहरुबारे जानकारी दिइ त्यसको कारण, असर र | ● प्रदुषणको परिचय दिन लगाउने ।<br>● आफ्नो घर वरिपरि देखिने प्रदूषण झल्किने किसिमको चित्र बनाई कक्षाकोठामा प्रस्तुत गर्न लगाउने ।<br>● नजिकैको खोलानाला ,ताल मठमन्दिरको भ्रमण गरी | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ● जमिन प्रदूषणको असर, कारण र रोकथामका उपायहरु<br>● ध्वनी प्रदूषणका असर, कारण र रोकथामका उपायहरु<br>● स्थानीय खोला नाला, गाउँशहरमा भएका प्रदूषण वारे जानकारी | रोकथामका उपायहरु वारे वताइदिने ।<br>● कुनै प्रदुषित क्षेत्रको स्थलगत भ्रमण गराई उक्त क्षेत्रलाई कसरी प्रदुषण मुक्त गर्न सकिन्छ छलफल गर्ने/गराउने । | त्यहाँको प्रदूषणको अवस्थाकोबारेमा एउटा परियोजना तयार पारेर कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>● बहुबैकल्पिक प्रशनहरु गर्ने । | |
| | **फोहोरमैला व्यवस्थापन** | ● फोहोरमैलाको असर बताउन | ● फोहोर मैलाका असर (घाउ खटिरा, झाडापखाला, जुका, आँखा पाक्ने, वातावरण प्रदुषण ) | ● नजिकैको फोहोर फँ्याकिएको ठाउँ वा डम्पिङ साइटको अवलोकन भ्रमण गरी त्यहाँ देखिएका फोहोरको अवस्थाबारे छलफल गर्ने ।<br>● फोहरमैलाको असरको सूची चार्ट बनाई प्रदर्शन र प्रश्नोत्तर गर्ने ।<br>● फोहोरका असरहरु झल्किने विभिन्न पोष्टर तथा भिडीयोहरु प्रदर्शन गर्ने ।<br>● विद्यालयमा वेग्लावेग्लै भाडो राखी सड्ने नसड्ने फोहोर संकलन गर्न लगाई सड्ने फोहरवाट प्राङगारिक मल वनाउन सिकाउने । | ● विद्यालयमा निस्कने फोहोरको सूची बनाई वर्गीकरण गर्न लगाउने ।<br>● फोहोरका कारण मानव स्वास्थ्यमा पर्ने नकरात्मक असरहरको सूची बनाउन लगाउने ।<br>● सड्ने फोहोरलाइ मल बनाउने प्रक्रियाका बारेमा वर्णन गर्न लगाउने ।<br>● हात धुने अभ्यास गराउने ।<br>● बहु-बैकल्पिक प्रश्नोत्तर गर्ने । | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● हात धुने प्रक्रिया सिकाई अभ्यास गराउने । | | |
| **प्रकोप तथा विपद् व्यवस्थापन** | **प्रकोप तथा विपद्को पहिचान र बच्ने उपाय** | ● भूक्षय, पहिरो, बाढी तथा डुबानको बारेमा बताउन<br>● सवारी दुर्घटनाबाट बच्ने उपयाहरु बताउन | ● वर्षाको वेला बाढीले हुने भूक्षय, वनजंगल नहुँदा पहिरो जाने, गलत संरचनाको कारण हुने डुबानको परिचय र असर<br>● सवारी दुर्घटनाबाट बच्ने उपायहरु | ● भूक्षय, पहिरो, बाढी तथा डुबान संभावित स्थानीय स्थानहरुको प्रत्यक्ष भ्रमण गराई त्यसबारे परिचय दिने ।<br>● स्थानीय क्षेत्रमा भएका प्राकृतिक प्रकोपहरुको सूची बनाई त्यसले पारेको असरबारे छलफल तथा पत्रपत्रिका लगायतका सूचनाको स्रोतहरुबारे प्रस्तुती दिने ।<br>● ट्राफिक प्रहरीबाट ट्राफिक नियमहरुको बारेमा अन्तरक्रिया गर्ने ।<br>● सवारी दुर्घटना कम गर्न अपनाउनुपर्ने बिधिहरुको बारेमा विभिन्न भिडियो तथा पोस्टरहरु प्रस्तुत गर्ने । जस्तैः जेब्रा क्रसिङबाट बाटो काट्ने, फुटपात प्रयोग गर्ने, सडकको दायाँबाट मात्र हिड्ने । तोकिएको गतिमा मात्र गाडी कुदाउने । ट्राफिक नियम पालना गर्ने । | ● भूक्षय, पहिरो, बाढी तथा डुबानका बारेमा छोटो वर्णन गर्न लगाउने<br>● प्रकोपका कारण निम्तिने असरहरको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● सवारी दुर्घटनाबाट बच्ने उपयहरुको बारेमा बक्तित्वकलाको आयोजना गर्ने । | १० |
| **धार्मिक, सांस्कृतिक, ऐतिहासिक** | **स्थानीय साँस्कृतिक** | ● स्थानीय भाषा र ऐतिहासिक स्थलको महत्व बताउन | ● स्थानीय भाषा र ऐतिहासिक स्थलको महत्व | ● स्थानीय महत्वपूर्ण सम्पदा, नाच जात्राहरुको अवलोकन भ्रमण गराई उक्त क्षेत्रको महत्वबारे | ● आफ्नो विद्यालय वा घर नजिक भएको कुनै एक धार्मिक वा साँस्कृतिक वा | २८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **र भाषिक सम्पदा** | **सम्पदाको पहिचान र परम्परागत बाजाको महत्व** | • परम्परागत बाजा बजाउने अभ्यास गर्न | • धिमे, बाँसुरी, पुवाँ, नायबाजा, खिङ, पश्चिमा आदि)को परिचय | बताईदिने । जस्तैः बुढानीलकण्ठ, धर्मपुर, डठुगाउँ, टनगाउँ, धनगाउँ, लोकेश्वर, नारायणथान जात्रा, वसिकु जात्रा, थापाली जात्रा, बाघद्धार मेला, सपन तिर्थ मेला, भद्रकाली जात्रा, गणेश पर्व, गठैँ मंगल, योमरी पुर्णिमा, गाई जात्रा, तौलिङ्गेश्वरी जात्रा, ठूलो एकादशी जात्रा हरिबोधनी एकादशी मेला जात्रा आदि)<br>• स्थानीय साँस्कृतिक सम्पदा सम्बन्धी विज्ञसँग छलफल गरी स्थानीय क्षेत्रका सम्पदाको महत्वबारे बुझाउने ।<br>• स्थलगत अवलोकन भ्रमण, स्थानीय बाद्यवादक विशेषज्ञसँग भेटघाट तथा अन्तरक्रिया तथा बाजा बजाउने अभ्यास गर्न सिकाउने, जस्तैः धिमे बनाउन, बाँसुरी बजाउन आदि) । | ऐतिहासिक समपदाको परिचय र महत्व लेखेर कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>• स्थानीय स्तरमा मनाइने कुने एक पर्व तथा जात्राको बारेमा वर्णन गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>• कुनै एक परम्परागत बाजाको परिचय दिन लगाउने ।<br>• समुहमा बाजा बजाउन लगाउने ।<br>• बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |
| **सामाजिक मुल्य मान्यता र सकारात्मक व्यवहार** | **समाज र समुदाय** | • स्थानीय समुदाय र समाजको बनोटको परिचय दिन<br>• टोल, वडा, संघसंस्थाको परिचय दिन | • परिवारबाट समुदाय, समुदायबाट समाजको निर्माण सम्बन्धि अवधारणा<br>• टोल, वडा , संघ संस्था प्रति जानकारी, नीति नियम, आचारसंहिता, जनचेतना | • परिवार,समुदाय र समाज बनोटका विभिन्न चार्टहरु प्रयोग गरी त्यस सम्बन्धि जानकारी दिने ।<br>• परिवार, समुदाय र समाजको नमूना अभिनय गराउने । | • समुदाय र समाजको बनोटबारे बताउन लगाउने ।<br>• वडा कार्यालयहरुले दिने सेवा सुविधा सम्बन्धी सूची तयार पार्न लगाउने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | फैलाउने, वातावरण संरक्षणमा व्यक्ति र समाजको भूमिका | ● स्थानीय क्षेत्रमा भएका विभिन्न संघसंस्थाहरुको अवलोकन भ्रमण गराइ तिनीहरुले गर्ने कार्यहरुका बारेमा छलफल गर्ने ।<br>● वडा कार्यलयले गर्ने कार्यहरुका बारेमा बताईदिने । | ● अवलोकन भ्रमणका आधारमा संघसंस्था सम्बन्धी छाटो टिपोट गर्न लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |
| | **सामाजिक कुरिती** | ● सामाजिक कुरितीका असरहरु बताउन | ● सामाजिक कुरितीहरु र त्यस विरुद्ध स्थानीय क्षेत्रमा गर्न सकिने कार्यक्रमहरु<br>● जस्तैःबाल विवाह, बहु विवाह, आर्थिक विभेद - धनी गरीबको भिन्नता, लैङ्गीक विभेद, जातिय विभेद तथा सामाजिक विभेदको न्यूनिकरण<br>● कार्यक्रमहरु जस्तैः घरदैलो, सचेतना, पोष्टरिङ्ग, -याली, सडक नाटक आदि)<br>● स्थानीय क्षेत्रमा हुने धुम्रपान, मद्यपान, लागु औषध जस्ता दूर्व्यसनीबाट व्यक्ति तथा समुदायमा पार्ने असर | ● घर समाजमा हुने सामाजिक कुरीतिहरुको नाम तथा यसको रोथामको उपायहरुको बारेमा छलफल गरी चार्ट पेपरमा लेख्ने र कक्षामा प्रस्तुत गर्ने ।<br>● कुरीति विरुद्धको भिडीयो देखाउने वा सामुहिक रुपमा अभिनय गर्न लगाउने ।<br>● स्थानीय क्षेत्रमा हुने धुम्रपान, मद्यपान, लागु औषध जस्ता दूर्व्यसनीबाट व्यक्ति तथा समुदायमा पार्ने असरको सूचि बनाई प्रस्तुत गर्ने । | ● घर समाजमा हुने सामाजिक कुरीतिहरुको नाम तथा यसको रोथामको उपायहरु बताउन लगाउने ।<br>● धुम्रपान, मद्यपान, लागु औषध जस्ता दूर्व्यसनीबाट व्यक्ति तथा समुदायमा पार्ने सक्ने असर बताउन लगाउने<br>● धुम्रपान, मद्यपान, लागु औषध जस्ता दूर्व्यसनीले समाजमा पार्ने असरहरु झल्किने गरी समुहगत रुपमा अभिनय गर्न लगाउने । | **१०** |
| **स्थानीय पेशा, व्यवसाय र आर्थिक क्रियाकलाप** | **कृषि** | ● कृषि उत्पादनको सामान्य बिधिहरु बताउन | ● तरकारीबाली, पशुपालन,<br>● कौशी खेति, पुष्प व्यवसाय गर्ने सामान्य बिधिहरु) | ● कृषि उत्पादनहरुको उत्पादनको बिधि प्रस्ट पार्न सम्भव हुने क्षेत्रको अध्ययन भ्रमण गराउने । | ● तरकारी खेतीको परिचय दिन लगाउने ।<br>● विद्यार्थीहरुको समुह बनाई विद्यालयमा पुष्प बगैंचा | **७** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● कुनै एक वा दुई कृषिखेतीको विधि तथा गर्ने तरिकाबारे स्थानीय विज्ञसँग छलफल गर्ने, गराउने ।<br>● विद्यालयको खाली क्षेत्रमा तरकारी खेती गर्न सिकाउने । | तथा तरकारी खेती गर्न लगाउने । | |
| | **व्यापार** | ● व्यापार, पेशा र व्यवसायको फाइदाहरु बताउन | ● पसल व्यवसाय, होटल व्यवसाय, इ व्यवसायको फाइदाहरु) | ● पसल व्यवसाय बाट हुने फाइदाहरुका बारेमा बुँदागत रुपमा बताईदिने ।<br>● स्थानीय व्यवसायीसँग व्यापारका फाइदा बेफाईदाबारे छलफल गर्न लगाई निष्कर्ष दिने । | ● व्यवसाय बाट हुने फाइदाहरुको सूची तयार पार्न लगाउने ।<br>● आफ्नो घरपरिवारका सदस्यहरुले गर्ने व्यवसायका बारेमा छोटो परिचय लेखी प्रस्तुत गर्न लगाउने ।<br>● बहुवैकल्पिक प्रश्नहरु गर्ने । | **६** |
| | **उद्योग** | ● उद्योगको सामान्य फाइदाहरु बताउन | ● साना तथा घरेलु, मझौला र ठूला उद्योग, बित्तिय संस्थाहरु बाटहुने फाइदाहरु) | ● उद्योगबाट बाट हुने फाइदाहरु के कस्ता हुन सक्छन् छलफल गरि वर्णन समेत गरिदिने ।<br>● स्थानीय उद्योगको अवलोकन भ्रमण गराई त्यसबाट समुदायमा पुगेका फाईदाहरुको बारेमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्ने । | ● उद्योगबाट बाट हुने फाइदाहरुको सुचि तयार पार्न लगाउने ।<br>● अवलोकन भ्रमणका आधारमा कुनै एक उद्योगको परिचय र त्यसबाट भएका फाइदाहरुबारे उल्लेख गरी प्रस्तुत गर्न लगाउने । | **६** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **पर्यटन** | • पर्यटकिय क्षेत्रहरुको विस्तृत परिचय दिन | मन्दिर, गुम्बा, निकुन्ज, झरना, भ्रमण क्षेत्रको भौगोलिक अबस्थिती र परिचय | • पर्यटकिय क्षेत्रहरु कता र कुन क्षेत्रमा रहेका छन् नक्सा प्रयोग गरि प्रस्ट पार्न सिकाउने ।<br>• स्थानीय पर्यटकीय क्षेत्रको भ्रमण गराई त्यसको परिचय, भौगोलिक अवस्थिती, महत्व बताईदिने । | • नक्सा हेरी कुन पर्यटकिय क्षेत्र कता पर्दछ भनि चिन्न लगाउने ।<br>• आफ्नो विद्यालय वा घर नजिकै रहेको कुनै एक पर्यटकीय क्षेत्रको विस्तृत रुपमा लेख्न लगाउने ।<br>• नक्सा प्रयोग नगरी पर्यटकिय क्षेत्रहरुको स्थान भन्न लगाउने । | **६** |
| **खेलकुद र शारिरीक सुस्वास्थ्य** | **खेल, योग, ध्यानको प्रारम्भिक परिचय** | • स्थानीय क्षेत्रमा खेलिने खेलहरुको महत्व बताउन<br>• योग ध्यानका फाइदा बताउन | • स्थानीय खेलहरुको महत्व<br>• योग तथा ध्यानको लागि प्रारम्भिक शारीरिक कसरत गर्ने जस्तैः Juggin, प्रणयाम | • स्थानीय क्षेत्रमा खेलिने खेलहरुको महत्वको सूची तयार पारी कक्षामा प्रस्तुत गर्ने । जस्तैः परम्परागत अभ्यास कायम, शारिरीक तन्दुरुस्ती आदि ।<br>• सूक्ष्म व्यायामको भिडियो देखाउने, शिक्षकले गरेर देखाउने र विद्यार्थीहरुलाई अभ्यास गराउने ।<br>• योग ध्यानको फाईदाहरुबारे चर्चा गर्ने (शारिरीक तथा मानसिक फाईदा) | • स्थानीय क्षेत्रमा खेलिने खेलहरुको महत्वको सूची बनाउन लगाउने ।<br>• योग ध्यानका फाइदा बताउन लगाउने ।<br>• कुनै एक स्थानीय खेलको प्रतियोगितात्मक रुपमा आयोजना गर्ने । | **१०** |

## कक्षा ६

| क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|
| **स्थानीय वातावरण र जैविक विविधता** | **वातावरणको परिचय** | • वातावरण र मानव बिचको अन्तर सम्बन्ध बताउन | • वातावरण र मानव बिचको अन्तर सम्बन्धको बोरमा परिचय र महत्व | • वातावरण र मानवबिचको सम्बन्धको बारेमा उदाहरण सहित वर्णन गर्ने । जस्तैः मानिस र रुखको सम्बन्ध, मानिस र हावाको सम्बन्ध, मानिस र पानीको सम्बन्ध आदि ।<br>• विद्यार्थीहरुलाई कक्षाकोठा बाहिर लगी वातावरण र मानवबिचको सम्बन्ध झल्काउने चित्र बनाउन लगाई पालैपालो प्रस्तुत गर्न लगाउने । | • मानवले वातावरणबाट पाउने कुनै ५ वटा फाईदाहरुको बारेमा वर्ण गर्न लगाउने ।<br>• विद्यार्थीहरुलाई आफ्नो टोलछिमेकमा वातावरण संरक्षणमा भएका प्रयासहरुको बारेमा वर्णन गर्न लगाउने । | ५ |
| | **भौगोलिक अवस्था** | • बुढानीलकण्ठ नगरपालिकाको नक्सा बनाउन | • बुढानीलकण्ठ नगरपालिकाले ओगटेको क्षेत्रलाई रेखांकन गर्ने<br>• बुढानीलकण्ठ नगरपालिकाको समान्य नक्सा र संकेत चिन्हहरु | • बुढानीलकण्ठ नगरपालिकाले ओगटेको क्षेत्रको बारेमा बर्णन गर्ने ।<br>• बुढानीलकण्ठ नगरपालिकाको नक्सा देखाई वरिपरीका सिमानाहरुको जानकारी दिने ।<br>• बुढानीलकण्ठ नगरपालिकाको समान्य नक्सा बनाई त्यसमा संकेत/ चिन्हहरु राख्न सिकाउने । | • बुढानीलकण्ठ नगरपालिकाको नक्सा बनाई आफू बसोबास गर्ने वडा देखाउन लगाउने ।<br>• आफ्नो घरदेखि विद्यालयसम्म जाने बाटोहरुको रेखांकन गरी कक्षा कोठामा प्रस्तुत गर्न लगाउने । | ५ |
| | **जैविक विविधता** | • स्थानीय क्षेत्रमा पाईने चराहरुको संरक्षणका उपायहरु बताउन<br>• वनका प्रकार, परिचय र महत्व - निजी वन, | • स्थानीय क्षेत्रमा पाईने चराहरुको संरक्षणका उपायहरु<br>• वनका प्रकार | • वतावरणमा चराहरुको महत्वबारे छलफल गरी महत्वहरु बुँदागत रुपमा प्रस्तुत गर्ने ।<br>• चरा संरक्षणका लागि स्थानीय स्तरमा गर्न सकिने क्रियालापहरुका बारेमा बताउने ।<br>• बुढानीलकण्ठ क्षेत्रमा भएका व्यवस्थापनका आधारमा वनका | • चरा संरक्षणको आवश्यकताका बारेमा छोटो रिपोर्ट तयार गर्न लगाउने<br>• स्थानीय क्षेत्रमा पाईने चरा संरक्षणका लागि विद्यार्थीहरुले गर्न सक्ने प्रयासहरुको सूची तयार गर्न लगाई कक्षाकोठामा प्रस्तुत गर्न लगाउने । | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कबुलियती, धार्मिक, सामुदायिक, राष्ट्रिय वन–राष्ट्रिय निकुञ्ज) छुट्याउन | | प्रकारहरको सूची बनाइ छोटकरीमा वर्णन गर्ने । जस्तैः निजी वन, सामुदायिक वन, संरक्षित वन, धार्मिक वन आदि)<br>● वनबाट हुने फाईदाहरुको बारेमा छलफल गरी निष्कर्ष दिने । | ● आफ्नो घर वा विद्यालय नजिक भएको कुनै एक वनको अवलोकन गरी त्यसको बारेमा वर्णन गर्न लगाउने ।<br>● बुढानीलकण्ठ नगरपालिका क्षेत्रभित्र पाईने जडीबुटी जन्य वनस्पतिहरुको सूची तयार गर्न लगाउने । | |
| | **जलस्रोत** | ● जलस्रोत संरक्षण तथा व्यवस्थापनका उपायहरु | ● जलस्रोतका फाईदाहरु<br>● जलस्रोत संरक्षण र व्यवस्थापनका उपायहरु | ● जलस्रोतबाट हुने फाईदाहरुको बारेमा छलफल गरी बुँदागत रुपमा प्रस्तुत गर्ने ।<br>● विद्यालय नजिकको कुनै एक जलस्रोत क्षेत्रको अवलोकन गराई त्यसको संरक्षण र व्यवस्थापनका लागि गरेका प्रयासहरुको बारेमा जनाकारी गराउने । जस्तैः फोहोर फाल्न मनाहि गरेको, तटबन्ध निर्माण गरेको, विरुवा लगाएको आदि । | ● आफ्नो घर नजिकैको कुनै एक जलस्रोत क्षेत्रको अवलोकन गरी त्यसको संरक्षण र व्यवस्थापनका लागि गरेका प्रयासहरुको खोजी गरी बुँदागत रुपमा लेखेर कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>● बुढानीलकण्ठ नगरपालिका वा नजिकको वडा कार्यालयको भ्रमण गरी नगरपालिका र त्यस सम्बन्धी वडाहरुले जलस्रोत संरक्षणमा गरेका प्रयासहरुको सूची तयार गरी प्रस्तुति गर्न लगाउने । | **६** |
| | **खनिज** | ● खनिजको परिचय र स्थानीय क्षेत्रमा पाईने खनिजहरुको नाम बताउन | ● खनिजको परिचय<br>● स्थानीय क्षेत्रमा पाईने खनिजहरु | ● खनिजको बारेमा छोटकरीमा परिभाषा सहित वर्णन गर्ने । विभिन्न खनीज पदार्थहरुको फोटो प्रर्दशन गर्ने ।<br>● विद्यार्थीहरुलाई उपलब्ध भएसम्म नजिकको कुनै खानीको आलोकन भ्रमण गराई त्यहाँबाट निस्कने खनीजहरु जस्तै ढुंगा, बालुवा, | ● आफ्नो टोल छरछिमेकमा सल्लाह गरी त्यहाँ पाईने खनीज पदार्थहरुको सूची बनाई कक्षा कोठामा प्रस्तुत गर्ने । | **५** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | चुनढुंगा, कमेरो, कालीमाटी आदि चिनाउने ।<br>● स्थानीय क्षेत्रमा पाईने खनीजहरुको सूची बनाई प्रस्तुत गर्ने । | | |
| | **वतावरण प्रदुषण** | ● स्थानीय वातावरण प्रदुषणका कारण र असरहरु -जल, वायु, ध्वनि, जमीन) छुट्याउन | ● वायु प्रदूषणको कारण, असर र रोकथामका उपायहरु<br>● जल प्रदूषणको कारण, असर र रोकथामका उपायहरु<br>● जमिन प्रदूषणको कारण, असर र रोकथामका उपायहरु<br>● ध्वनी प्रदूषणका कारण, असर र रोकथामका उपायहरु | ● प्रदुषणको परिचय सहित विभिन्न प्रदूषणको प्रकारहरुबारे जानकारी दिइ त्यसको कारण, असर र रोकथामका उपायहरु वारे छलफल गरी वताइदिने ।<br>● स्थानीय क्षेत्रमा भएका प्रदुषणहरुको सूची बनाई प्रस्तुत गर्ने ।<br>● नजिकैको खोला, नदी, पोखरी, खोल्सा वा डम्पिङ्ग साइटको भ्रमण गराई त्यहाँ देखिएका प्रदुषणहरुको बारेमा बताइ त्यसबाट समुदायमा परेका असरहरु र त्यसको रोकथामका उपायहरुबारे बुँदागत रुपमा बताईदिने । | ● आफ्नो घर वरिपरि देखिने प्रदूषण झल्किने किसिमको चित्र बनाउन लगाई त्यो प्रदूषण कम गर्न हामीले गर्न सकिने कार्यहरुको बारेमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>● प्रदुषणका प्रकार र असरहरुबारे लेख्न लगाउने ।<br>● नजिकैको खोलानाला, ताल मठमन्दिरको भ्रमण गरी त्यहाँको प्रदूषणको अवस्थाकोबारेमा एउटा परियोजना तयार पारेर कक्षामा प्रस्तुत गर्न लगाउने । | ७ |
| | **फोहोरमैला व्यवस्थापन** | ● फोहोरमैला व्यवस्थापनको परिचय दिन (Reduce, Reuse, Recycle-3R+) | ● फोहर मैलाको व्यवस्थापन<br>● व्यवस्थापनको तरिका : कम गर्ने, पुनः प्रयोग, प्रसोधन तथा प्रयाउग अगाडी एकपटक सोच्ने (3R+: | ● फोहोर व्यवस्थापनको परिचय दिने ।<br>● फोहोर व्यवस्थापनका तरिकाहरुबारे भिडीयो प्रस्तुत गर्ने । | ● आफ्नो घरबाट निस्कने फोहोरलाई जैविक र अजैविक मा वर्गीकरण गरेर सूची तयार पारी प्रस्तुत गर्न लगाउने । | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | Reduce, Reuse, Recycle, Rethink) | ● कक्षाकोठा वाट निस्कने फोहरलाई व्यवस्थापन गर्न लगाउने ।<br>● ठोस फोहोरहरूको पुनः प्रयोग गरेर वनाइएका सामानहरू देखाएर 3R को सिदान्तबारे बुझाउने ।<br>● सौराहा मा भएको हात्तीको मलबाट कागज बनाउने केन्द्रको भ्रमण वा  अरू पुनः कागज बनाउने केन्द्रका भ्रमण गराउने ।<br>● कागजहरूको पुन प्रयोग गरेर फोटो फ्रेम लगायत विभिन्न सामग्रीहरूको निर्माण गर्न सिकाउने ।<br>● तरल फोहोरको व्यवस्थापनबारे बताउने । जस्तैः सब्जी पखालेको पानी करेसाबारीमा प्रयोग गर्ने । | ● आफ्नो घरबाट निस्कने फोहोरहरूलाई कसरी व्यवस्थापन गरिएको छ कक्षामा छलफल गर्न लगाई निचोडलाई समुहगत रुपमा प्रस्तुत गर्न लगाउने ।<br>● पुन : प्रयोग गरेर कागज वा प्लाष्टिकको कुनै एक सामग्री तयार पारेर प्रदर्शन गर्न लगाउने ।<br>● तरल फोहोर व्यवस्थापनका उपायहरुको सूची बनाउन लगाउने । | |
| **प्रकोप तथा विपद् व्यवस्थापन** | **प्रकोप तथा विपद्को पहिचान र बच्ने उपाय** | ● प्राकृतिक तथा मानविय गतिविधिका कारण हुने प्रकोप तथा विपद् व्यवस्थापनबारे बताउन | ● विभिन्न प्रकोपहरुको कारण, असर, क्षति न्यूनीकरण तथा रोकथामका उपायहरु ।<br>● सवारी दुर्घटना न्यूनीकरणका उपायहरु | ● स्थानीय स्तरमा त्यस्ता विपदहरु भोगेका मानिसहरुसँग अन्तरक्रिया गर्ने र अनुभव सुन्ने । जस्तैः आगालागी, घर आगलानी, डुबान हुनको  मुख्य कारण, रोकथाम तथा क्षति न्यूनीकरण गर्ने उपायहरु ।<br>● स्थानीय विज्ञहरुसँग प्रकोप/विपद् सम्बन्धी छलफल गरी त्यसको | ● मानविय कारणबाट निम्तिन सक्ने विपद्हरुको सूची तयार पारी प्रस्तुत गर्न लगाउने ।<br>● आगालागी, घर आगलानी, डुबानबाट आईपर्न सक्ने खतराहरुलाई कम गर्न हामीले गर्न सक्ने | **२५** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ● सवारी दुर्घटना न्यूनीकरणका उपायहरु बताउन | | असर न्यूनीकरणका लागि स्थानीय स्तरम ागर्न सकिो क्रियाकलापहरुको सूची प्रस्तुत गर्ने ।<br>● नजिकैको प्रकोपजन्य क्षेत्रको अवलोकन भ्रमण गराई त्यहाँ देखिएका समस्याहरुबारे छलफल गर्ने ।<br>● स्कूल प्रांगणमा वा अरु स्थानीयहरु सहित विभिन्न अवसर पारेर विद्यार्थीहरुको र्‍याली गर्ने ।<br>● सवारी दुर्घटना न्यूनीकरणका लागि हामीले अपनाउनुपर्ने सावधनीहरुका बारेमा स्थानीय ट्राफीक प्रहरी वा जानकार व्यक्तिसँग छलफल गर्ने/गराउने र निष्कर्ष दिने ।<br>● सवारी दुर्घटना न्यूनीकरणबारे जनस्तरमा जनचेतना कार्यक्रम संचालन गर्ने । जस्तै र्‍याली, छलफल, पोस्टर प्रकाशन आदि । | कार्यहरुको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● बि.सं. २०७२ सालको भूकम्पबारे अभिभावकलाई सोधेर छोटकरीमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>● सडक दुघटना क मगर्ने उपायहरुको बारेमा प्रस्तुत गर्न लगाउने ।<br>● विभिन्न दुर्घटना, प्रकोप, विपद् आदिको असर न्यूनीकरणका लागि जनचेतना किन आवश्यक छ भन्ने बारेमा परियोजना बनाउन लगाउने । | |
| **धार्मिक, साँस्कृतिक, ऐतिहासिक र भाषिक सम्पदा** | **स्थानीय साँस्कृतिक सम्पदाको पहिचान र** | ● स्थानीय साँस्कृतिक ऐतिहासिक, पुरातात्विक तथा धार्मिक मठ मन्दिर, गुम्बा,चर्च, मस्जिद | ● विभिन्न स्थानीय साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक तथा धार्मिक मठ मन्दिर, गुम्बा,चर्च, मस्जिदहरुको | ● विभिन्न स्थानीय साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक स्थानहरुको प्रत्यक्ष भ्रमण गराउने र तिनीहरुको परिचय सहित महत्वबारे बताउने । जस्तैः | ● आफ्नो विद्यालय वा घर नजिक रहेका कुनै दुईवटा ऐतिहासिक/साँस्कृतिक क्षेत्रको परिचय लेखी | **३०** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **परम्परागत बाजाको महत्व** | आदिको परिचय दिन<br>● काठमाण्डौ उपत्यकाको विश्व सम्पदाको सूचिमा परेका क्षेत्रहरुको बारेमा बताउन<br>● परम्परागत बाजाको उपयोगिता बताउन | परिचय, महत्व तथा संरक्षणबारे जानकारी<br>● काठमाण्डौ उपत्यकाको विश्व सम्पदाको सूचि र परिचय<br>● परम्परागत बाजाहरुको उपयोग तथा महत्वबारे जनकारी | बुढानीलकण्ठ, भद्रकाली, लक्ष्मी देवता, कृष्ण मन्दिर, राम मन्दिर, बालकुमारी, पञ्चकुमारी स्तुपा, शिव मन्दिर, गणेश मन्दिर, बंगलामुखी,नैनीस्थान गुम्बाहरुः फलारी, स्याल्पा, कपन, मुक्ति, आनी, नागी, पुलहरि,दोर्जो आदि महत्व जान्दै संरक्षणका उपायहरु बताईदिने ।<br>● स्थानीय सम्पदासँग सम्बन्धित चित्रहरु कक्षामा प्रस्तुत गरी विज्ञहरुसँग भेटघाट तथा छलफल गराउने ।<br>● काठमाडौं उपत्यका भित्र रहेका विभिन्न सम्पदाहरु मध्ये विशव सम्पदा सूचीमा परेका क्षेत्रहरुको सूची तयार पारी तिनीहरुको छोटो परिचय सहित प्रस्तुत गर्ने र तिनीहरुको फोटो देखाउने वा कुनै एकको अवलोकन भ्रमण गराउने ।<br>● स्थानीय क्षेत्रमा उपलब्ध परम्परागत बाजाहरु सम्भव भए प्रतक्ष्य वा फोटोहरु कक्षामा प्रस्तुत गर्ने, सो को प्रयोग कहिले, किन र कुन समुदायले प्रयोग गर्छन जानकारी दिने । धिमे, | कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>● विश्व सम्पदामा सूचीकृत क्षेत्रहरुको सूची बनाउन लगाउने ।<br>● कुनै दुईवटा परम्परागत बाजाहरुको उपयोग र महत्वबारे बारेमा उल्लेख गर्न लगाउने ।<br>● विद्यालयमा उपलब्ध बाजा पालैपालो बजाउन लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | बाँसुरी, पुवाँ, नायबाजा, खिङ, पश्चिमा आदि किन, कहाँ र कसरी प्रयोग गर्न सकिन्छ भन्ने बारे बताईदिने । जस्तैः धिमे, पुँवा आदि नेवारी पर्वजात्रामा बजाउने गरिन्छ । | | |
| **सामाजिक मुल्य मान्यता र सकारात्मक व्यवहार** | **समाजको अवधारणा र सामाजिक कुरितीहरु** | • बाल विवाह, बहु विवाहबारे बताउन<br>• आर्थिक विभेद - धनी गरीबको भिन्नता), लैङ्गीक विभेद, जातिय विभेद सामाजिक विभेद पहिचान गर्न<br>• सामाजिक कुरितीहरु विरुद्ध स्थानीय क्षेत्रमा गर्न सकिने कर्यहरुबारे बताउन<br>• स्थानीय क्षेत्रमा हुने धुम्रपान, मद्यपान, लागु औषध जस्ता दूर्व्यसनीको नियन्त्रणका उपायहरु बताउन | • बाल विवाह, बहु विवाह, आर्थिक विभेद - धनी गरीबको भिन्नता), लैङ्गीक विभेद, जातिय विभेद तथा सामाजिक विभेदको असर र न्यूनिकरण<br>• सामाजिक कुरितीहरु विरुद्ध स्थानीय क्षेत्रमा गर्न सकिने कार्यक्रमहरु<br>• धुम्रपान, मद्यपान, लागु औषधी दुर्व्यसन यसले समाजमा पर्ने नकारात्मक प्रभाव र नियन्त्रण | • बाल विवाह, बहु विवाह, आर्थिक विभेद - धनी गरीबको भिन्नता), लैङ्गीक विभेद, जातिय विभेद तथा सामाजिक विभेद आदिको परिचय तथा असर र त्यसको न्यूनिकरणका उपायहरु सम्बन्धि छलफल गरी बुँदागत रुपमा प्रस्तुत गर्ने । यदी समाजमा त्यस्ता कार्य भएका स्थान, समुह भए उदाहरण दिइ सुसुचित गर्ने ।<br>• सामजिक विकृति नियन्त्रण सम्बन्धी काम गर्ने स्थानीय संघसंस्थाका प्रतिनीधीहरुसँग विभेद, विकृति सम्बन्धी छलफल, अन्तरकिया गर्ने/गराउने ।<br>• सामाजिक कुरिती, विभेद, दुर्व्यवसनी सम्बन्धी चेतनामुलक भिडीयो प्रस्तुत गर्ने ।<br>• सामाजिक कुरितीहरु विरुद्ध स्थानीय क्षेत्रमा गर्न सकिने | • समाज र समुदायको परिचय दिन लगाउने ।<br>• सामाजिक कुरितीहरुको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>• सामाजिक, लैङ्गीक विभेद विरुद्ध हामीले स्थानीय स्तरमा गर्न सकिने कियाकलापहरुका बारेमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>• सामाजिक, लैङ्गीक विभेद विरुद्ध हामीले स्थानीय स्तरमा गर्न सकिने कियाकलापहरुका बारेमा स्थानीय ठाउँ तथा अन्य विदार्थीहरुलाइ बुझाउन समुहगत रुपमा नाटक प्रदर्शन गर्न लगाउने । | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | कार्यक्रमहरु गर्ने (घरदैलो, सचेतना, पोष्टरिङ्ग, -याली, सडक नाटक आदि) संचालन गर्ने । | • बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |
| **स्थानीय पेशा, व्यवसाय र आर्थिक क्रियाकलाप** | **कृषि** | • कृषि ब्यावसायिकताको परिचय दिन | • ब्यावसायिक तरकारीबाली, पशुपालन, कौषि खेति, पुष्प खेति गर्ने सम्बन्धि जानकारी | • ब्यावसायिक खेति के हो र कसरी गरिन्छ भन्ने बारे उदाहरण सहित बताउने ।<br>• व्यवसायिक खेतीपातीबाट हुने फाईदाहरुका बारेमा बुँदागत रुपमा प्रस्तुत गर्ने ।<br>• नजिकैको कुनै एक कृषि फर्मको अवलोकन भ्रमण गराई त्यसको फाईदा तथा महत्वबारे छलफल गर्ने । | • व्यवसायिक खेतीको परिचय दिन लगाउने ।<br>• स्थानीय स्तरमा उत्पादन हुने कृषि उपजहरुबाट हुने आर्थिक फाईदाहरुका बारेमा बुँदागत रुपमा लेखी प्रस्तुति दिन लगाउने ।<br>• नजिकको कृषिपर्मको छोटो परिचय दिन लगाउने । | ९ |
| | **ब्यापार** | • ब्यापार, पेशा र व्यवसायको महत्व बताउन | • पसल व्यवसाय, होटल व्यवसाय, इ व्यवसायको महत्व र फाईदाहरु | • ब्यापार, व्यवसाय र त्यसबाट हुने फाईदाहरुको बारेमा छलफल गरी निष्कर्ष दिने ।<br>• स्थानीय अर्थविदसँग अन्तरक्रिया गरी व्यापार व्यवसायको महत्व तथा फाईदाहरुबारे चर्चा गर्ने । | • ब्यापार,व्यवसायको फाईदाहरुबारे प्रस्तुती दिन लगाउने ।<br>• स्थानीय क्षेत्रमा भएका कुनै दुईवटा व्यवसायहरुको सूची बनाई त्यसबाट हुने फाईदाहरुको बारेमा वर्णन गर्न लगाउने ।<br>• बहुबैकल्पिक प्रश्नहरु गर्ने । | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **उद्योग** | ● उद्योगको महत्व बताउन | ● साना तथा घरेलु, मझौला र ठूला उद्योग, बित्तिय संस्थाहरुको महत्व र फाईदा | ● स्थानीय क्षेत्रमा भएका विभिन्न उद्योगहरुको सुची बनाइ त्यसबाट हुने फाईदाहरुका बारेमा छलफल गर्ने ।<br>● विद्यालय नजिकैको कुनै एक उद्योगको अवलोकन भ्रमण गराई त्यसबाट भएका फाईदाहरुबारे छलफल गर्ने ।<br>● स्थानीय उद्योगीसँग अन्तरक्रिया गर्ने । | ● स्थानीय क्षेत्रमा भएका उद्योगहरुको सुची तयार पार्न लगाई महत्वबारे लेख्न लगाउने ।<br>● नजिकैको कुनै एक उद्योगको अवलोकन भ्रमण गरी उक्त उद्योगको परिचय दिन लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | ८ |
| | **पर्यटन** | ● पर्यटकिय क्षेत्रहरुको महत्व बताउन | ● र्प्यटकिय क्षेत्र -मन्दिर, गुम्बा, निकुन्ज, झरना, भ्रमण क्षेत्रको महत्व | ● पर्यटकिय क्षेत्रहरु सुचि बनाई सो क्षेत्रको महत्व बारे वर्णन गरि छलफल गर्ने ।<br>● स्थानीय पर्यटनबिद वा पर्यटन सम्बन्धी काम गर्ने संघसंस्थाको अवलोकन गरी पर्यटनबाट हुने फाईदाहरुका बारेमा छलफल गर्ने ।<br>● स्थानीय पर्यटकीय क्षेत्रहरुको वर्गीकरण गर्ने । जस्तैः प्राकृतिक क्षेत्र, धार्मिक क्षेत्र आदि । | ● स्थानीय पर्यटकिय क्षेत्रहरुको बर्गिकरण गर्न र लेख्न लगाउने ।<br>● स्थानीय कुनै एक पर्यटकीय क्षेत्रको परिचय, महत्व, संरक्षणको अवस्था तथा व्यवस्थापनबारे प्रतिवेदन तयार पारी प्रस्तुत गर्न लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | ९ |
| **खेलकुद र शारिरीक सुस्वास्थ्य** | **योग, ध्यानको प्रारम्भिक परिचय** | ● विभिन्न प्रकारका योग तथा अभ्यास विधिहरु प्रदर्शन गर्न | ● विभिन्न प्रकारका योगहरुको नाम पहिचान र गर्ने तरिकाको वर्णन | ● विभिन्न योगहरुको नाम सहि तगर्ने तरिकाबारे भिडीयो प्रस्तुत गर्ने । जस्तैः बसेर गर्ने (गौमुख आसन, बज्र आसन) उठेर गर्ने (ताड आसन, ध्रुव आसन) सुतेर | ● बसेर, उठेर वा सुतेर गर्ने कुनै २।२ वटा आसन गरेर देखाउन लगाउने । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • योग अभ्यास गर्दा स्वास प्रश्वासको अवस्थाबारे जानकारी | गर्ने (सब आसन, ध्वज आसन) लगायत योगहरुको नाम पहिचान र अभ्यास)<br>• स्थानीय योग गुरुबाट योग तथा आसन सम्बन्धी अभ्यास गराउने । | • कुनै एउटा योग तथा आसनको बारेमा वर्णन गर्न लगाउने ।<br>• बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |

**कक्षा ७**

| क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|
| **स्थानीय वातावरण र जैविक विविधता** | **वातावरणको परिचय** | ● वातावरण र मानव बिचको सम्बन्ध राख्न आवश्यक प्रक्रियाहरु बताउन<br>● बुढानीलकण्ठ नगरपालिकामा वातावरण विनासका कारणहरु बताउन | ● मानव र वातावरण विचको सम्बन्धको दिगोपना<br>● वातावरण बिनासका कारणहरु | ● विद्यार्थीहरुलाई कक्षाकोठा बाहिर लगेर प्राकृतिक वातावरण देखाउने, त्यहाँ मानवीय कारणले देखिएका समस्याहरुबारे बताईदिने ।<br>● मानवीय कारणले वतावरणमा असर परेमा त्यसबाट मानव जगतमा पर्ने नकरात्मक असरहरकाबारेमा छलफल गरी मानव र वातावरण बिचको सम्बन्ध कायम राख्न हामीले स्थानीय स्तरमा गर्न सकिने क्रियाकलापहरुका बारेमा बताईदिने । जस्तैः रुखविरुवा कम भएमा प्रदुषण समेत बढ्न गई स्वास्थ्यमा समस्या आउँछ, त्यसैगरी सम्बन्ध कायम राख्न खाली ठाउँमा बृक्षारोपण गर्ने, जथाभावी फोहोर मैला नगर्ने, फोहोरको उचित व्यवस्थापन गर्ने आदि ।<br>● विद्यार्थीहरुलाई नजिकको नदी, खोला वा खोल्साको अवलोकन भ्रमण गराई त्यहाँ के कस्ता समस्याहरु देखिएका छन् टिपोट गर्न लगाई कक्षामा छलफल गर्ने ।<br>● स्थानीय क्षेत्रमा वातावरण विनासका कारणहरुको सूची बनाई कक्षामा प्रस्तुत गर्ने । जस्तैः प्रदुषण बढ्दो, अव्यवस्थित सहरीकरण तथा जग्गा | ● मानव र वातावरण विचको सम्बन्धको दिगोपना कायम राखिराख्न विद्यार्थीहरुले गर्न सक्ने कार्यहरको सूची सहित छोटकरीमा वर्णन गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>● वातावरण विनासका कारणहरबारे समुहगत परियोजना कार्य गर्न लगाई प्रस्तुति दिन लगाउने । | **५** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | प्लटिङ, फोहोर तजासुकै फाल्ने आदि । | | |
| | **भौगोलिक अवस्था** | ● बुढानीलकण्ठ नगरपालिकाको नक्सामा महत्वपूर्ण ठाउँहरु देखाउन | ● बुढानीलकण्ठ नगरपालिकाको नक्सा | ● नगरपालिकाको नक्सा देखाई दिशा, संकेत चिन्न सिकाउने ।<br>● दिईएको नक्सामा भएका संकेतका आधारमा महत्वपूर्ण साँस्कृतिक, जैविक ठाउँहरु पहिचान गर्न लगाउने ।<br>● बोर्डमा नगरपालिकाको नक्सा बनाई चार किल्ला छुट्याउने त्यसपछि वडा र महत्वपूर्ण क्षेत्रहरुको संकेत राख्ने । | ● बुढानीलकण्ठ नगरपालिकाको नक्सामा सिमानाको चार किल्ला छुट्याई, संकेत सहितको नक्सा बनाउन लगाउने ।<br>● नक्सामा आफ्नो विद्यालय भएको वडा छुट्याउन लगाउने । | ५ |
| | **जैविक विविधता** | ● स्थानीय क्षेत्रमा पाईने वन्यजन्तुको संरक्षणको अवस्था बताउन<br>● सामुदायिक वनको परिचय, फाईदा र स्थानीय क्षेत्रमा रहेका सामुदायिक वनका नाम र परिचय दिन | ● स्थानीय क्षेत्रमा पाईने वन्यजन्तुको संरक्षण<br>● सामुदायिक वनको नाम, परिचय र फाईदा | ● नजिकको वन क्षेत्रको अवलोकन भ्रमण गराई स्थानीय विज्ञ वा वनका पदाधिकारीहरुको सहयोगमा त्यहाँको वनको अवस्थाबारे बताईदिने । जस्तैः घट्दो अवस्थामा वा बढ्दो अवस्थामा छ, स्थानीय वनमा पाईने वन्यजन्तुहरुको बारेमा बताईदिने । १०-१५ वर्ष पहिले र हालको अवस्थामा वन्यजन्तुहरुको प्रजाति तथा संख्यामा आएको परिवर्तनबारे बताईदिने ।<br>● वन्यजन्तु संरक्षणबाट मानव जिवनमा हुने फाईदाहरुका बारेमा बुँदागत रुपमा चर्चा गर्ने ।<br>● बुढानीलकण्ठ नगरपालिका क्षेत्रभित्र भएका सामुदायिक वनहरुको सूची खोजी गरी तयार पारेर प्रस्तुत गर्ने ।<br>● नजिकको वनको अवलोकन भ्रमण गराई त्यो व्यवस्थापनका आधारमा | ● वन्यजन्तु संरक्षणबाट हुने फाईदाहरुको बारेमा वर्णन गर्न लगाउने ।<br>● स्थानीय वनमा वन्यजन्तुको हालको संरक्षणको अवस्थाबारे समुहगत रुपमा परियोजना कार्य गर्न लगाउने ।<br>● सामुदायिक वनबाट स्थानीय समाजमा भएका फाईदाहरुबारे अविभावकहरुसँग सोधेर वा छलफल गरेर लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | कुन प्रकारको वन हो छुट्याउने र त्यसबाट स्थानीय समुदायलाई पुगेका फाईदाहरुका बारेमा छलफल गरी निष्कर्ष दिने । | | |
| | **जलस्रोत** | ● जलस्रोत संरक्षण तथा व्यवस्थापनका उपायहरु बताउन | ● स्थानीय जलस्रोत संरक्षण तथा व्यवस्थापन | ● स्थानीय नदी, नाला, जलाधार क्षेत्रको अवलोकन भ्रमण गराई उक्त क्षेत्रको संरक्षण र व्यवस्थापनमा के कस्ता कार्यहरु भईरहेका छन् भन्ने बारेमा स्थानीय समुदाय वा व्यवस्थापन/संरक्षण समितिका पदाधिकारीहरसँग सोधेर बुँदागत रुपमा टिपोट गरी छलफल गर्ने ।<br>● स्थानीय क्षेत्रमा भएका जलाधारहरुको संरक्षणमा स्थानीय समुदायले गर्न सक्ने र गनुपर्ने कार्यहरुका बारेमा छलफल गरी विद्यार्थीहरुमाभm बुँदागत रुपमा प्रस्तुत गर्ने । जस्तैः ढल व्यवस्थापन, बृक्षारोपण आदि । | ● आफ्नो घर नजिकैको नदी, नाला, जलाधार क्षेत्रको अवलोकन गरी उक्त क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि के कस्ता कामहरु भईरहेका छन् भन्ने बारेमा जानकार व्यक्तिसँग सोधेर रिर्पोट तयार पारी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>● विष्णुमती खोलाको मुहान तथा यसबाट समुदायलाई पुगेको फाईदाहरुबारे वर्णन गर्न लगाउने । | **६** |
| | **खनिज** | ● स्थानीय खनिजको महत्वको बुझाई प्रस्तुत गर्न | ● स्थानीय क्षेत्रमा पाईने खनीज वस्तुहरुको महत्व | ● स्थानीय क्षेत्रमा पाईने खनीज वस्तुहरुको उपयोगबारे बताईदिने । जस्तैः ढुंगा, बालुवा, कमेरोको प्रयोग<br>● स्थानीय क्षेत्रमा पाईने खनीजहरुबाट व्यक्ति र समुदायमा पुगेका फाईदाहरुबारे र यिनीहरुको दिगो उपयोगबारे छलफल गरी निष्कर्ष दिने । | ● विद्यालय वा घर नजिकको कुनै एक ढुंगा वा बालुवा खानीको अवलोकन गरी त्यहाँ देखिएका समस्था र समाधानका उपायहरु समेत वर्णन गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>● खजीव पदार्थको महत्वका बारेमा सूची बनाई प्रस्तुत गर्न लगाउने । | **५** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **वतावरण प्रदुषण** | • स्थानीय वातावरणमा प्रदुषण न्यूनीकरणका उपायहरु बताउन<br>• स्थानीय वातावरण प्रदुषणको न्यूनीकरणमा स्थानीय समुदाय, व्यक्ति तथा संघसंस्थाहरुको परिचय दिन | • वातावरण प्रदुषण न्यूनीकरणका उपायहरु - जल, जमीन, वायु, ध्वनी)<br>• वतावरण प्रदुषण न्यूनीकरणमा स्थानीय सरकारी, गैरसरकारी संघसंस्था तथा व्यक्ति | • विद्यालय नजिकको कुनै एक प्रदुषित क्षेत्रको स्थलगत भ्रमण गराई उक्त क्षेत्रलाई कसरी प्रदुषण मुक्त गर्न सकिन्छ भन्ने बारेमा बुँदागत रुपमा छलफल गर्ने/गराउने ।<br>• प्रदुषण न्यूनीकरणका लागि गर्न सकिने कार्यहरबारे चेतनामुलक भिडीयो प्रस्तुत गर्ने र स्थानीय स्तरमा गर्नुपर्ने कार्यहरुको बारेमा छलफल गरी निष्कर्ष दिने ।<br>• प्रदुषण न्यूनीकरण सम्बन्धी स्थानीय क्षेत्रमा काम गर्ने सरकारी कार्यालय वा नगरपालिका वा अन्य गैरसरकारी संघसंस्थाले गरिरहेका कार्यहरुबारे बताईदिने ।<br>• प्रदुषण नियन्त्रण सम्बन्धी कार्य गर्ने स्थानीय अभियन्तासँग अन्तरक्रिया गर्ने । | • प्रदुषण न्यूनीकरणका उपायहरुबारे बुँदागत रुपमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>• आफ्नो विद्यालय वा घर नजिकै भएको कुनै एक ठाउँलाई प्रदुषणमुक्त बनाउन स्थानीय स्तरमा गर्नुपर्ने कार्यहरुको सूची सहित प्रस्तुती दिन लगाउने ।<br>• आ्फ्नो टोल बिकास संस्था वा वडा कार्यालयको भ्रमण गरी उक्त संस्थाले प्रदुषण न्यूनीकरणका लागि गरेका कार्यहरु तथा योजनाहरुबारे सोधी एउटा प्रतिवेदन तयार पारी प्रस्तुत गर्न लगाउने । | ७ |
| | **फोहोरमैला व्यवस्थापन** | • कम्पोष्टिङ (गड्यौले मल बनाउने, बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ प्रक्रिया संचालन गर्न । | • ठोस जैविक फोहार मैला व्यवस्थापनको अवधारणा कमी गर्ने, कम्पोस्टिङ्ग गर्ने, पुन प्रयोग, प्रसोधन | • कक्षाकोठावाट निस्कने फोहोरलाई वर्गीकरण गरी जैविक फोहोरलाई कम्पोष्ट बनाउन सिकाउने । जस्तैः गड्यौले मल | • समुहगत रुपमा गड्यौले मल बनाउने, खाल्डे मल बनाउने, भाँडोमा मल बनाउने बिधिहरुको | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | बनाउने, खाल्डे मल बनाउने, भाँडोमा मल बनाउने आदि ।<br>● स्थानीय विज्ञको सहायता लिई फोहोरलाई कसरी कम गर्न सकिन्छ र घरबाट निस्कने फोहोरले पार्ने असर तथा त्यसलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्नेबारेमा छलफल गर्ने ।<br>● मल बनाउने विधिहरु सम्बन्धी भिडीयोहरु प्रस्तुत गर्ने । | सचित्र वर्णन गर्न लगाउने ।<br>● आफ्नो कक्षामा र क्यान्टीनमा निस्केको फोहोरहरुलाइ समुहगत रुपमा व्यवस्थापन गर्न लगाउने ।<br>● कम्पोष्टिङ्गका फाईदाहरुबारे सोध्ने ।<br>● प्लाष्टिकका विविभन्न सामग्रीहरु बनाई प्रस्तत गर्न लगाउने ।<br>● बहु-बैकल्पीक प्रश्नहरु गर्ने । | |
| **प्रकोप तथा विपद् व्यवस्थापन** | **प्रकोप तथा विपद्को पहिचान र बच्ने उपाय** | ● प्राकृतिक कारण हुने प्रकोप तथा विपद् व्यवस्थापनका उपायहरु बताउन<br>● सहरी सडक सुरक्षा व्यवस्थापनको उपाय बताउन | ● भूक्षय, बाढी, पहिरो, डुबानको मुख्य कारण, रोकथाम तथा क्षति न्यूनीकरण गर्ने उपायहरु<br>● सहरी सडक सुरक्षा व्यवस्थापन जस्तै ट्राफिक नियमको पालना, सडकहरुको स्तर उन्नती, विभिन्न सडकका संकेतहरुबारे जानकारी | ● प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी भिडीयो तथा पोष्टरहरु प्रस्तुत गर्ने ।<br>● बिपद्को समयमा तत्काल उद्दारका लाथि चाहिने विभिन्न समाग्रीहरुको प्रदर्शन गर्ने ।<br>● पहिले नै प्रकोप भएको स्थान जस्तैः पहिरो गएको स्थानमा गएर अवलोकन गर्ने र त्यस्ता विपद् भोगेका स्थानीय मानिसहरुसँग आन्तरक्रिया गर्ने । | ● पहिरो रोकथामका लागि गर्नुपर्ने कार्यहरुको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● भूकम्पका असरहरु कम गर्नका लागि अपनाउनुपर्ने सुरक्षित उपायहरुको बारेमा बुँदागत रपमा प्रस्तुती दिन लगाउने ।<br>● सहरी सुरक्षा भन्नाले के बुझिन्छ लेखेर प्रस्तुत गर्न लगाउने । | **२५** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● स्थानीय प्रकोप/विपद् व्यवस्थापन सम्बन्धी अन्तरक्रिया गरी त्यसका असर न्यूनीकरणका लागि विद्यार्थीले गर्नुपर्ने भूमिकाका बारेमा छलफल गरी निष्कर्ष निकालेर प्रस्तुत गर्ने ।<br>● सहरी सडक सुरक्षा व्यवस्थापन सम्बन्धी विभिन्न सामग्रीहरु प्रस्तुत गर्ने । जस्तैः ट्राफिक प्रहरीको सहयोगमा कक्षा स.चालन गर्ने । | ● ट्राफिक संकेतहरको चित्र बनाई प्रस्तुत गर्न लगाउने । | |
| **धार्मिक, सांस्कृतिक, ऐतिहासिक र भाषिक सम्पदा** | **स्थानीय साँस्कृतिक सम्पदाको पहिचान र परम्परागत बाजाको महत्व** | ● स्थानीय साँस्कृतिक ऐतिहासिक, पुरातात्विक तथा धार्मिक मठ मन्दिर, गुम्बा,चर्च, मस्जिदको संरक्षणका उपायहरु बताउन<br>● काठमाण्डौ उपत्यकाको विश्व सम्पदाको सूचिमा परेका क्षेत्रहरुको संरक्षणबारे बताउन<br>● परम्परागत बाजाको संरक्षणका | ● विभिन्न स्थानीय ऐतिहासिक, पुरातात्विक तथा धार्मिक मठ मन्दिर, गुम्बा,चर्च, मस्जिदहरु<br>● विश्व सम्पदा सूचीकृत क्षेत्रहरुको संरक्षण<br>● परम्परागत बाजाहरु जस्तै धिमे, बाँसुरी, पुवाँ, नायबाजा, खिङ, पश्चिमाआदिकिन, कहाँ र कसरी प्रयोग गर्न । | ● विभिन्न स्थानीय साँस्कृतिक, ऐतिहासिकतथा पुरातात्विक स्थानहरुको प्रत्यक्ष भ्रमण गराइ कुनै एकको सरसफाई तथा संरक्षण कार्यमा सहभागी गराउने ।<br>● स्थानीय सम्पदाहरुको संरक्षणका लागि गर्न सकिने कार्यहरुको सूची बनाई प्रस्तुत गर्ने । जस्तैः बुढानीलकण्ठ, भद्रकाली, लक्ष्मी देवता, कृष्ण मन्दिर, राममन्दिर, बालकुमारी, पञ्चकुमारी स्तुपा, शिवमन्दिर, गणेश मन्दिर, बंगलामुखी, नैनीस्थान गुम्बाहरुःफलारी, स्याल्पा, कपन, | ● विद्यालय नजिकको कुनै एक सम्पदाको सरसफाईमा सहभागी गराउने ।<br>● हाम्रा सम्पदा संरक्षणमा विद्यार्थीले गर्न सक्ने कियाकलापहरुको बारेमा बुँदागत रुपमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>● विश्व सम्पदा सूचीकृत कुनै एक क्षेत्रको संरक्षणको अवस्थाबारे परियोजना प्रतिवेदन तयार पार्न लगाउने । | **३०** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | उपायहरु बताउन र अवलम्बन गर्न | | मुक्ति, आनी, नागी, पुलहरि,दोर्जे आदिमहत्वको सूची बनाइ संरक्षणका उपायहरु बताउने ।<br>● कक्षामा सम्बन्धित चित्रहरु प्रस्तुत गर्ने, विज्ञहरुसँग भेटघाट तथा छलफल गराउने, विश्व सम्पदामा सूचीकृत क्षेत्रहरको संरक्षणको आवश्यकताबारे छलफल गर्ने ।<br>● स्थानीय क्षेत्रमा उपलब्ध परम्परागत बाजाहरु कक्षामा प्रस्तुत गर्ने र तिनीहरको महत्व तथा संरक्षण किन गर्ने भन्ने बारेमा छलफल गरी प्रस्तुत गर्ने । | ● स्थानीय बाजा संरक्षणमा हाम्रो भूमिका विषयक बक्तित्वकला वा निवन्ध लेखन प्रतियोगीताको आयोजना गर्ने । | |
| **सामाजिक मुल्य मान्यता र सकारात्मक व्यवहार** | **सामाजिक कुरितीहरु** | ● बाल विवाह, बहु विवाह आर्थिक विभेद - धनी गरीबको भिन्नता), लैङ्गीक विभेद, जातिय विभेद सामाजिक विभेदको असर बताउन<br>● स्थानीय क्षेत्रमा हुने धुम्रपान, मद्यपान, लागु औषध जस्ता दुव्यर्वसनीको | ● बाल विवाह, बहु विवाह, आर्थिक विभेद - धनी गरीबको भिन्नता), लैङ्गीक विभेद, जातिय विभेद तथा सामाजिक विभेदको न्यूनिकरण<br>● सामाजिक कुरितीहरु विरुद्ध स्थानीय क्षेत्रमा गर्न सकिने कार्यक्रमहरु<br>● धुम्रपान, मद्यपान, लागु औषधी दुब्यर्वसन र यसले | ● सामाजिक कुरितीहरु विरुद्ध स्थानीय क्षेत्रमा गर्न सकिने कार्यक्रमहरु (घरदैलो, सचेतना, पोष्टरिङ्ग,-याली, सडक नाटक, परामर्स दिने कार्य आदि गर्ने ।<br>● सामाजिक कुरितीहरु बाट सृजित असरहरुका बारेमा छलफल गर्ने ।<br>● स्थानीय क्षेत्रमा काम गर्ने सम्बन्धित संस्थाहरु संग समन्वय गरी सामाजिक कुरिती र दुवर्यवसनी सम्बन्धी सचेतना कक्षा संचालन गर्ने । | ● सामाजिक कुरितीहरु विरुद्ध स्थानीय क्षेत्रमा गर्न सकिने कार्यक्रमहरुको सुचि बनाइ प्रस्तुत गर्न लगाउने ।<br>● स्थानीय क्षेत्रमा हुने धुम्रपान, मद्यपान, लागु औषध जस्ता दूर्व्यसनीका नियन्त्रणबाट हुने उपलब्धि बारे आलेख लेख्न लगाउने ।<br>● सामाजिक कुरिती हटाउन हामीले हाम्रो घर परिवार तथा गाउँघरम ागर्न | **२५** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | नियन्त्रणबाट हुने उपलब्धि बताउन | समाजमा पर्ने नकारात्मक प्रभाव र नियन्त्रण | • धुम्रपान, मद्यपान, लागु औषधी दुर्व्यसनको समाजमा पर्ने नकरात्मक प्रभाव र नियनत्रणका उपायहरु सम्बन्धी बुँदागत रुपमा छलफल गरी बताईदिने ।<br>• सामाजिक कुरिती तथा दुर्व्यसनी नियन्त्रणबाट व्यक्ति तथा समाजलाई हुने फाईदाहरुका बारेमा चर्चा गर्ने । | सकिने कार्यहरुको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>• सम्पूर्ण प्रकारका विभेद अन्त्य गर्नका लागि सामुहिक रुपमा चेतनामुलक सडक नाटकको आयोजना गर्न लगाउने ।<br>• बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |
| **स्थानीय पेशा, व्यवसाय र आर्थिक क्रियाकलाप** | **कृषि** | • कृषि व्यावसायका चुनौती बताउन | • व्यावसायिक तरकारीबाली, पशुपालन, कौषि खेति, पुष्प खेतिको चुनौतिहरु | • कृषि व्यावसायको आर्थिक, सामाजिक, भौतिक चुनौतिहरु केलाइ समुहगत छलफल गर्ने/ गराउने ।<br>• स्थानीय कृषि विज्ञसँग कृषि व्यवसायमा हुन सक्ने वा आईपर्न सक्ने चुनौति र समाधानका उपायहरुबारे अन्तरक्रिया गर्ने ।<br>• नजिकको कृषि फर्मको वा पशुपालन क्षेत्रको अवलोकन भ्रमण गराई उक्त व्यवसायमा हुनसक्ने चुनोतिहरुका बारेमा छलफल गरी बुँदागत रुपमा प्रस्तुत गर्ने । | • व्यावसायिक कृषिकार्यमा देखिएका चुनौतिहरु के के हुन् सकछन् बुँदागत रुपमा प्रस्तुत गर्न लगाउने ।<br>• कृषि व्यवसायलाई सुरक्षित बनाउन कृषकले अपनाउन सक्ने आधारभूत पक्षहरुको बुँदागत रुपमा प्रस्तुत गर्न लगाउने ।<br>• बहुबैकल्पिक प्रश्नहरु गर्ने । | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **ब्यापार** | ● ब्यापार, पेशा र व्यवसायको बजार व्यवस्थापन प्रक्रिया बताउन | ● पसल व्यवसाय, होटल व्यवसाय, इ व्यवसायको बजार व्यवस्थापन प्रक्रिया | ● ब्यापार, पेशा र व्यवसायको बजार व्यवस्थापन के कसरी हुन सक्छ, गर्न सकिन्छ छलफल गर्ने ।<br>● बजारीकरण र त्यसबाट पेशा व्यवसायमा पर्ने सकरात्मक प्रभावका बारेमा स्थानीय विज्ञसँग छलफल गरी निष्कर्ष दिने । | ● व्यवसायको बजार व्यवस्थापन भनेको के हो, कसरी गर्न सकिन्छ भन्ने बारेमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | ९ |
| | **उद्योग** | ● उद्योगका चुनौतिहरुबारे बताउन | ● साना तथा घरेलु, मझौला र ठूला उद्योग, बित्तिय संस्थाहरुको संचालनमा चुनौति | ● उद्योगको महत्वबारे छलफल चलाउने र यसको आर्थिक पक्षहरुको बिवेचना गर्ने ।<br>● उद्योग संचालन गर्दा आईपर्नसक्ने समस्याहरुका बारेमा बुँदागत रुपमा छलफल गरी प्रस्तुत गर्ने ।<br>● स्थानीय उद्योग वा कुनै वित्तीय संस्थाको आवलोकन भ्रमण गरी त्यसको अवस्था तथा दैनिक कार्य संचालनमा आइपरेका वा पर्न सक्ने बाधा व्यवधान र त्यसको समाधानका उपायहरुको बारेमा सम्बन्धीत व्यक्तिसँग छलफल गर्ने | ● उद्योगको महत्वबारे लेख लेख्न लगाउने ।<br>● उद्योग व्यवसाय संचालन गर्दा आईपर्न सक्ने चुनौतिहरुको बुँदागत रुपमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | ८ |
| | **पर्यटन** | ● पर्यटकिय क्षेत्रहरुको संरक्षणमा स्थानीयको भूमिका बताउन | ● मन्दिर, गुम्बा, निकुन्ज, झरना, भ्रमण क्षेत्रको संरक्षण | ● समाज र देशका लागि स्थानीय पर्यटकिय क्षेत्रहरुको योगदानबारे छलफल चलाउने, वर्णन गर्ने ।<br>● स्थानीय कुनै एक पर्यटकीय क्षेत्रको भ्रमण गराई त्यहाँको संरक्षणको अवसथा बुझ्ने र | ● मन्दिर, गुम्बा, निकुन्ज, झरना, आदी पर्यटकिय क्षेत्रहरुको योगदान बारे प्रश्न सोधि उत्तर लेख्न लगाउने । | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | त्यसलाई थप संरक्षण गर्नका लागि आवश्यक तरिकाहरुबारे छलफल गर्ने ।<br>● पर्यटकीय क्षेत्रहरुको संरक्षणमा स्थानीय समुदाय तथा विद्यार्थीको भूमिका सम्बन्धी बुँदागत रुपमा छलफल गरी निष्कर्ष दिने । | ● स्थानीय पर्यटकीय क्षेत्रहरुको संरक्षणमा विद्यार्थीको भूमिका विषयक वक्तित्वकलाको आयोजना गर्ने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |
| **खेलकुद र शारिरीक सुस्वास्थ्य** | **योग केन्द्रको परिचय** | ● स्थानीय क्षेत्रमा भएका योग ध्यान केन्द्रको परिचय दिन | ● स्थानीय योग ध्यान केन्द्रको परिचय | ● स्थानीय क्षेत्रमा भएका योग ध्यान केन्द्रहरुको अवलोकन भ्रमण्ढा गराई त्यसको परिचय तथा त्यहाँ उपलब्ध सेवासुविधाहरुबारे बताईदिने । जस्तै विपस्यना केन्द्रको अध्ययन भ्रमण ।<br>● योग ध्यानले दैनिक जिवनमा पार्ने प्रभावका बारेमा सम्बन्धीत व्यक्तिसँग अन्तरक्रियाको आयोजना गर्ने । | ● स्थानीय योगध्यान केन्द्रले संचालन गरेका विभिन्न योग तथा ध्यान सम्बन्धी प्रतिवेदन तयार पारी प्रस्तुत गर्न लगाउने ।<br>● योग ध्यानले दैनिक जिवनमा पार्ने प्रभावका बारेमा बुँदागत रुपमा लेख्न लगाई प्रस्तुत गर्न लगाउने ।<br>● कुनै एक योग वा आसन गरेर देखाउन लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | **१५** |

**कक्षा ८**

| क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|
| **स्थानीय वातावरण र जैविक विविधता** | **वातावरणको परिचय** | • बुढानीलकण्ठ नगरपालिका क्षेत्रमा वातावरण विनासका कारणहरु बताउन<br>• बुढाानीलकण्ठ नगरपालिका क्षेत्रमा वातावरण बिनास न्यूनीकरणका उपायहरु बताउन र अवलम्बन गर्न | ● वातावरण विनासका कारणहरु<br>● वातावरण विनास न्यूनीकरणका उपायहरु<br>● वातावरण संरक्षणमा स्थानीय तहबाट भएका प्रयासहरु | ● वातावरण विनासका कारणहरुबारे छलफल गरी टिपोट गर्ने र सूची तयार पारी प्रस्तुत गर्ने<br>● बुढानीलकण्ठ नगरपालिका क्षेत्रमा भएका वातावरण विनासका कारणहरु पत्ता लगाई त्यसको बारेमा कक्षाकोठामा छलफल गर्ने ।<br>● वातावरण संरक्षणको आवश्यकता, महत्व र संरक्षणका उपायहरुको बारेमा वर्णन गर्ने । यसका लागि स्थानीय वातावरण संरक्षण संमबन्धी काम गर्ने संघंसंस्थाहरुको भ्रमण गरी आवश्यक जानकारी लिने ।<br>● विद्यार्थीहरुलाई नजिकको वडा वा नगरपलिकाको कार्यालयमा भ्रमण गराई वतावरण संरक्षणमा स्थानीय तहबाट भएका प्रयासहरुका बारेमा जानकारी लिई सानो प्रतिवेदन तयार पार्ने र प्रस्तुत गर्ने । | ● विद्यालय र घर वरिपरी भएका वातावरण विनासका कारणहरु पत्ता लगाई त्यसबाट हामीलाई पर्न जाने असरहरु न्यूनीकरणका उपायहरु खोजी कक्षाकोठामा प्रस्तुत गर्न लगाउने ।<br>● आफू बसोबास गर्ने वडा वा नगरपालिकाका प्रतिनीधिहरुलाई भेटी उक्त स्थानमा वातावरण संरक्षणका लागि चालिएका कदमहरुको बारेमा जानकारी लिई प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्न लगाउने । | ५ |
| | **भौगोलिक अवस्था** | • बुढानीलकण्ठ नगरपालिकाको भौगोलिक अवस्थिती अक्षांस र देशान्तर (Longitude and latitude) बताउन | ● ब्ढानीलकण्ठ नगरपालिकाको भौगोलिक अवस्थिती अक्षांस र देशान्तर (Longitude and latitude)<br>● नक्सामा संकेत | ● अक्षांस र देसान्तर (Longitude and latitude) को बारेमा छोटकरीमा जानकारी गराउने ।<br>● बुढानीलकण्ठ नगरपालिकाको भौगोलिक अवस्थिती नक्सामा देखाउने र अक्षांस र देशान्तर छुट्याउन सिकाउने । | ● बुढानीलकण्ठ नगरपालिकाको नक्सा बनाई अंक्षास र देशान्तर छुट्याउन लगाउने ।<br>● बुढानीलकण्ठ नगरपालिकाको नक्सामा बुढानीलकण्ठ मन्दिर, कपन | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • संकेत सहितको नक्सा र ठाउँहरु छुट्याउन | | • बुढानीलकण्ठ नगरपालिकाको भौगोलिक अवस्थिती नक्सामा देखाइ संकेतहरु राख्न सिकाउने । | गुम्वा, नागार्जुन शिवपुरी राष्ट्रिय निकुञ्ज, नगरपालिकाको कार्यालय, बागद्धार र बुढानीलकण्ठ स्कुल आदि ठाउँहरु देखाउन लगाउने । | |
| | **जैविक विविधता** | • शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको परिचय दिन<br>• निकुञ्जको जैविक बिविधता प्रस्तुत गर्न<br>• राष्ट्रिय निकुञ्जबाट हुने फाइदाहरु बताउन<br>• राष्ट्रिय निकुञ्जको संरक्षणमा विद्यार्थी तथा स्थानीयको भूमिका बताउन | • शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको परिचय<br>• निकुञ्जको जैविक बिविधता<br>• राष्ट्रिय निकुञ्जबाट हुने फाइदाहरु<br>• राष्ट्रिय निकुञ्जको संरक्षण | • विद्यार्थीहरुलाई नागार्जुन शिवपुरी राष्ट्रिय निकुञ्जको परिचय दिई निकुञ्जको भ्रमण गराई तल दिए बमोजिमका जनकारी दिने ।<br>क) राष्ट्रिय निकुञ्जको जैविक विवधिता<br>ख) राष्ट्रिय निकुञ्जबाट भएका फाईदाहरु<br>ग) राष्ट्रिय निकुञ्जका समस्याहरु<br>घ) संरक्षणका उपायहरु<br>• भ्रमणका क्रममा राष्ट्रिय निकुञ्ज कार्यालय सम्पर्क गरी कार्यलयले संरक्षणका लागि गरेका कामकारवाहीहरुको बारेमा जानकारी लिई विद्यार्थीहरुलाई टिपोट गर्न लगाउने ।<br>• राष्ट्रिय निकुञ्जको संरक्षणमा विद्यार्थी तथा स्थानीयको भूमिकाका बारेमा बताउने र समुहगत छलफल गरी निष्कर्ष निकाल्ने । | • नागार्जुन शिवपुरी राष्ट्रिय निकुञ्जमा पाईने जनावर तथा विरुवाहरुको नाम संकलन गरी सूची तयार पार्न लगाउने ।<br>• नागार्जुन शिवपुरी राष्ट्रिय निकुञ्जको फाईदाहरुबारे उल्लेख गर्न लगाउने ।<br>• राष्ट्रिय निकुञ्जको संरक्षणमा विद्यार्थीहरुले गर्न सक्ने प्रयास तथा क्रियाकलापहरुको सूची बनाई कक्षाकोठामा प्रस्तुत गर्ने । | १० |
| | **जलस्रोत** | • जलस्रोत संरक्षण तथा व्यवस्थापनका प्रक्रिया (खानेपानी) बताउन | • जलाधारको परिचय र संरक्षण<br>• खानेपानी मुहान संरक्षण र व्यवस्थापन | • जलाधारको परिचय दिई यसको आवश्यकता माथी छलफल गरी संरक्षणका उपायहरु पत्ता लगाउने । | • आफ्नो विद्यालय तथा घरमा आउने पानीको स्रोतको पहिचान गरी त्यसको बारेमा | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● स्थानीय क्षेत्रमा भएका पानीका मुहानहरुको अवस्थाबारे वर्णन गरी संरक्षणका उपायहरु ब्ताउने ।<br>● खानेपानी मुहान संरक्षणका लागि विभिन्न क्षेत्रबाट हुन सक्ने र भईरहेका प्रयासहरुबारे खोजी गरी विद्यार्थीहरुलाई बताईदिने । यसका लागि स्थानीय स्तरमा रहेका खानेपानी सम्बन्धीत कार्यालयहरुको भ्रमण गराई जानकारी लिने । | विस्तृत अध्ययन गर्न लगाउने ।<br>● आफ्नो टोल छिमेकमा भईरहेको पानीको व्यवस्थापनको बारेमा स्थानीय जानकार व्यक्तिहरुसँग अन्तरक्रिया गरी प्रतिवेदन तयार पार्न लगाउने । | |
| | **खनिज** | ● खनिज पदार्थ ह्रास हुनका कारण र संरक्षणका उपायहरु तथा संरक्षणमा स्थानीयको भूमिका बताउन | ● खनिज पदार्थ ह्रास हुनका कारणहरु<br>● खनिज पदार्थको संरक्षण | ● खनिज पदार्थ ह्रास हुनका कारणहरुका बारेमा छलफल गरी बुँदागत रुपमा टिपोट गरी चार्टपेपरमा उतार्ने र कक्षाकोठाको सूचना पाटीमा टाँस्ने ।<br>● विद्यालय नजिकैको कुनै एक खनिज पदार्थ उत्खनन् क्षेत्रको भ्रमण गराई त्यहाँ भएका समस्याहरु र संरक्षणका उपायहरुबारे जानकारी दिने । | ● आफ्नो टोल छरछिमेकमा छलफल गरी खनिज संरक्षण गर्न स्थानीयले खेल्नुपर्ने भूमिकाको बारेमा छोटो रिपोर्ट बनाई कक्षाकोठामा प्रस्तुत गर्न लगाउने ।<br>● बहुवैकल्पिक प्रश्नहरु गर्ने । | **५** |
| | **वतावरण प्रदुषण र जलवायु परिवर्तन** | ● जलवायु परिवर्तन सम्बन्धी परिचय दिन<br>● जलवायु परिवर्तनले स्थानीय क्षेत्रमा पारेको असरहरु र तीनको प्रभाव न्यूनिकरण र अनुकुलताका लागि | ● मौसम र जलवायुको परिचय<br>● हरित गृह ग्याँस र विश्वव्यापी तापक्रम वृद्धि<br>● जलवायु परिवर्तनको परिचय, कारण र असरहरु<br>● स्थानीय वातावरण प्रदुषण र जलवायु परिवर्तनले स्थानीय क्षेत्रमा पारेको असरहरु | ● मौसम र जलवायुको परिचय दिई जलवायु परिवर्तनबारे बताईदिने ।<br>● स्थानीय वातावरण प्रदुषण र जलवायु परिवर्तनले स्थानीय क्षेत्रमा पारेको असरहरुको बारे स्थानीय विज्ञहरसँग छलफल गर्ने ।<br>● पहिले र अहिलेको मौसममा भएको भिन्नताको बारेमा स्थानीय | ● मौसम, जलवायु र जलवायु परिवर्तन सम्बन्धी परिचय दिन लगाउने ।<br>● जलवायु परिवर्तनले स्थानीय क्षेत्रमा पारेका असरहरु खोजी गरी त्यसको न्यूनीकरण र अनुकुलन का लागि स्थानीय स्तरमा गर्न सकिने कियाकलापहरु | **७** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | स्थानीय स्तरमा उपायहरु बताउन | • जलवायु परिवर्तनको प्रभाव न्यूनिकरण र अनुकुलताका लागि स्थानीय स्तरमा गर्न सकिने प्रयासहरू | अग्रजहरूसँग सोधखोज गर्ने/गराउने ।<br>• विद्यार्थीहरूलाई चित्र प्रदर्शन छलफल र श्रव्यदृश्यवाट हरित गृह ग्याँस र विश्वव्यापी तापक्रमका बारेमा जानकारी दिने ।<br>• वैकल्पिक ऊर्जाको प्रयोग, वृक्षरोपण, औद्योगिक ठोस फोहोरमैला व्यवस्थापन, आगलागी आदिको बारेमा न्यूनीकरण सँग सम्बन्धीत कुराहरुबारे छलफल गर्ने र परियोजना बनाउने ।<br>• वैकल्पिक ऊर्जाको प्रयोग भएको घरमा लगेर यसको फाइदा बारे प्रयोगकर्तासँग छलफल गर्ने र सम्भावित त्यस सम्बन्धीका संघसंस्थाहरुको भ्रमण गराउने वा स्थानीय विज्ञसँग छलफल गर्ने/गराउने । | समेटेर प्रतिवेदन तयार पार्न लगाई प्रस्तुत गर्न लगाउने । परियोजनाहरु तयार पारी प्रस्तुत गराउन परियोजनाहरु तयार पारी प्रस्तुत गराउने ।<br>• जलवायु परिवर्तन न्यूनीकरण र अनुकुलनका लागि स्थानीय सरकार तथा संघ संस्थाले गरेका कार्यहरु खोजी गरी बुँदागत रुपमा प्रस्तुत गर्न लगाउने ।<br>• बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |
| | **फोहोरमैला व्यवस्थापन** | • फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, व्यक्ति तथा संघ सस्थाको भूमिका तथा प्रक्रिया बताउन | • स्थानीय क्षेत्रमा फोहोर व्यवस्थापन व्यवस्थापनमा व्यक्ति, समुदाय तथा संघ संस्थाको भूमिका<br>• फोहोर व्यवस्थापनको प्रक्रिया | • विद्यालयमा दैनिक रुपमा निस्कने फोहोरलाई वर्गीकरण गरी व्यवस्थापनका प्रक्रियाहरु अवलम्बन गर्न लगाउने । जस्तैः कागजको फ्रेम बनाउन वा पुन अर्को कागज बनाउन सिकाउने, | • विद्यालयबाट निस्कने फोहोर व्यवस्थापनका लागि समुहगत रुपमा योजना तयार पार्न लगाई प्रस्तुति दिन लगाउने । | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | बोटल गार्डेनिङ्ग गर्न सिकाउने, कम्पोष्टिङ्ग गर्न लगाउने, करेसाबारी बनाउन लगाउने र त्यहाँ तरकारी पखमलेको पानीले सिंचाई गर्न लगाउने आदि ।<br>● फोहोर व्यवस्थापनका लागि विद्यार्थीहरुले आफ्नो घरमा के के गरिरहेका छन् भन्ने बारेमा पालैपालो सोधी व्यवस्थापनका चरणहरुबारे छलफल गरी निक्ष्कर्ष दिने । जस्तै: वर्गीकरण, करेसावारीमा हाल्ने आदि ।<br>● फोहोर व्यवस्थापनका चरण र प्रक्रियाहरुबारे स्थानीय विज्ञसँग छलफल गरी विद्यालयको फोहोर व्यवस्थापनमा लागू गर्ने ।<br>● स्थानीय स्तरमा फोहोर व्यवस्थापन गरिरहेको सरकारी, गैर सरकारी वा निजी संघसंस्थाहरुको भ्रमण गरी तिनीहरुले गरिरहेका कार्य तथा प्रक्रियाहरुबारे अन्तरक्रिया गर्ने । | ● विद्यालय हाताको सरसफाई गरी व्यवस्थापनका प्रक्रियाहरु संचालन गर्न लगाउने ।<br>● आफ्नो टोल, वडा वा नगरपालिकाले फोहोर व्यवस्थापन समबन्धी गरेका कार्यहरुबारे बुझेर बुँदागत रुपमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>● प्लाष्टिकजन्य तथा कागजहरुबाट विभिन्न सामग्रीहरु बनाउन लगाउने । | |
| **प्रकोप तथा विपद् व्यवस्थापन** | **प्रकोप तथा विपद्को पहिचान र बच्ने उपाय** | ● प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन योजना निर्माण गर्न | ● प्रकोप तथा विपद् व्यवस्थापन योजना निर्माण जस्तै: भुकम्प, वाढी, पहिरो जस्ता आउन अगाडि सुरक्षीत हुन गरिने तयारीका योजनाहरु | ● प्रााकृतिक प्रकोपबाट उत्पन्न हुनसक्ने विपद्हरुको बारेमा छलफल गरी त्यसबाट सुरक्षित रहन हामीले अपनाउनु पर्ने उपायहरुका बारेमा भिडीयो वा | ● विपद् व्यवस्थापनमा अल्पकालिन र दिर्घकालिन योजनाहरुबारे वर्णन गर्न लगाउने । | **२५** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ● सहरी सडक सुरक्षा योजना निर्माण गर्न | ● सहरी सडक सुरक्षा सम्बन्धी विभिन्न योजनाहरु तयार पार्ने तथा आवश्यक प्रविधि तथा विधिहरुको प्रयोग | पोष्टरहरु प्रदर्शन गर्ने, विज्ञसँग छलफल गर्ने, परामर्श लिने ।<br>● विज्ञको सुझावका आधारमा क्षति न्यूनीकरणका लागि तत्काल गनुपर्ने कार्यहरुको सूची तयार पारी सबैले देख्ने ठाउँमा टाँस्ने । जस्तैः विद्यालयमा हुँदा भूकम्प आएमा के गर्ने, हावाहुरी आउमा के गर्ने आदि ।<br>● प्रकोपको पूर्व तयारीका लागि आवश्यक आधारभूत सामग्रीहरुको बारेमा छलफल गरी सूची तयार पार्ने र ती सामानहरु प्रदर्शन गर्ने ।<br>● प्रकोप व्यवस्थापनको अल्पकालिन र दिर्घकालिन योजनाबारे छलफल गरी योजना निर्माण र त्यसको अभ्यास गर्ने ।<br>● सहरी सडक सुरक्षा सम्बन्धी भिडीयो वा पोष्टरहरु प्रदर्शन गर्ने ।<br>● प्रहरी वा विज्ञको सहयोगमा स्थानीय सडकहरुको अवस्था र चापलाई ध्यान दिई उक्त सडकलाई सुरक्षित बनाउन हामीले गर्न सक्ने उपायहरुको | ● समुहगत रुपमा विद्यालयको विपद् योजना सामग्री बनाई प्रस्तुत गर्न लगाउने ।<br>● भूकम्पको बेला हामीले सुरक्षित रहन गर्न सकिने कार्यहरुको बारेमा प्रस्तुती दिन लगाउने ।<br>● स्थानीय सडक सुरक्षा सम्बन्धी योजना बनाई प्रस्तुत गर्न लगाउने ।<br>● समुहगत रुपमा जनचेतनामुलक सामग्रीहरु समुदायमा प्रस्तुत गर्न लगाउने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | बारेमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्ने ।<br>● सडक सुरक्षा सम्बन्धी स्थानीय क्षेत्रमा चेतनामुलक कार्यक्रमहरु संचालन गर्ने । जस्तैः नाटक, बक्तित्वकला, फोटो प्रदर्शनी आदि । | | |
| **धार्मिक, सांस्कृतिक, ऐतिहासिक र भाषिक सम्पदा** | **स्थानीय सम्पदाहरुको संरक्षण** | ● स्थानीय सम्पदाहरुको संरक्षण र व्यस्थापन गर्न<br>● विभिन्न परम्परागत बाजाहरुको संरक्षण र प्रवर्धन गर्न | ● स्थानीय, साँस्कृतिक, ऐतिहासिकतथा पुरातात्विक सम्पदाहरुको संरक्षण, व्यवस्थापनको योजना<br>● परम्परागत बाजाहरुको संरक्षणका तरिकाहरु | ● स्थानीय साँस्कृतिक ऐतिहासिक, पुरातात्विक तथा धार्मिक मठ मन्दिर, गुम्बा,चर्च, मस्जिद तथा काठमाण्डौ उपत्यकाको विश्व सम्पदा सूचिमा परेका क्षेत्रहरुको संरक्षण र प्रवर्धनका लागि हामीले गर्नुपर्ने कार्यहरुको बारेमा छलफल गरी बुदाँगत रुपमा प्रस्तुत गर्ने ।<br>● स्थानीय सम्पदाहरुको संरक्षणमा विद्यार्थी, स्थानीय तथा संरक्षणकर्मीहरुको भूमिका विषयमा अन्तरक्रिया गरी निष्कर्ष दिने । यसमा स्थानीय नगरपालिका, गुठी, विभिन्न धार्मिक तथा साँस्कृतिक समुहहरु, स्थानीय विज्ञ आदिलाइ्र समावेस गर्नुपर्दछ ।<br>● विभिन्न बाजाहरुको संरक्षण, मर्मत संभार एवम् प्रवर्द्धन गर्न | ● विभिन्न स्थानीय स्तरका ऐतिहासिक एवम पुरातात्विक स्थानहरुको अध्ययन अवलोकन गरी सचित्र परियोजना तयार पारी प्रस्तुत गर्न लगाउने ।<br>● स्थानीय बाजाहरु सम्पदाहरुको संरक्षण तथा प्रर्वद्धन गर्न अन्य निर्माण भएको कुनै दीर्घकालीन तथा अल्पकालिन योजनाहरु बनाई प्रस्तुत गर्न लगाउने ।<br>● सम्पदा संरक्षण सम्बन्धीका कार्यहरुमा सहभागी गराउने, विभिन्न प्रतियोगीताहरुको आयोजना गरी भाग लिन लगाउने । | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | स्थानीय संस्कृतिकर्मीहरुको सहयोगमा योजना निर्माण गरी प्रस्तुत गर्ने र त्यसबारेमा समुदायमा समेत सुसुचित गर्ने । जस्तैः डम्फु, धिमे, पुन्हे, ढ्याङग्रो आदि ।<br>● विभिन्न मेला, जात्रा, पर्व तथा विद्यालयमा हुने कार्यक्रमहरुमा परम्परागत बाजाहरु बजाउन प्रेरित गर्ने बजाउन लगाउने । | ● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |
| **सामाजिक मुल्य मान्यता र सकारात्मक व्यवहार** | **सामाजिक कुरितीहरु** | ● सामाजिक विभेद र कुरीति सम्बन्धि कानूनी प्रावधान बताउन<br>● सामाजिक कुरितीहरु विरुद्ध स्थानीय क्षेत्रमा गर्न सकिने कार्यक्रमहरु (घरदैलो, सचेतना, पोष्टरिङ्ग, -याली, सडक नाटक आदि) संचालन गर्न | ● बाल विवाह, बहु विवाह आर्थिक विभेद - धनी गरीबको भिन्नता), लैङ्गीक विभेद, जातिय विभेद सामाजिक विभेद कानूनी प्रावधान, शारिरीक तथा मानसिक परिपक्कताको उमेर<br>● बाल विवाह, बहु विवाह, आर्थिक विभेद - धनी गरीबको भिन्नता), लैङ्गीक विभेद, जातिय विभेद तथा सामाजिक विभेदको न्यूनिकरण विरुद्ध स्थानीय क्षेत्रमा गर्न सकिने कार्यक्रमहरु | ● बिभिन्न विभेद, तथा कानूनी प्रावधान, शारिरीक तथा मानसिक परिपक्कता सम्बन्धि डकुमेन्ट्री ⁄पोष्टर देखाउने, विषयगत विज्ञहरुसँग छलफल अन्तरक्रिया गराउने, बुँदा टिपोट गराउने ।<br>● स्थानीय विज्ञको सहयोगमा विभेद सम्बन्धी कानुनमा भएका प्रावधानहरु त्था बाल अधिकार सम्बन्धी जानकारी दिने ।<br>● सामाजिक विभेद तथा कुरिती विरुद्ध हामीले गर्नुपर्ने कार्यहरुको बारेमा छलफल गरी बुँदागत रुपमा⁄स्तुत गर्ने । | ● बिभिन्न विभेद, तथा कानूनी प्रावधानका बारेमा प्रश्नोत्तर छलफल गराउने ।<br>● सामाजिक कुरितीहरुको असर र न्युनिकरणबारे संवाद लेख्न लगाउने र प्रतिवेदन र नाटक प्रस्तुतिकरण गर्न लगाउने ।<br>● कुरितीहरु विरुद्ध सचेतना हुने गरी विद्यार्थीहरुबाट नाटक देखाउन लगाउने । | **१५** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **सामाजिक संस्थाहरु** | • टोल, वडा, संघ संस्थाका कामबारे जानकार हुन<br>• वातावरण संरक्षणमा व्यक्ति र समाजको भूमिका बताउन | • टोल, वडा, संघ संस्था प्रति जानकारी, नीति नियम, आचारसंहिता, जनचेतना<br>• वातावरण संरक्षणमा व्यक्ति र समाजको भूमिका | • टोल, वडाका कार्यक्रममा पर्यवेक्षकको रुपमा सामेल गराई अन्तरक्रिया गराउने ।<br>• विभिन्न टोल, वडा, संघ संस्थाका कार्यालयहरुको अवलोकन भ्रमण गराई तिनीहरुले गर्ने काम, कर्तव्य र भूमिकाबारे जानकारी लिने ।<br>• विषय विज्ञबाट प्रस्तुतिकरण र अन्तरक्रिया गर्ने ।<br>• स्थानीय संरक्षण, प्रवर्धन अभियन्ता र उसले गरेका राम्रा कामहरुको बारेमा चर्चा गर्ने । | • बिभिन्न विभेद र सामाजिक कुरितीहरुको नियन्त्रण र न्युनिकरणबारे टोल, वडा, संघ संस्थाको महत्वबारे लेख्न लगाउने ।<br>• आफ्नो टोल, वडा नगरपालिका क्षेत्रमा काम गर्ने कुनै एक अभियन्ताकोबारेमा लेखी प्रस्तुतीकरण गर्न लगाउने । | १० |
| **स्थानीय पेशा, व्यवसाय र आर्थिक क्रियाकलाप** | **कृषि** | • कृषिको महत्व र आर्थिक योगदान बारे बताउन | • तरकारीबाली, पशुपालन, कौषि खेति, पुष्प खेतिको महत्व र योगदान | • नजिकको पायक पर्ने कृषि फर्ममा अध्ययन भ्रमण गराउने ।<br>• स्थानीय कृषि ब्यावसायीहरु संग कृषिको महत्वबारे प्रत्यक्ष अन्तरक्रिया गराउने ।<br>• कृषिबाट देशलाइ पुगेको आर्थिक योगदानबारे विज्ञसँग अन्तरक्रिया गर्ने र बुँदागत रुपमा प्रस्तुत गर्ने । | • अध्ययन भ्रमणका आधारमा समुहगत रुपमा कृषिको महत्व र योगदानबारे परियोजना कार्य तयार गर्न र प्रस्तुत गर्न लगाउने ।<br>• तरकारी खेतीको महत्वबारे बुँदागत रुपमा लेखी प्रस्तुत गर्न लगाउने । | ९ |
| | **ब्यापार** | • ब्यापारको महत्व र योगदान बारे बताउन | • पसल व्यवसाय, होटल व्यवसाय, इ व्यवसायको महत्व र योगदान | • स्थानीय ब्यापारिक क्षेत्रमा अध्ययन भ्रमण गराई व्यापार व्यवसायले परिवार र समाजमा | • आफू बसोबास गर्ने टोलमा भएको कुनै एक व्यवसायीसँग छलफल गरी उक्त व्यापार, व्यवसायका | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | पार्ने सकरात्मक प्रभावका बारेमा छलफल गर्ने ।<br>● स्थानीय व्यापार/व्यवसायीसँग अन्तरक्रिया गराउने । | फाईदा तथा चुनौतिहरु पत्ता लगाई प्रतिवेदन तयार पार्न लगाउने ।<br>● बहुबैकल्पिक प्रश्नहरु गर्ने । | |
| | **उद्योग** | ● स्थानीय उद्योगको आर्थिक योगदान बारे बताउन | ● स्थानीय साना तथा घरेलु, मझौला र ठूला उद्योग, बित्तिय सँस्थाहरुको योगदान | ● स्थानीय उद्योगका  योगदान बुझ्न बिभिन्न उद्योग व्यवसायी संग भेट, अन्तक्रिया गर्ने/गराउने ।<br>● स्थानीय कुनै वित्तीय संस्थाका प्रतिनीधिसँग भेट गराई वित्तीय संस्थाको आवश्यकता र महत्वबारे छलफल गर्ने ।<br>● सहकारी अवधारणा र बचत सम्बन्धी अभिमुखीकरण गर्ने । | ● स्थानीय उद्योगको सामाजिक। आर्थिक, भौगोलिक विकासमा हुने योगदानबारे चर्चा गर्न लगाउने ।<br>● बचत गर्ने बानीको बिकासबाट हुने फाईदाहरुबारे बुँदागत रुपमा लेखी प्रस्तुत गर्न लगाउने । | ८ |
| | **पर्यटन** | ● पर्यटकीय क्षेत्रको संरक्षण र प्रबर्द्धन बारे बताउन | ● मन्दिर, गुम्बा, निकुन्ज, झरना, भ्रमण क्षेत्रको संरक्षण र प्रबर्द्धन | ● पर्यटकिय क्षेत्रको संरक्षण र प्रबर्द्धनको लागि गर्नुपर्ने क्रियाकलापबारे छलफल गर्ने ।<br>● स्थानीय सम्बन्धीत निकाय र समितिहरु सँग समन्वय गराई स्थानीय पर्यटकीय क्षेत्रहरुमा संरक्षण सम्बन्धी भईरहेका कार्यहरुबारे अन्तक्रिया गराउने ।<br>● स्थानीय पर्यटकीय क्षेत्रहरुको संरक्षणमा विद्यार्थीहरुको | ● पर्यटकिय क्षेत्रहरुको संरक्षण र प्रबर्द्धनका लागि गर्नुपर्ने कार्यहरको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● नजिकको पर्यटकीय क्षेत्रको सरसफाईमा सहभागी गराई फोहोर व्यवस्थापन गर्न लगाउने ।<br>● आफ्नो घर वा विदालय नजिक भएको कुनै एक | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | भूमिकाबारे छलफल गरी बुँदागत रुपमा निचोड प्रस्तुत गर्ने । | पर्यटकीय क्षेत्रको संरक्षण योजना तयार पारी प्रस्तुत गर्न लगाउने । | |
| **खेलकुद र शारिरीक सुस्वास्थ्य** | **योग, ध्यानको परिचय** | • योग ध्यानलाई दैनिक जीवनमा प्रयोग गर्न | • प्रत्येक दिन बिहान र बेलुका सूक्ष्म व्यायाम प्रणयाम तथा योग को अभ्यास | • दैनिक अभ्यासको तालिका बनाउन लगाउने र कुनै प्रसिद्ध व्यक्तिहरुले बनाएको नमूना प्रदर्शन गर्ने र त्यसै अनुरुप दैनिक अभ्यास गर्ने ।<br>• योग ध्यानको फाईदाबारे छलफल गर्ने ।<br>• विद्यालयमा सामुहिक योग अभ्यासको आयोजना गर्ने । | • आफ्नो योग अभ्यासको सूची बनाइ तालिका अनुसार अभ्यास गर्न लगाउने ।<br>• योग ध्यानको फाईदाबारे बुँदागत रुपमा लेखी प्रस्तुत गर्न लगाउने । | **१५** |

## ८. स्थानीय पाठ्यक्रमको पाठ्यघण्टी र अङ्क विभाजन तालिका

### कक्षा १-५

| क्र.स. | क्षेत्र/एकाई | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पाठ्यघण्टी | अङ्कभार | पाठ्यघण्टी | अङ्कभार | पाठ्यघण्टी | अङ्कभार | पाठ्यघण्टी | अङ्कभार | पाठ्यघण्टी | अङ्कभार |
| १. | स्थानीय वातावरण र जैविक विविधता | ३५ | २७ | ३५ | २७ | ३५ | २७ | ३५ | २७ | ३५ | २७ |
| २. | प्रकोप तथा विपद् व्यवस्थापन | १० | ८ | १० | ८ | १० | ८ | १० | ८ | १० | ८ |
| ३. | धार्मिक, साँस्कृतिक, ऐतिहासिक र भाषिक सम्पदा | २८ | २२ | २८ | २२ | २८ | २२ | २८ | २२ | २८ | २२ |
| ४. | सामाजिक मूल्यमान्यता र सकरात्मक व्यवहार | २० | १५ | २० | १५ | २० | १५ | २० | १५ | २० | १५ |
| ५. | स्थानीय पेशा, व्यवसाय र आर्थिक क्रियाकलाप | २५ | २० | २५ | २० | २५ | २० | २५ | २० | २५ | २० |
| ६. | खेलकुद र शारिरीक सुस्वास्थ्य | १० | ८ | १० | ८ | १० | ८ | १० | ८ | १० | ८ |
| | | **१२८** | **१००** | **१२८** | **१००** | **१२८** | **१००** | **१२८** | **१००** | **१२८** | **१००** |

### कक्षा ६-८

| क्र.स. | क्षेत्र/एकाई | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|---|
| | | पाठ्यघण्टी | अङ्कभार | पाठ्यघण्टी | अङ्कभार | पाठ्यघण्टी | अङ्कभार |
| १. | स्थानीय वातावरण र जैविक विविधता | ४५ | २७ | ४५ | २७ | ४५ | २७ |
| २. | प्रकोप तथा विपद् व्यवस्थापन | २५ | १४ | २५ | १४ | २५ | १४ |
| ३. | धार्मिक, साँस्कृतिक, ऐतिहासिक र भाषिक सम्पदा | ३० | १७ | ३० | १७ | ३० | १७ |
| ४. | सामाजिक मूल्यमान्यता र सकरात्मक व्यवहार | २५ | १४ | २५ | १४ | २५ | १४ |
| ५. | स्थानीय पेशा, व्यवसाय र आर्थिक क्रियाकलाप | ३५ | २० | ३५ | २० | ३५ | २० |
| ६. | खेलकुद र शारिरीक सुस्वास्थ्य | १५ | ८ | १५ | ८ | १५ | ८ |
| | | **१७५** | **१००** | **१७५** | **१००** | **१७५** | **१००** |

## ९. सिकाई सहजिकरण प्रक्रिया

यस पाठ्यक्रमलाई विद्यालयमा विद्यार्थीहरूबीच प्रभावकारी सहजीकरण गर्न देहायका विधिहरू सान्दर्भिक हुनेछन् :

क) छलफल विधि

ख) प्रश्नोत्तर विधि

ग) अवलोकन विधि

घ) क्षेत्र भ्रमण विधि

ङ) प्रदर्शन विधि

च) खेल विधि

छ) खोज विधि

ज) अनुसन्धान विधि

झ) समस्या समाधान विधि

ञ) अभ्यास विधि

ट) जिक्सअ बिधि

## १०. विद्यार्थी मूल्याङ्कन

१. प्राथमिक तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गरिने भएकोले यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा पनि यसलाई अनुशरण गरिने छ ।

२. स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले गरेर, अवलोकन गरेर सिक्ने भएकोले नियमित सहभागीता,हौसला प्रदान गर्ने र प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गरिने छ ।

३. प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) फाईल रहनेछ र त्यसभित्र विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धी परीक्षा, व्यवहारिक परिवर्तन, अवलोकन, हाजिरी, सामुहिक कार्यमा सक्रियताका अभिलेख रहनेछ र त्यस आधारमा मूल्याङ्कन गरिने छ ।

४. कक्षा १-३ मा निरन्तर मूल्याङ्कन पद्धतीका आधारमा कक्षोन्नति गरिने छ । यसका लागि निरन्तर मूल्याङ्कन पद्धतिको अनुसूची १ र २ फारम प्रयोगमा ल्यायनुपर्नेछ । 'क' देखि 'ग' श्रेणीलाई आधार लिईने छ ।

५. कक्षा ४-५ मा ५०% निर्णयात्मक (बार्षिक परीक्षा) र ५०% निर्माणात्मक पद्धतिबाट विद्यार्थीको लेखाजोखा गरिने छ । निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा बिद्यार्थीलाई कक्षोन्नति गरिने छ । लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ४० % हुनेछ र छुट्टै उत्तीर्ण हुनुपर्नेछ ।

६. निर्माणात्मक मूल्याङ्कनमा औसत उपलब्धी हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका हकमा सम्बन्धित अभिभावक, कक्षा वा विषय शिक्षक, र प्र. अ. को निर्णयबाट कक्षोन्नति गरिनेछ ।

७. कक्षा ६ र ७ मा ६०% निर्णयात्मक (बार्षिक परीक्षा) र ४०% निर्माणात्मक तथा निरन्तर मूल्याङ्कन पद्धतिबाट विद्यार्थीको लेखाजोखा गरिने छ । निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा बिद्यार्थीलाई कक्षोन्नति गरिने छ । लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ४० % हुनेछ ।

८. कक्षा ८ मा ७५% निर्णयात्मक (बार्षिक परीक्षा) र २५% प्रयोगात्मक/निर्माणात्मक पद्धतिबाट विद्यार्थीको लेखाजोखा गरिने छ । निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा बिद्यार्थीलाई कक्षोन्नति गरिने छ । लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ४० % हुनेछ र प्रयोगात्मकमा छुट्टै उत्तीर्ण हुनुपर्नेछ ।

## ११. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयन गर्न शिक्षकको भूमिका महत्वपूर्ण हुनेछ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अबलम्बन गरिनेछ । समुदायका बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय, क्षेत्रमा जानीफकार व्यक्तिहरू स्रोतव्यक्तिको रूपमा रहनेछन् । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यता अनुसार स्थानीय भाषा वा अंग्रेजी माध्यम समेत अवलम्बन गर्न सक्नेछन् । विषय क्षेत्रमा आबद्ध गाउँपालिका/नगरपालिका एवम् जिल्लाका विवरणहरू सङ्कलन गरी पठनपाठनमा प्रयोग गरिने छ । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइनेछ । विद्यार्थीहरूको समुहकार्य, अन्तरक्रियालाई जोड दिइनेछ ।

## १२. समय निर्धारण

प्राथमिक शिक्षा पाठ्यक्रम (कक्षा १-५) २०६२ (परिमार्जन २०६५) अनुसार स्थानीय विषयको साप्ताहिक पाठ्यभार ४ घण्टी हुनेछ जसमा १२८ घण्टी दिइएको छ । त्यसैगरी आधारभूत शिक्षा (कक्षा ६-८)

पाठ्यक्रम २०६९ का अनुसारस्थानीय विषय वा संस्कृत विषयको साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्क कायम गरी १७५ पाठ्यघण्टी दिईएको छ । प्रत्येक शैक्षिक सत्र बैशाखदेखि सुरु भएर चैत्र मसान्तसम्म कायम रहने व्यवस्था शिक्षा नियमावली २०५९ (छैटौँ संसोधन) मा उल्लेख छ । प्रचलित शिक्षा ऐन र नियमावली बमोजिम प्रत्येक शैक्षिक सत्रमा २२० दिन विद्यालय खुल्नेछ र १९२ दिन पठनपाठन हुने भएकोले यस पाठ्यक्रमको वार्षिक पाठ्यभार कक्षा १-५ मा १२८ घण्टी र कक्षा ६-८ मा १७५ घण्टी हुनेछ । प्रत्येक घण्टी ४५ मिनेटको हुनेछ । पाठ्यांश अनुसार विद्यार्थीहरूलाई अध्ययन/अवलोकन भ्रमण/प्रयोगात्मक क्रियाकलापलाई पनि अध्ययन अवधिमा मिलान गरिने छ ।

### १३. पाठ्यक्रम परिमार्जन

समय परिर्वतनशील छ । सो अनुसार सामाजिक इच्छा, आकाङ्क्षा र आवश्यकताहरू पनि बढ्छन् । ती आवश्यकताहरू शैक्षिक पाठ्यांशमा समावेश हुनुपर्दछ, जसले विद्यार्थीहरूको ज्ञान, सीप र व्यवहारमा सकरात्मक परिवर्तन ल्याउन सकोस । यसै अनुरूप यो पाठ्यक्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्न पनि परिमार्जन हुनेछ। यस क्षेत्रका प्राकृतिक, सामाजिक, साँस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको सकारात्मक सर्न्दभहरूको खोज, अनुसन्धान र गहिरो अध्ययन गरिनेछ र प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ ।